विविधता युक्त गाउँशहर, समृद्ध मेरो व्यास नगर

## व्यास नगरपालिका

# आवधिक नगर विकास योजना

(आ.व. २०७८/७९-२०८०/८१)



## व्यास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

दमौली, तनहूँ

गण्डकी प्रदेश, नेपाल

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमौली, तनहूँ
### गण्डकी प्रदेश, नेपाल

**नगर प्रमुखको सन्देश**

व्यास नगरपालिकाले प्रथम आवधिक योजना (२०७८/७९–२०८०/८१) नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको मर्म र भावना, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले प्रधान गरेका जिम्मेवारी, नेपाल सरकारले तय गरेका दीर्घकालीन लक्ष्य **"समृद्ध नेपाल, सुखी नेपाली"** विक्रम सम्वत् २१०० का सूचकसहितको पन्ध्रौं पञ्चवर्षीय योजना, गण्डकी प्रदेश सरकारको **"समृद्ध प्रदेश, सुखी नागरिक"** को दीर्घकालीन सोच, अन्तर्राष्ट्रिय स्तरमा नेपालले जनाएका प्रतिबद्धता, दिगो विकास लक्ष्य, नेपाल पक्ष भएका अन्य अन्तर्राष्ट्रिय सन्धि सम्झौता, नागरिकका विकास चाहना, जनप्रतिनिधि, कर्मचारीहरु तथा विभिन्न सरोकारवालाले दिएका सुझाव र नगरपालिकाले विगत वर्षमा लिएका नीति तथा कार्यक्रमको निरन्तरता समेतलाई आधार मानी मानेर तयार गरेको छ । यसमा दीर्घकालीन सोच सोहि अनुरुप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ ।

यस आवधिक योजना तर्जुमा प्रक्रियामा सहभागी भई योगदान पुयाउनु हुने उपप्रमुख मिरा जोशी, वडाध्यक्ष्य, कार्यपालिकाका सदस्य, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगर सभाका सदस्य, शिक्षक, बुद्धिजिवी एवं निजी क्षेत्र र सहकारी क्षेत्र, विभिन्न संघसंस्थाहरू प्रति आभार व्यक्त गर्दछु । यसैगरी यस आवधिक योजना तर्जुमामा प्रोत्साहन गरी योगदान पुयाउनु हुने उपाध्यक्ष डा.गिरीधारी पौडेल लगायत प्रदेश नीति तथा योजना आयोग प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । आवधिक योजना तर्जुमामा महत्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल, विषयगत समितिका सदस्यहरू र शाखा प्रमुख एवम् सबै कर्मचारीहरू प्रति धन्यबाद व्यक्त गर्दछु ।

यस योजना तर्जुमा कार्यमा सल्लाहकारको रुपमा योगदान गर्नु हुने राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल र जिविस महासंघका पूर्व कार्यकारी महासचिव डा..शेषरमण न्यौपाने, बिज्ञहरु श्री मनिरामसिंह महत र श्री प्रमोद भट्टराई प्रति विशेष धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, व्यास नगरपालिकाको यस आवधिक योजना कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको साथ सहयोग रहने अपेक्षा गर्दछु ।

..................
**वैकुण्ठ न्यौपाने**
प्रमुख

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमौली, तनहूँ
### गण्डकी प्रदेश, नेपाल

**नगर उपप्रमुखको सन्देश**

नगरपालिकाको विकास र समृद्धिको लागि सहभागितात्मक प्रक्रियाबाट आवधिक नगर विकास योजना तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा गौरवको अनुभूति भएको छ । योजना तर्जुमा गर्दा संविधान र स्थानीय सरकार सञ्चालन ऐनलाई मूल आधारको रुपमा लिइएको छ । योजना तर्जुमामा राष्टिय योजना आयोगबाट तयार गरिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ द्वारा निर्दिष्ट प्रकृया अवलम्बन गरिएको छ ।

व्यास नगरपालिकाले **"विविधता युक्त गाउँशहर समृद्ध मेरो व्यास नगर"** भन्ने दीर्घकालिन सोच सहित आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्मकालागि यो आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

आवधिक योजना तर्जुमा चरणमा सक्रिय रुपमा सहभागी भई सुझाव र योगदान दिनु हुने सम्पूर्ण नगर कार्यपालिका पदाधिकारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरू, नगर सभाका सदस्य, शिक्षक वुद्धिजिवी, गैरसरकारी, निजी तथा सहकारी क्षेत्र एवं विभिन्न संघसंस्थाका प्रतिनिधिहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु । यसैगरी, आवधिक योजना तर्जुमामा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, परामर्शदाता लगायत नगरपालिकाका सबै कर्मचारी प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

अन्त्यमा, यस योजनाको कार्यन्वयनमा सबै नगरवासीको सहयोग प्राप्त भई योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्य प्राप्त हुने अपेक्षा गर्दछु ।

...............

**मिरा जोशी**

उपप्रमुख

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### दमौली, तनहुँ
### गण्डकी प्रदेश, नेपाल

**प्रमुख प्रशासकीय अधिकृतको मन्तव्य**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैको सिलसिलामा व्यास नगरपालिकाले गण्डकी प्रदेश स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७७ लाई आधारमा तीन वर्षे आवधिक नगर विकास योजना तयार गरको छ ।

यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि नगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुती  आवश्यक थियो जुन यस आवधिक योजनाले पुरा गर्नेछ ।

नरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र नगरपालिकाका समग्र सरोकारवालाको सहभागितामा नगरपालिकाको समग्र विकासको लागि यो आवधिक नगर विकास योजना तयार गरिएको हो । यस आवधिक नगर विकास योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छ । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र गर्नुपर्ने कार्यहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले नगरपालिकाका हालको नेतृत्व तथा भावि जनप्रतिनिधिहरूलाई समेत मार्गदर्शन गरी नगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छ ।

अन्त्यमा, व्यास नगरपालिकाको यस आवधिक नगर विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग गर्ने परामर्शदाता रिसर्च एजेन्सी फर फेडरल एण्ड लोकल डेभलपमेन्ट प्रा.लि र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरूको परिश्रम र योगदानको उच्च कदर गर्दछु । यसका अतिरिक्त प्रदेश नीति तथा योजना आयोग, सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरू तथा वडा कार्यालयहरूले पुऱ्याउनु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु । नगरपालिकाका सल्लाहकारज्यूहरूले पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै उहाँहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै यो आवधिक नगर विकास योजनाको कार्यान्वयन हुने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

.......................

**डिल्लीराम सिग्देल**

प्रमुख प्रशासकीय अधिकृत

# विषय सूची

### परिच्छेद १: प्रारम्भिक


१.१ पृष्ठभूमि ........ १
१.२ आवधिक योजना निर्माणको आधार ........ १
१.३ प्रथम नगर आवधिक नगर विकास योजनाका निर्देशक सिद्धान्त ........ १
१.४ दिगो विकास लक्ष्यसँगको सम्बन्ध ........ २
१.५ नेपाल सरकारको पन्धौं योजनासँगको सम्बन्ध ........ २
१.६ योजना निर्माण चरण, प्रक्रिया तथा विधि ........ ३
१.७ जोखिम पक्ष ........ ४
१.८ नगरपालिकाको संक्षिप्त परिचय ........ ५


### परिच्छेद २: दीर्घकालीन सोच, लक्ष, उद्देश्य र परिमाणात्मक लक्ष


२.१ पृष्ठभूमि ........ ७
२.२ सवल पक्ष, कमजोर पक्ष, सम्भावना र चुनौती विश्लेषण (SWOT Analysis) ........ ७
२.३ नगर समृद्धिका प्रमुख वाहकहरू (Lead Sectors/Key Drivers of Prosperity) ........ ८
२.३.१ आधुनिक अर्गानिक कृषि तथा पशुपालन ........ ८
२.३.२ पर्यटन ........ ८
२.३.३ सूचना प्रविधिमा आधारित प्राविधिक शिक्षा ........ ९
२.३.४ नगर समृद्धिका सहयोगी क्षेत्रहरू ........ ९
२.४ दिर्घकालिन सोच (Vision of City) ........ १०
२.५ आवधिक योजना समष्टिगत लक्ष ........ १०
२.६ विषय क्षेत्रगत वृहत उद्देश्य ........ १०
२.७ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी ........ ११
२.८ परिमाणात्मक लक्ष्य ........ १२


### परिच्छेद- ३ आर्थिक विकास योजना


३.१ कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षा ........ २०
३.२ उद्योग, व्यापार, व्यवसाय तथा खनिज ........ २३
३.३ पर्यटन ........ २५
३.४ सहकारी तथा वित्तीय क्षेत्र ........ २७
३.५ श्रम तथा रोजगार (वैदेशिक रोजगारी) ........ २९


### परिच्छेद ४: सामाजिक विकास योजना


४.१ शिक्षा तथा सीप विकास ........ ३२
४.२ स्वास्थ्य तथा पोषण ........ ३५
५.३ खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन ........ ३७
५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ........ ३९
५.५ भाषा, साहित्य र संस्कृति ........ ४१
५.६ युवा तथा खेलकुद ........ ४३


### परिच्छेद ६: भौतिक पूर्वाधार विकास योजना


६.१ सडक सञ्जाल र यातायात व्यवस्थापन ........ ४६
६.२ सिंचाई ........ ४८
६.३ आवास, भवन तथा शहरी विकास ........ ५०
६.४ विद्युत तथा नवीकरणीय उर्जा ........ ५२
६.५ सूचना र संचार ........ ५४

## परिच्छेद ७ वन, वातावरण तथा विपद् विकास योजना


७.१ वन, भूसंरक्षण तथा जैविक विविधता ........ ५६
७.२ वातावरण संरक्षण र जलवायु परिर्वतन अनुकूलन ........ ५८
७.३ विपद् व्यवस्थापन ........ ६०


## परिच्छेद ८ सुशासन तथा संस्थागत विकास योजना


८.१ सेवा प्रवाह र सुशासन ........ ६२
८.२ मानव संशाधन र संस्थागत क्षमता विकास ........ ६४
८.३ नगरपालिका तथ्याङ्क प्रणाली ........ ६६


## परिच्छेद ९ अन्तर सम्बन्धित विषय


९.१ गरिबी न्यूनीकरण ........ ६८
९.२ मानव अधिकार ........ ६९
९.३ सन्तुलित विकास ........ ७१
९.४.वित्तीय सुशासन ........ ७२
९.५ कोभिड-१९ व्यवस्थापन तथा नवउत्थान ........ ७३


## परिच्छेद १० योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन


१०.१ योजना तर्जुमा र कार्यान्वयन ........ ७६
१०.२ आयोजना बैंक ........ ७७
१०.३ अनुगमन तथा मूल्याङ्न ........ ७९


## परिच्छेद ११ लागत तथा स्रोत अनुमान


११.१ वित्तीय स्रोत परिचालनको आधार ........ ८१
११.२ राजस्व परिचालनको अवस्था ........ ८१
११.३ खर्चको अवस्था विश्लेषण ........ ८२
११.४ लागत अनुमान ........ ८२
११.५ अपुग स्रोत व्यवस्थापन ........ ८४
११.६ वित्तीय स्रोत परिचालनको अनुमान ........ ८४


## परिच्छेद १२ नतिजा खाका


१२.१ तर्कवद्ध नतिजा खाका ........ १३६
१२.२ विस्तृत कार्यक्रम तथा बजेट विवरण ........ १३८


## अनुसूचीहरू


अनुसूची १ एकीकृत कार्यमूलक योजना, २०५५ को समीक्षा ........ १३६
अनुसूची २ आवधिक नगर विकास योजना, २०६८ को समीक्षा ........ १३८
अनुसूची ३ वडास्तरीय छलफलमा पहिचान भएका कृषि, पयर्टन र शिक्षा क्षेत्रका सम्भावनाहरू ........ १४०
अनुसूची ४: आवधिक नगर विकास योजना तर्जुमा क्रममा भएको छलफल एवं वैठकहरू ........ १४६
अनुसूची ५: कार्यक्रम तथा कार्यशाला गोष्ठीका केही झलकहरू ........ १५०

## तालिका सूचि


तालिका १: आवधिक योजनाको परिमाणत्मक लक्ष्य ........ १२
तालिका २: कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षाको रणनीति तथा कार्यनीतिहरू ........ २१
तालिका ३: उद्योग, व्यापार, व्यवसाय तथा खनिजको रणनीति तथा कार्यनीतिहरू ........ २४
तालिका ४: पर्यटन तथा संस्कृतिको रणनीति तथा कार्यनीतिहरू ........ २६
तालिका ५: सहकारी तथा वित्तीय क्षेत्रको रणनीति तथा कार्यनीतिहरू ........ २८
तालिका ६: श्रम तथा रोजगारको रणनीति तथा कार्यनीतिहरू ........ ३०
तालिका ७: शिक्षा तथा सीप विकास को रणनीति तथा कार्यनीतिहरू ........ ३३
तालिका ८: खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू ........ ३८
तालिका ९: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति तथा कार्यनीतिहरू ........ ४१
तालिका १०: भाषा, साहित्य र संस्कृतिको रणनीति तथा कार्यनीतिहरू ........ ४२
तालिका ११: युवा तथा खेलकुदको रणनीति तथा कार्यनीतिहरू ........ ४४
तालिका १२: सडक सञ्जाल र यातायात व्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू ........ ४७
तालिका १३: सिंचाईको रणनीति तथा कार्यनीतिहरू ........ ४९
तालिका १४: आवास, भवन तथा शहरी विकासको रणनीति तथा कार्यनीतिहरू ........ ५१
तालिका १५: विद्युत तथा नवीकरणीय उर्जाको रणनीति तथा कार्यनीतिहरू ........ ५३
तालिका १६: सूचना र संचारको रणनीति तथा कार्यनीतिहरू ........ ५४
तालिका १७: वन, भूसंरक्षण तथा जैविक विविधताको रणनीति तथा कार्यनीतिहरू ........ ५७
तालिका १८: जलवायु परिर्वतनको प्रभाव न्यूनीकरण तथा अनुकूलनको रणनीति तथा कार्यनीतिहरू ........ ५९
तालिका १९: विपद् व्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू ........ ६०
तालिका २०: सेवा प्रवाह र सुशासनको रणनीति तथा कार्यनीतिहरू ........ ६३
तालिका २१: मानव संशाधन र संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीतिहरू ........ ६५
तालिका २२: नगरपालिका तथ्याङ्क प्रणालीको रणनीति तथा कार्यनीतिहरू ........ ६६
तालिका २३: गरिबी न्यूनिकरणको रणनीति तथा कार्यनीतिहरू ........ ६८
तालिका २४: मानव अधिकारको रणनीति तथा कार्यनीतिहरू ........ ७०
तालिका २५: सन्तुलित विकासको रणनीति तथा कार्यनीतिहरू ........ ७१
तालिका २६: वित्तीय सुशासनको रणनीति तथा कार्यनीतिहरू ........ ७३
तालिका २७: वित्तीय सुशासनको रणनीति तथा कार्यनीतिहरू ........ ७४
तालिका २८: नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी रणनीति तथा कार्यनीतिहरू ........ ७६
तालिका २९: आयोजना बैंकको रणनीति तथा कार्यनीतिहरू ........ ७८
तालिका ३०: अनुगमन तथा मूल्याङ्कनको रणनीति तथा कार्यनीतिहरू ........ ७९
तालिका ३१: राजस्व परिचालनको अवस्था ........ ८२
तालिका ३२: नगरपालिकाको खर्चको अवस्था विश्लेषण ........ ८२
तालिका ३३: आवधिक योजनाको क्षेत्रगत लागत अनुमान ........ ८३
तालिका ३४: अपुग स्रोत व्यवस्थापन ........ ८४
तालिका ३५: आवधिक योजना कार्यान्वयनको लागि शीर्षकगत राजस्व अनुमान (रकम रू.हजारमा) ........ ८६
तालिका ३६: नतिजा खाका ........ ८७
तालिका ३७: विस्तृत कार्यक्रम विवरण ........ ११८

## संक्षेपीकरणको सूचि (Abbreviation)

**नेपालीमा**

| | | |
|---|---|---|
| कोविड – १९ | : | नोबेल कोरोना भाइरस २०१९ (महामारी) |
| आ.व. | : | आर्थिक वर्ष |
| कि.मि. | : | किलो मिटर |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| लैससास | : | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| व.कि.मि. | : | वर्ग किलो मिटर |
| न.पा. | : | नगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| रू. | : | रूपैया |
| लि. | : | लिटर |
| हे. | : | हेक्टर |

**अंग्रेजीमा**

| | | |
|---|---|---|
| DPR | : | Detail Project Report |
| EMP | : | Environment Management Plan |
| EIA | : | Environmental Impact Assessment |
| GESI | : | Gender Equality and Social Inclusion |
| IEE | : | Initial Environmental Examination |
| IOE | : | Institute of Engineering |
| IUDP | : | Integrated Urban Development Plan |
| KM | : | Kilo Meter |
| MoE | : | Ministry of Education |
| MTMP : | | Municipal Transport Master Plan |
| NA | : | Not Available |
| NPC | : | National Planning Commission |
| NUDS | : | Nation Urban Development Strategy |
| O & M | : | Organization and Management |
| PTA | : | Parent Teacher Association |
| SIP | : | School Improvement Plan |
| WASH | : | Water, Sanitation and Hygiene |

## परिच्छेद १: प्रारम्भिक

### १.१ पृष्ठभूमि

नेपालमा योजनावद्ध विकासको थालनी वि.सं.२०१३ सालदेखि भएको हो । विगतमा केन्द्रिय योजना मात्र बन्ने गरेकोमा संघीय शासन व्यवस्थाको सुरूवात पछि प्रदेश र स्थानीय सरकारहरूले पनि आवधिक योजना तर्जुमा गर्ने गरेका छन् । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ को दफा २४ मा स्थानीय तहले स्थानीय स्तरको विकासकालागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालिन विकास योजना बनाई लागू गर्नुपर्ने व्यवस्था गरेको छ ।

नेपाल सरकार र प्रदेश सरकारको नीति लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादाम्यता हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, जस्ता अन्तर सम्बन्धित विषयवस्तुलाई ध्यान दिई तयार गर्नु पर्ने भनिएको छ । यस सन्दर्भमा व्यास नगरपालिकाले प्रथम आवधिक योजना (आ.व.२०७८/०७९-०८०/०८१) तर्जुमा गरेको छ । नेपाल सरकारको "**समृद्ध नेपाल, सुखी नेपाली**" र गण्डकी प्रदेश सरकारको "**समृद्ध प्रदेश, सुखी नागरिक**" को दीर्घकालीन सोचलाई समेत सघाउन नगरपालिकाले **"विविधता युक्त गाउँशहर समृद्ध मेरो व्यास नगर"** दीर्घकालीन सोचका साथ सोहि अनुरूप लक्ष्य, नतिजा, रणनीति तथा प्राथमिकताहरू सहित कार्यक्रमहरू तय गरेको छ । यस आवधिक योजनाले नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक, वन तथा वातावरण क्षेत्र तथा संस्थागत विकासका लक्ष्य प्राप्ति तर्फ उन्मुख हुदै नागरिकले प्राप्त गर्ने सेवा प्रवाहलाई सरल, सहज, र प्रभावकारी बनाउनमा जोड दिएकोछ ।

### १.२ आवधिक योजना निर्माणको आधार

प्रथम नगर विकास योजना तर्जुमा गर्दा देहायका मुख्य आधारहरू लिइएको छः (

(क) नेपालको संविधान (प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, राज्यशक्तिको बाँडफाँड, अन्तरसम्बन्ध तथा अनुसूची ६, ७, ८ र ९) मा रहेका कार्य जिम्मेवारी लगायतका विषय,

(ख) दिगो विकास लक्ष्य (२०७२-२०८७) र नेपाल सरकारले अन्तर्राष्ट्रियस्तरमा जनाएका प्रतिबद्धता र सन्धि, सम्झौता र पन्ध्रौं योजनाका लक्ष्यहरू

(ग) नेपाल सरकारको "समृद्ध नेपाल, सुखी नेपाली" को दूरदृष्टिका लक्ष्यहरू

(घ) व्यास नगरपालिकाले यस अघि निर्माण गरी कार्यान्वन गरेका आवधिक विकास योजनाहरू सम्बन्धी दस्ताबेज र परामर्शदाताले तयार गरेको स्थितिपत्र,

(ङ) नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ का नीति तथा कार्यक्रममा उल्लेख भएका विषय,

(च) नेपाल सरकार, प्रदेश र नगरपालिका विभीन्न घोषणा, नीति तथा कानून, विभिन्न राजनैतिक दलका घोषणा पत्रहरू

(छ) विभीन्न चरण यस अधिका रणीतिक योजनाहरूमा यस नगर विकास योजना तर्जुमा प्रक्रिया अवधिमा आयोजना गरिएका सहभागितात्मक योजना तर्जुमा प्रकृयाहरूबाट प्राप्त निचोड ।

यस आवधिक नगर विकास योजना तर्जुमा अवधिमा र यस पूर्व विभीन्न समयमा भएका अध्ययन, सहभागितामूलक छलफल आदिका माध्यमबाट नगरको विकासलाई निर्देशित गर्न र उपलब्ध सीमित श्रोत साधनको अधिकतम उपयोग गरि गुणात्मक लाभ प्राप्त गर्न नगरका अग्रणी क्षेत्रहरूको पहिचान गरि दीर्घकालीन सोंच निर्धारण गरिएकोछ । कृषि, पर्यटन, र शिक्षालाई नगरको अग्रणी क्षेत्र भनि कायम गरिएकोछ । निर्धारित सोंचको आधारमा रणनीति, कार्यनीति र कार्यक्रमहरू गरिएका छन् । दीर्घकालीन सोंच निर्धारण भइ विभिन्न लक्ष्य, उद्देश्य, नीति तथा कार्यक्रम सहितको योजना तर्जुमा गरी आगामी वर्षबाट यहि योजनाका आधारमा बार्षिक कार्यक्रमहरू निर्धारण गरिने छन् ।

व्यास नगरपालिकाको योजनावद्ध विकास प्रकृयामा तयार भएका विगतका एकीकृत कार्यमूलक योजना २०५५, आवधिक नगर विकास योजना २०६८ को समिक्षा पनि यस आवधिक योजना निर्माणको मुख्य अधार मध्य एक हो । विगतमा भएको योजना कार्यन्वयन विश्लेषण **अनुसूची १ र २** मा समावेस गरिएको छ ।

### १.३ प्रथम नगर आवधिक नगर विकास योजनाका निर्देशक सिद्धान्त

व्यास नगरपालिकाको प्रथम नगर विकास योजना तर्जुमा गर्दा देहायका मार्गनिर्देशक सिद्धान्त तय गरिएका छन्:

(क) नेपालको संविधानको भाग १ धारा १४ मा "नेपालको अर्थतन्त्र समाजवाद उन्मुख हुनेछ" भन्ने उल्लेख भए अनुसार पिछडिएका, उपेक्षित तथा सीमान्तकृत समुदायको सामाजिक विकास तथा आर्थिक उत्थानका लागि नगर विकास योजनाको ध्येय समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको निर्माण गर्नु हुनेछ ।

(ख) उत्पादनमुखी, आत्मनिर्भर र समाजवाद उन्मुख अर्थतन्त्रको निर्माण गरिनेछ ।

(ग) नेपालको संविधानको भाग ४ राज्यका निर्देशक सिद्धान्त सम्बन्धी धारा ५१ (घ) (१) अनुसार तीन खम्बे अर्थनीति अनुसरण गरी सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको सहभागितामा नगरको स्थानीय अर्थतन्त्र सुदृढ गरिनेछ ।

(घ) संविधानको भाग ४ धारा ५१ (घ) (२) मा उल्लेख भए अनुसार अर्थतन्त्रमा निजी क्षेत्रको भूमिकालाई महत्व दिंदै उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गर्दै नगरको समृद्धि हाँसिल गरिनेछ ।

(ङ) संविधानको भाग ४ धारा ५१ (घ) (३) अनुसार सहकारी क्षेत्रको प्रवर्द्धन गर्दै यसलाई नगरको उच्च सम्भावना रहेका आर्थिक विकासका क्षेत्रमा परिचालन गरिनेछ ।

(च) रणनीनिक शहरी पूर्वाधारका योजनाहरूमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह बीचको सहकार्य अगाडि बढाइनेछ ।

(छ) स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, विद्युत्, सञ्चार र यातायात जस्ता सेवाहरूमा सबै व्यक्तिको सहज पहुँच पुऱ्याउन नेपाल सरकार, प्रदेश, विकास साझेदार, निजीक्षेत्र र समुदायसँग सहकार्य गरिनेछ ।

(ज) आर्थिक-सामाजिक रूपले पछाडि परेका दलित, जनजाति, मधेसी, गरिब, एकल महिला, अपाङ्ग र पिछडा वर्गको सेवामा पहुँच बृद्धि गर्न अवरोध पुऱ्याउने कारक तत्वहरू पत्ता लगाई सोको सम्वोधन गर्ने गरी कार्यक्रमको तर्जुमा र कार्यान्वयन गरिनेछ ।

(झ) स्थानीय श्रोत, सीप तथा साधनको अधिकतम परिचालन गरी प्राकृतिक श्रोतको दिगो उपयोग गरी अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार दिगो विकास लक्ष्य तथा समावेशी विकासका उद्देश्य प्राप्त गर्नेतर्फ नगर विकास योजनाका नीति तथा कार्यक्रमहरू परिलक्षित गरिनेछ ।

(ञ) सांस्कृतिक तथा भौगोलिक विविधताको पृष्ठभूमि रहेको ब्यास नगरपालिकामा आधुनिक कृषि र पर्यटन विकास मार्फत समृद्ध "नेपाल, सुखी नेपाली"को लक्ष्यलाई यथार्थमा बदल्न योगदान दिन सक्ने नवपर्वर्तनकारी कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

## १.४ दिगो विकास लक्ष्यसँगको सम्बन्ध

नेपालले दिगो विकास लक्ष्य (सन् २०१६ देखि २०३० अर्थात बि.सं. २०७२ देखि २०८७) कार्यान्वयनको लागि १६ वटा लक्ष्य, १५९ परिमाणात्मक लक्ष्य र ४७९ सूचक निर्धारण गरेको छ । विकासका हरेक आयामहरूमा कसैलाई पनि पछाडि नछोडी सँगसँगै अगाडि लैजाने प्रतिबद्धताका साथ यी लक्ष्यहरूले सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी सबै स्वरूप र किसिमका गरिबीको अन्त्य गर्ने, सबैका लागि शिक्षा, स्वास्थ्य, आवास, स्वच्छ इन्धन र वातावरण, भयमुक्त कार्यस्थल र वासस्थानको निर्माण गर्ने, विकासमा सबै तह र तप्काको समान साझेदारिता र हिस्सा, मानव अधिकारको प्राप्ति, सबै महिला तथा बालबालिकाको लागि लैङ्गिक समानता तथा सशक्तीकरण हाँसिल गर्ने उद्देश्य राखेका छन् । ब्यास नगरपालिकाले आफ्नो यस प्रथम नगर विकास योजनामा दिगो विकास लक्ष्य प्राप्त गर्न आफ्नो तर्फबाट गर्नुपर्ने समपूरक र परिपूरकको भूमिकालाई आत्मसाथ गर्दै सामाजिक तथा आर्थिक पक्षका सबै क्षेत्रमा दिगो विकास लक्ष्यको कार्यान्वयनलाई स्थानीयकरण गर्ने अभ्यासको थालनी गरेकोछ ।

## १.५ नेपाल सरकारको पन्ध्रौं योजनासँगको सम्बन्ध

पन्ध्रौं राष्ट्रिय योजनाका मुख्यतया तीनवटा उद्देश्यहरू: १) सर्वसुलभ, गुण स्तरीय र आधुनिक पूर्वाधार निर्माण, उत्पादनशील र मर्यादित रोजगारी अभिबृद्धि, उच्च, दिगो र समावेशी आर्थिक बृद्धि तथा गरिबी निवारण गर्दै समृद्धिको आधार निर्माण गर्नु, २) गुणस्तरीय स्वास्थ्य तथा सन्तुलित वातावरण, सामाजिक न्याय र गुणस्तरीय एवम् जबाफदेही सार्वजनिक सेवा कायम गरी संघीय शासन व्यवस्थाको सुदृढीकरण गर्दै नागरिकलाई मर्यादित र परिष्कृत

जीवनयापनको अनुभूति गराउनु, र ३) सामाजिक तथा आर्थिक रूपान्तरण सहित स्वाधीन राष्ट्रिय अर्थतन्त्र निर्माण गरी देशको स्वाभिमान, स्वतन्त्रता र राष्ट्रिय हितको संरक्षण गर्ने रहेका छन् । संघ र प्रदेश सरकारले राखेका उपरोक्त उद्देश्यहरू पुरा गर्न सघाउने र व्यास नगरपालिकाका आवस्यकतालाई पनि सम्वोधन गर्दै समृद्धिको मार्ग तय गर्ने गरी आंफ्ना दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति, कार्यनीति र कार्यक्रमहरू तय गरिएको छ ।

### १.६ योजना निर्माण चरण, प्रक्रिया तथा विधि

निम्नानुसारका योजना निर्माणका चरण प्रक्रिया र विधिमा रही व्यास नगरपालिकाको आवधिक नगर विकास योजना निर्माण गरिएको छः

- **पहिलो चरण : आवधिक योजना तर्जुमा गर्ने सम्बन्धी निर्णय एवं पूर्व तयारी**

पहिलो चरण अन्तर्गत व्यास नगर कार्यपालिकावाट आवधिक नगर विकास योजना तर्जुमा गर्ने नीतिगत निर्णय भई विभिन्न चरणका वैठक र नगर वस्तुस्थिति विवरण तथा संस्थागत सूचना संकलन लगायतका पूर्व तयारी गरिएको थियो ।

- **दोश्रो चरण : योजना अभिमुखीकरण कार्यशाला गोष्ठी**

दोश्रो चरण अन्तर्गत नगरपालिकाको आयोजनामा २०७७ साल पौष २ गते प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गिरिधारी शर्मा पौडेल, सदस्य डा. भीमा ढुंगाना तथा प्रदेश सरकार सचिव श्री इन्दु घिमीरेको सहजिकरणमा आवधिक नगर विकास योजना तर्जुमा बिधि, प्रक्रिया सम्बन्धी अभमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा नगर प्रमुख श्री बैकुण्ठ न्यौपाने, उपप्रमुख श्री मिरा जोशी, प्रमुख प्रशासकीय अधिकृत श्री डिल्लीराम सिग्देल, वडाअध्यक्षहरू, कार्यपालिकाका सदस्यहरूको सहभागिता थियो । योजना तर्जुमाको सल्लाहकारको भूमिकामा रहनु भएका राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा.जगदिश पोखरेल, जिविस महासंघका पूर्व महासचिव डा.शेषरमण न्यौपाने, टोलि प्रमुख श्री मनिरामसिंह महत, टोली सदस्य प्रमोद भट्टराईको उपस्थिति रहेको थियो । नगरपालिका प्रमुखको संयोजकत्वमा निर्देशक समिति, प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा प्राविधिक समिति र कार्यपालिकाका सदस्यहरूको संयोजकत्वमा गठन हुने विषय क्षेत्रगत समितिहरूलाई बिषय क्षेत्रगत जिम्मेवारीहरूका बारेमा समेत जानकारी गराइएको थियो ।

- **तेश्रो चरण : आधाररेखा सूचना तथा तथ्यांक विश्लेषण**

आवधिक नगर विकास योजना तर्जुमा कार्यमा आवश्यक आधार तथ्यांक सूचनाका लागि नगरपालिकाबाट तयार गरिएको नगरको स्थितिवस्तुथिति  विवरण (पार्श्वचित्र) मा उपलब्ध भौगोलिक,  जनसांख्यिक, आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकाससंग सम्बन्धित विवरणहरू तथा अन्य प्रकाशित, अप्रकाशित सूचनालाई आधार मानी तथ्यांक तथा सूचना संकलन एवम विश्लेषण गरिएको थियो ।

- **चौथो चरण : वडास्तरीय भेला (छलफल)**

आवधिक योजना तर्जुमा अन्तर्गत व्यास नगरपालिका भित्रका १४ वटै वडाहरूमा छुट्टा छुट्टै मिति, समय र स्थानमा सार्वजनिक वडा स्तरीय भेलाको आयोजना गरी वडा भित्रका समस्या, चुनौती रं सम्भावनाहरूका बारेमा वृहत छलफल गरिएको थियो ।

- **पाँचौ चरण : विषयगत छलफल र निर्देशक समितिको बैठक (विषय क्षेत्रगत रणनीति र कार्यक्रम विकास)**

वडास्तरीय छलफल पछि बिषय क्षेत्रगत संभावना र अवसर तथा समस्या चुनौतिको विश्लेषणको आधारमा बिषय क्षेत्रगत उद्देश्य तर्जुमा, बिषय क्षेत्रगत लक्ष्य परिमाण, सूचक निर्धारण गरी त्यस्ता लक्ष्य सूचक हासिल गर्न अवलम्बन गरिनु पर्ने रणनीतिहरू, विषय क्षेत्रगत प्रमुख कार्यक्रम, अनुमानित लागत, कार्यान्वयन कार्ययोजना र अनुगमन मूल्यांकनको खाका तयारीका लागि विभिन्न चरणमा विषयगत छलफल गरिएको थियो । निर्देशक समितिको बैठकमा विषयगत समिति सम्मको कार्यप्रगति प्रस्तुतिकरण गरी थप सुझाव संकलन गरिएको थियो ।

- **छैठौ चरण : पृष्ठपोषणको कार्य**

कोभिड-१९को महामारीका कारण ठूलो जमघट हुन कठिनाई भएकाले प्राविधिक समितिको बैठक बसी तयार भएको प्रारम्भिक मस्यौदा प्रतिवेदन माथी छलफल गरियो । विषयगत योजनाको छुट्टा छुट्टै प्रस्तुती गरी पृष्ठपोषण लिइयो ।

- **आठौ चरण : योजना प्रमाणीकरण**

विश्वव्यापी कोभिड-१९ को महामारीका कारण बन्दाबन्दीको स्थिति रहेको अवस्थामा प्रमाणीकरण कार्यशाला गर्न नसकिएकोले नगरकार्यपालिका समक्ष भर्चुअल प्रस्तुतीकरणको आयोजना गरियो र प्राप्त पृष्ठपोषणका आधारमा योजनाको अन्तिम मस्यौदा दस्तावेज तयार गरी नगर कार्यपालिका समक्ष पेश गरियो ।

### १.७ जोखिम पक्ष

मुलुकमा संघीयताको कार्यान्वयन संक्रमणमा रहेको अवस्थाछ । कोभिड-१९ को विश्वब्यापी महामारीले जन जीवन कष्टकर भै पूर्वाधार निर्माण सुस्त रहेको, पर्यटनका गतिविधि ठप्प रहेको, उद्योग तथा ब्यापार असहज अवस्थामा रहेको तथा सेवा प्रवाहको अवस्था समेत कमजोर भएको कारण मुलुककै आर्थिक तथा सामाजिक विकासको अवस्था नाजुक हुन पुगेकोछ । यस्तो अवस्थामा तयार भएको यस प्रथम नगर विकास योजनाको कार्यान्वयनमा देहाय बमोजिमका जोखिम पक्षहरू रहनेछन्:

(क) कोभिड-१९ को विभीन्न लहरहरूले कुन हद सम्म आर्थिक तथा सामाजिक विकासका प्रक्रियामा प्रभाव रहला भन्ने कुराको आँकलन हुन बाँकी नै छ । कोभिड-१९ पछिको पुर्नउत्थानको अवस्था कस्तो होला भनी अनुमान गर्नु पर्ने अवस्था आएकोछ ।

(ख) संघ, प्रदेश र स्थानीय तह बीच नीति योजना तथा बजेट कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय र सहकार्य अपेक्षित रूपमा प्रभावकारी भै सकेको अवस्था गर्दै जानुपर्ने अवस्था छ । विद्यमान अवस्थामा तीनै तहका सरकारबीच अपेक्षित समन्वय तथा सहकार्यको प्रणाली विकास हुन बाँकी नै छ । तीनै तहले कार्यान्वयन गर्ने आयोजनाहरूको प्रष्ट वर्गीकरण भइ नसकेको सन्दर्भमा आयोजनाको लागि स्रोत व्यवस्थापन गर्ने तथा तीनको कार्यान्वयन गर्ने कार्यलाई जोखिममुक्त गर्न आवस्यकछ ।

(ग) नीति, योजना, बजेट तथा कार्यक्रमको कार्यान्वयनमा कर्मचारीतन्त्रको मुख्य भूमिका रहन्छ । नगरपालिकामा विषयगत कर्मचारीहरू समायोजन भएका छन् । नगरपालिकाको विद्यमान जनशक्तिलाई थप विज्ञता प्रदान गर्नका लागि क्षमता विकासका कार्यकम अपेक्षित रूपमा सञ्चालन हुन सकेकोछैन यसबाट नवपरर्वतनकारी तथा ठुला योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुमा पनि केही जोखिम रहेको छ ।

(घ) नगरपालिको दीर्घकालीन सोच तथा बढ्दो जनअपेक्षा अनुरूप सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्य सञ्चालन गर्न केही महत्वाकांक्षी योजना समेत प्रस्ताव गरिएका छन जस्तका लागि स्रोत जुटाउने कार्यमा जोखिम रहेकोछ ।

(ङ) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सीफारिसमा प्रदेश सरकारको आवश्यकता र राजस्व परिचालन क्षमता अनुसारको स्रोत प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(च) पूर्वाधार निर्माण तथा आर्थिक विकासका लागि आवश्यक पर्ने प्रविधि तथा दक्ष जनशक्ति प्राप्त गरी समग्र प्रादेशिक विकास गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

(छ) नगरपालिकाको विकासमा निजी क्षेत्र, सहकारी, नागरिक समाज र गैरसरकारी क्षेत्रको सहयोग आवश्यक मात्रामा प्राप्त गर्ने कार्य जोखिमपूर्ण रहेको छ ।

आवधिक विकास योजना तर्जुमाको लागि नगरपालिकाको नगर पार्श्वचित्र (२०७५), एकीकृत कार्यमूलक योजना (२०५५), आवधिक नगर विकास योजना (वि.स. २०६८), एकीकृत शहरी विकास योजना (ई.सं. २०१५), विभीन्न विषयगत क्षेत्रका प्रतिवेदनहरू, विषयगत छलफल तथा कार्यशालामा भएको छलफलका आधारमा व्यास नगरको वस्तुस्थिति विश्लेषण गरिएको छ । यस योजनामा प्रयोग गरिएका आधारभुत तथ्याङ्कहरू व्यास नगरपालिकाको सामाजिक आर्थिक घरधुरी सर्भेक्षण, २०७५ को प्रतिवेदनमा आधारित छन । उक्त प्रतिवेदनमा उपलब्ध नभएका खण्डिकृत तथ्याङ्कहरूको हकमा व्यास नगरपालिकाको विषय शाखागत तथ्याङ्कलाई नै आधार मानिएको छ । यो योजना तर्जुमा गर्दा विगतको योजना तर्जुमाका अभ्यास तथा स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ को आधारमा गरिएको छ । यसै गरी राष्ट्रिय योजना आयोगको पन्ध्रौ योजना, गण्डकी प्रदेशको प्रथम पञ्च बर्षीय योजनालाई समेत आधार रेखा सूचना मानिएको छ ।

आवधिक नगर विकास योजनालाई सूचनामा आधारित, सहभागितामूलक र नतिजामूलक बनाउन अधिकतम प्रयास गरिएको छ । नगरपालिकाको समग्र विकासमा स्थानीय तह, संघ तथा प्रदेश सरकारको साथै गैर सरकारी संघ/संस्था, सहकारी एवं स्थानीय समुदायका प्रतिनिधिलाई पनि यथासम्भव सहभागिता गराउने कोशिस गरिएको छ । नगरपालिकाको आन्तरिक स्रोत, संघ तथा प्रदेशबाट प्राप्त हुने अन्तर सरकारी वित्तिय हस्तान्तरण तथा अन्य स्रोतबाट प्राप्त गरिने आर्थिक स्रोत तथा कार्यक्रमहरू यस आवधिक योजनासंग हरेक वर्ष तालमेल हुने गरी तय गरिएको छ ।

यस आवधिक नगर विकास योजना तयार गर्न आधार वर्ष २०७६/०७७ लाई मानिएको छ । आधार रेखाको लागि भएका तथ्याकहरूको प्रत्येक वर्ष प्रक्षेपण गरिएको र प्राप्त हुन सकेका तथ्याङ्कहरूलाई आधार वर्षबाट निश्चित प्रतिशत वा संख्याका दरले प्रक्षेपण गरी विषयगत समितिहरू संगको छलफलबाट अन्तिम रूप प्रदान गरिएकोछ ।संघ, प्रदेश र स्थानीय तह बीच नीति, योजना तथा बजेट कार्यक्रम तर्जुमा तथा बजेट कार्यक्रम तय गर्दा र सो को कार्यान्वयन गर्दा समन्वय र सहकार्य आवस्यक छ । नीति, कानुन तथा कार्यक्रम निर्माणमा जनप्रतिनिधिको क्षमता विकास र कार्यान्वयनको चरणमा कर्मचारीलाई उत्साही बनाईराख्न विशेष क्षमता विकास र बृत्ति विकासको अवसरको आवस्यकता पर्दछ ।स्थानीय सरकारको काम अनुसार श्रोत साधनको विनियोजनमा राष्ट्रिय श्रोत तथा वित्त आयोगले खर्चको आवस्यकता तथा राजस्व क्षमता र अन्य आधारमा तय गर्ने अनुदानलाई काम र श्रोतको विभाजनमा सुधार गर्नु पर्ने देखिन्छ । त्यसै गरी सहकारी, निजी, नागरिक समाज र गैर सरकारी क्षेत्रको प्रभावकारी परिचालनको ठोस खाका तयार गर्न स्थानीय आर्थिक विकास योजनालाई विस्तृतीकरण गरी लगानी परिचालन गरिनेछ ।

## १.८ नगरपालिकाको संक्षिप्त परिचय

यस व्यास नगरपालिका देशमा बहुदलीय प्रजातन्त्रको पुनःस्थापना पश्चात साविकको दमौली गा.वि.स. र स्याम्घा गा.वि.स.को केही क्षेत्रलाई समेटेर २०४८ साल चैत्रमा घोषणा गरिएको हो । नेपाल सरकार मन्त्री परिषद्को मिति २०७१ मार्ग १६ गतेको को निर्णयानुसार पोखरीभन्ज्याङ गा.वि.स.लाई समेत समेटिइएको थियो । नेपाल सरकारले २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशित गरी स्याम्घा र क्यामिन गा.वि.स.को सम्पूर्ण भाग, तनहूँसुर गा.वि.स.को वडा नं. ४-९, केशवटार गा.वि.स.को वडा नं. २-७, घाँसीकुवा गा.वि.स.को वडा नं.२-८, रिस्ती गा.वि.स.को वडा नं. १-५, ७-९ र सतिस्वाँरा गा.वि.स.को वडा नं. ६-९ का वडाहरूलाई व्यास नगरपालिकामा समावेश गरेको हो ।

यस नगरपालिकालाई पूर्वमा भानु नगरपालिका र बन्दीपुर गाउँपालिका, पश्चिममा म्याग्दे गाउँपालिका र शुक्लागण्डकी नगरपालिका, उत्तरमा लम्जुङ र कास्की जिल्ला तथा रिषिङ र देवघाट गाउँपालिकाले घेरेकोछ ।[1] यस नगरपालिकाको केन्द्र भागमा पुरानो व्यापारिक केन्द्र दमौली रहेको छ । तनहुँ जिल्लाको सदरमुकाम समेत रहेको दमौली, संघीय राजधानी काठमाडौं देखि १५० कि.मी. पश्चिम तथा प्रदेश राजधानी पोखराबाट ५० कि.मी.पूर्व पृथ्वी राजमार्गको दायाँबायाँ अवस्थित छ । १४ वडामा विभाजित नगरपालिकाको अधिकांश भाग ग्रामिण क्षेत्रमा पर्दछ । व्यास नगरपालिकाको करिब ५३.३७ प्रतिशत भुभाग घना जङ्गलले ओगटेको पाइन्छ । जंगलबाहेकको क्षेत्रमा मुख्य बस्ती क्षेत्र, बजार क्षेत्र र कृषि क्षेत्रहरू रहेको पाइन्छ । विभिन्न नदीनालाहरू, वरिपरि जङ्गलले घेरेको कारणले गर्दा यस क्षेत्रमा उच्च वर्षा हुने गर्दछ ।

### जलवायु तथा वातावरण

यस नगरपालिकामा तापक्रम ८.४० डि.से. देखि ३७ डि.से. रहेको पाइन्छ । थुप्रै नदीनालाहरू भएको तथा वरिपरि जङ्गलले घेरेको कारणले गर्दा यस क्षेत्रमा उच्च वर्षा हुने गर्दछ । यस नगरपालिका क्षेत्रको जलवायुलाई समसितोष्ण तथा उष्ण वर्गमा राख्न सकिन्छ । गर्मी र वर्षा ऋतुहरूमा यहाँ उच्च मात्रामा वर्षा हुने गर्दछ भने जाडो याममा निकै कम वर्षा हुने गर्दछ । यस नगरपालिकाको औसत वार्षिक तापक्रम २२.७ डि.से.रहेको पाइन्छ भने औसत वार्षिक वर्षा १९६०.६ मि.मि. रहेको पाइन्छ ।

### अवस्थिति

व्यास नगरपालिकाको अवस्थिति २८° ७' २८" उत्तर देखि २७° ५२' ३९" उत्तर अक्षांश, तथा ८४° १०' २४" पूर्व देखि ८४° २२' ६" पूर्व देशान्तर सम्म फैलिएकोछ । नगरपालिकाका ६ प्रमुख फाँट (River Valley) हरू, मादी, छाब्दी, बुल्दी, कलेस्ती, रिस्ती र साँगे हुन् । मुख्य आवादी र बजार क्षेत्र दमौली हो जुन तनहूँ जिल्लाको सदरमुकाम पनि हो । व्यास नगरपालिका समुद्री सतहबाट २८० मि. देखि ११२० मि. सम्मको उँचाइमा अवस्थित छ । यसले २४८ वर्ग कि.मि. क्षेत्रफल ओगटेको छ । नगरपालिकाले ओगटेको कुल क्षेत्र मध्ये करिब १० प्रतिशत जमिनमात्र समथर भूभाग रहेको छ । वडा नम्बर २ र ३ का पुरा क्षेत्र र १, ४ र ५ का केहि भागहरू समथर भूभागमा पर्दछन् । बाँकी वडाका अधिकांश भाग जङ्गल, भिरालो, पहाड र कृषि भूमिले ढाकेको छ । व्यास नगरपालिकाको क्षेत्रफल

[1] व्यास नगरपालिकाको नगर पार्श्वचित्र २०७५

२४७.७ वर्ग कि.मि रहेको छ । व्यास नगरपालिकामा १४ वटा वडाहरूमा वडा नं. २, ३ र ४ शहरी क्षेत्र, वडा नं.१, ५ र १० अर्धशहरी क्षेत्र र बाँकी सबै वडाहरू ग्रामिण क्षेत्रमा पर्दछन् (नगर प्रोफाइल, २०७५) ।

**जनसंख्या तथा बसाइसराई**

नगरपालिकाले गरेको सर्वेक्षण (२०७५) अनुसार व्यास नगरपालिकाको कुल जनसंख्या ७१,८०९ रहेको छ । कुल जनसंख्या मध्ये पुरूषको जनसंख्या ३६,४८९ रहेको छ भनें महिलाको जनसंख्या ३५,३२० रहेको छ । जनसंख्या वितरणको आधारमा वडा १ मा सबै भन्दा धेरै जनसंख्या ९,५५३ र वडा ८ मा सबै भन्दा न्यून जनसंख्या २,७३३ रहेको देखिन्छ । जनघनत्वको आधारमा हेर्ने हो भने वडा नं २ मा सबै भन्दा धेरै जनघनत्व छ जुन १०,९०२.६३ जनसंख्या प्रति वर्ग किलोमिटर रहेको छ र वडा नं ८ मा सबै भन्दा कम जनघनत्व (१३६.११ जनसंख्या प्रति वर्ग किलोमिटर) रहेको छ । व्यास नगरक्षेत्रमा अस्थायी रूपमा बसोबास गर्ने जनसंख्या करिब ७४१४ जना रहेका छन् । बसाइसराईको अवस्था हेर्दा व्यास नगरपालिकाका ग्रामिण वडाहरूबाट शहरी वडामा बसाई सर्ने जनसंख्या तिव्ररूपमा बढेको देखिन्छ भने व्यापार व्यवसायका लागि छिमेकी पालिकाहरूबाट समेत बसाइ सराई हुने गरेको छ । व्यास नगरपालिकाको औसत जनघनत्व २८९.६० जनसंख्या प्रति वर्ग किलोमिटर रहेको छ (नगर प्रोफाइल, २०७५) ।

# परिच्छेद २: दीर्घकालीन सोच, लक्ष, उद्देश्य र परिमाणात्मक लक्ष

## २.१ पृष्ठभूमि

दीर्घकालीन सोचलाई नगरपालिकाको एउटा मार्गदर्शन र रणनीति बाहेक आदर्श अवस्थाको रूपमा समेत लिनसकिन्छ । दीर्घकालीन सोचले नगरपालिका पुग्न चाहेको र प्राप्त गर्न खोजेको एउटा आदर्श अवस्थालाई जनाउँछ । वि.सं. २१०० सम्ममा **समृद्ध नेपाल सुखी नेपाली** बनाउने राष्ट्रिय संकल्प र **समृद्ध प्रदेश, सुखी प्रदेशवासी**को प्रादेशिक लक्ष्यमा योगदान पुर्‍याउने गरी व्यास नगरपालिकाको दीर्घकालीन सोच तय गरिएकोछ । स्थानीय अवसर र सम्भावना तथा विशेषताको आधारमा व्यास नगरपालिकाको दीर्घकालीन सोच तयार पारिएको हो ।

## २.२ सवल पक्ष, कमजोर पक्ष, सम्भावना र चुनौती विश्लेषण (SWOT Analysis)

**सबल पक्ष**

व्यास नगरपालिकामा रहेका नदी किनाराका फाँटहरू यहाँको प्रमुख लाभ बिन्दु मान्न सकिन्छ । यी फाँटहरूमा व्यवस्थित जग्गा विकास कार्यक्रम तथा बस्ती विस्तार गर्ने प्रबल सम्भावना रहेको छ । यी फाँटहरूमा नजिकका नदीनालाहरूबाट सिँचाई पनि भएको पाइन्छ र तसर्थ यी फाँटहरू खेती योग्य पनि छन् । व्यास नगरपालिकामा ३८ प्रतिशत क्षेत्र कृषियोग्य रहेको छ । नगरपालिकाको प्रमुख आय आर्जनको स्रोत पनि कृषि नै हो । तसर्थ यस क्षेत्रबाट उत्पादनको निर्यातमा वृद्धि गर्न सकिने सम्भावना पनि छ । अनुकूल जलवायुका कारण पनि कृषि उत्पादनको लागि यहाँ उच्च सम्भावना रहेको पाइन्छ । व्यास नगरपालिका धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक रूपमा निकै धनी छ । छाब्दी, व्यास गुफा तथा परासर आश्रम जस्ता धार्मिक स्थलहरू र साथै भानु-घाँसी पार्क, पुलिमऱ्याङ्ग शहिद स्मारक, तनहूँ सुर ऐतिहासिक दरबार आदि धेरै नै ऐतिहासिक महत्व बोकेका स्थलहरू यहाँ उपस्थित छन् । मादी नदीको किनारबाट स्लेट , चुन, बालुवा र रोडाको संकलनबाट व्यास नगरपालिकाले आन्तरीक आम्दानीमा उल्लेख्य बृद्धि गरेको छ । लामिडाँडामा स्लेट खानी रहेको छ तर प्रयाप्त मात्रामा उत्खनन् भने हुन सकेको छैन । व्यास नगरपालिका वन्य स्रोत र जल स्रोतमा धनी रहेको छ । नगरपालिकाको ५०.८ प्रतिशत क्षेत्र वनले ओगटेको छ । प्रचुर सम्भावना बोकेका मादी र सेती जस्ता प्रमुख जलस्रोत युक्त नदीहरू रहेका छन् । व्यास नगरपालिकाको शहरीरकरण संगै कुल राजस्व वार्षिक रूपमा बढ्दै गरेको छ । यस नगरपालिकाले बहु उद्देश्यीय प्रशासनिक भवनबाट सेवा प्रवाहमा सहजता थपिएको ।

**दुर्बल पक्ष**

पर्याप्त पूर्वाधारको कमी - व्यास नगरपालिका विकास तर्फ अग्रसर रहेता पनि यहाँ पूर्वाधारको कमी रहेको पाइन्छ । प्राय ग्रामीण भू-भागमा खानेपानी आपूर्ति, सडक तथा यातायातको कमी रहेको छ । केन्द्रिय क्षेत्रमा धेरै भीड हुनुको कारण खुला क्षेत्रको कमी पाइएको छ । नगरपालिकाको ग्रामीण क्षेत्रबाट शहरी क्षेत्रमा बसाई सराइ बढ्दै आएको छ । नगरपालिकामा विकासको लागि चाहिने दक्ष मानव स्रोतको कमी रहेको छ । युवाहरू अवसरको खोजीमा विदेश जाने भएकोले नगरपालिकामा सीमित संख्यामा मानव स्रोत भएको अवस्था छ । खेती कार्यमा पनि आधुनिक प्रविधिको प्रयोग नभएको कारणले जग्गाको उत्पादकत्वमा कमी रहेको छ । प्राकृतिक स्रोतमा व्यास नगरपालिका धनी भएता पनि उद्योगको कमी भएकोले यहाँको उत्पादकता कमी छ । यस कारण उत्पादन हुन सक्ने सामग्री पनि बाहिरबाट आयात गर्नु पर्ने अवस्था छ । मादी जस्ता ठूला नदी तथा साँगे, कलेस्ती, बुल्दी लगायतका खोला नालाले नदी किनारको कटान हुने गरेको छ । तसर्थ यस क्षेत्रमा भएका संरचनाहरू जोखिममा परेको छ । अन्य नजिकका नगरपालिकाहरू भन्दा व्यास नगरपालिकाको वित्तीय क्षमता कम रहेको छ । मानव स्रोतको उचित परिचालन हुन नसकेकाले नगरपालिकामा आय आर्जनको प्रमुख स्रोत प्रयाप्त मात्रामा खुलेको देखिदैन । केही वडा कार्यलयहरूको पुरानै भौतिक संरचनाबाट सेवा प्रवाह गर्नु परेको छ ।

**अवसर**

व्यास नगरपालिका पोखरा-महानगरपालिकाको नजिक तथा पृथ्वी राजमार्गमा अवस्थित छ जसले यसलाई विकसित हुने अवसर प्रदान गर्दछ । भौगोलिक अवस्था तथा अनुकूल जलवायु अवस्थाले पनि यस नगरपालिकालाई साथ दिएको

| |
|---|
| छ । तराई क्षेत्रसँग छोटो दुरीमा जोड्न सकिने सम्भावना रहेको छ । वडा ११ मा औद्योगिक क्षेत्रको लागि १५ रोपनी जग्गा छुट्ट्याइएको छ । यस नगरपालिकामा बालुवा, रोडा तथा स्लेट खानी र साथै वन्य र कृषि जन्य कच्चा पदार्थ प्रशस्त पाइन्छ । यी कच्चा पदार्थहरूबाट विभीन्न उद्योग स्थापना गर्न सकिएमा विकास हुने सम्भावना छ । मादी नदीको किनारमा बस पार्क र शहरी (बीच) पार्कहरू बनाउने सम्भावना रहेको छ । र्‍याफ्टिङ्गको शुरूवात विन्दु हुनुको कारण पर्यटन विकासको पनि अवसर रहेको छ । नगर ढल सञ्जाल योजना क्रमशः कार्यान्वयनमा आएको ले भविष्यमा ढल व्यवस्थापनको समस्यालाई निर्मूल पार्न सक्ने र वातावरण स्वच्छता रहने देखिन्छ । नगरपालिकाको नया संरचना अनुसारको संगठन व्यवस्थापन अध्ययन भई सोही अनुसारको दरबन्दी तेरिज तयार भएकाले थप आवश्यक जनशक्ति परिपूर्ति हुने देखिन्छ । नगरपालिकाले लेखा, राजस्व, सामाजिक सुरक्षा लगायतका सेवालाई पारदर्शी र प्रविधि मैत्री बनाई कम्प्युटरकृत सफ्टवेयर प्रणाली प्रयोग, विद्युतीय सुशासनको अभ्यास जस्ता कार्यले कार्य क्षमता बृद्धि र भ्रष्टाचार निवारणमा सहयोग पुऱ्याई उच्च प्रतिफल प्राप्त गर्ने एथेष्ट अवसर छ । |
| **<u>चुनौती</u>**<br>व्यास नगरपालिकाको केन्द्रिय क्षेत्रमा तीव्र शहरीकरण भईरहेको छ । अन्य क्षेत्रमा प्रशस्त जग्गा भएता पनि केन्द्रिय भागमा धेरै बसोबास र शहरीकरण बढ्दै आएको छ जसले भविष्यमा असन्तुलित विकासलाई प्रोत्साहन दिन सक्छ । व्यास नगरपालिका नजिकका अन्य ठूला नगरपालिकाहरूको बजारमा पूरै निर्भर छ । यहाँको उत्पादकत्व तुलनात्मक रूपमा वढी हुनुपर्ने भन्दा कम छ । तसर्थ धेरै मालसामान बाहिरबाट आयात गर्नु परेको छ । कच्चा पदार्थ तथा खेती योग्य जग्गामा धनी भएता पनि यस नगरपालिकाको निर्यात दर निकै कम छ र दैनिक उपभोग्य सामग्रीको लागि पनि अन्य नगरपालिकामा निर्भर रहेको छ । बस्ती विकास गर्नको लागि योग्य जमिन धेरै नभएको खण्डमा वन क्षेत्र तथा कृषि जन्य क्षेत्रमा बस्ती विकास भई वातावरणमा असर पर्ने सम्भावना रहेको देखिन्छ । नगरपालिकाको दरबन्दी आपूर्तिको लागि दक्ष जनस्रोत पर्याप्त नहुने आशंका रहेको छ । नगरपालिकाको विकासलाई यथार्थपरक बनाउनका लागि तथ्यांक प्राणली व्यवस्थीत गर्नुपर्ने देखिन्छ । |

## २.३ नगर समृद्धिका प्रमुख वाहकहरू (Lead Sectors/Key Drivers of Prosperity)

व्यास नगरको समृद्धिको लागि मुख्य तीनवटा प्रमुख सम्बाहकहरू पहिचान गरिएका छन्:

### २.३.१ आधुनिक अर्गानिक कृषि तथा पशुपालन

नगरपालिकाको भू-उपयोगको अवस्था हेर्ने हो भने ३८.९२ प्रतिशत भू-भाग खेतीयोग्य कृषि जमिन रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३० प्रतिशत रहेको छ । व्यावसायिक ढाँचाले नगरपालिकामा आय उत्पादनको मुख्य स्रोत कृषिलाई देखाउँदछ । नगरवासीहरू आंसिक रूपमा जागिर, व्यापार व्यवसाय र वैदेशिक रोजगारमा संलग्न रहेतापनि कृषि नै जनजीवनको मुख्य आर्थिक स्रोत रहेको छ । साँगे, बुल्दी, बोर्धन र छाब्दी खोलाका काखमा रहेका फाँटहरू उर्वर र सदावहार छन् भने कुमालटारी, बैरेनी र भादगाउँ जस्ता साना ठूला टारहरूमा सिंचाईको पहुँच वृद्धि गर्न सके नगरको अर्थतन्त्रमा उल्लेख्य वृद्धि हुने देखिन्छ । कृषि संगै पशुपालनको विकास गर्न सकिने सम्भावना समेत उच्च रहकोछ ।

मुख्य कृषि उत्पादन क्षेत्रको मुल्य श्रृंखलाको विकास (Agriculture Value Chain Development) गरी प्रवर्द्धन, यान्त्रीकीकरण, र बजारीकरणमार्फत् उच्च तथा गुणस्तरीय उत्पादन दिने आधुनिक अर्गानिक कृषि प्रणालीको विकास सहित उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ ।

### २.३.२ पर्यटन

व्यास नगरपालिका मुलुक कै महत्वपूर्ण पर्यटकीय स्थलहरू पोखरा, चितवन र अन्नपूर्ण सर्किटको पनि वीच भागमा अवस्थित छ । राजधानी काठमाडौं र सुन्दर पर्यटकीय सहर पोखरालाई जोड्ने पृथ्वी राजमार्गले विचैबाट छिचोलेको राजमार्गमा अवस्थित यस नगरपालिका पराशर ऋषिको तपोभूमि, वेदव्यासको जन्मभूमि, ऐतिहासिक स्थल तनहुँसूर, पवित्र धार्मिक स्थलहरू छाव्दीबाराही, क्यामिन कालिका, भगवतीपानी, राजापानी महादेव, गुम्बा, चर्च, मस्जिद,

क्होइबो आदि र होमस्टे तथा सम्भावित सांस्कृतिक ग्रामहरू पुलिमराङ, छापथोक, कुलुङ, रूम्सी, दुम्सी खहरे, दरैपधेरा, जौबारी, बराहाखोला आदि रहेका भने मादी र सेती जस्ता हिमनदी र बुल्दी, साँगे, कलेस्तीखोलाहरूबाट सिञ्चित यस क्षेत्रका उर्वर नदी उपत्यका तथा फाँटहरू र दर्जनौ सामुदायिक वनहरूका कारण सांस्कृतिक, धार्मिक तथा कृषि र पर्यटनका लागि स्थापित भइसकेको छ । व्यास नगरपालिकाको पहिचान भएका तथा सम्भाव्य प्रमुख पर्यटकीय प्रकार एवं उपजहरू देहाय बमोजिम छन:

| | | |
|---|---|---|
| १. ग्रामिण पर्यटन | २. पदयात्रा पर्यटन | ३. धार्मिक पर्यटन |
| ४. जलयात्रा पर्यटन | ५. प्याराग्लाईडिङ्ग | ६. रक क्लाईम्बिङ्ग |
| ७. माउण्टेन वाईकिङ्ग | ८. खेल तथा मनोरञ्जन पर्यटन | ९. सांस्कृतिक पर्यटन |
| १०. कृषि पर्यटन | ११. शैक्षिक पर्यटन | १२. व्यावसायिक पर्यटन/माइस |
| १३. वन तथा पर्या पर्यटन | १४. मानव निर्मित बाँध तथा तालहरू | १५. पार्क तथा क्याम्प साइटहरू |
| १६. गुफा भ्रमण | १७. ऐतिहासिक/ पुरातात्विक सम्पदा | १८.स्थानीय खाना तथा पेय पदार्थहरू |
| १९.जात्रा, मेला महोत्सव | २०.प्राकृतिक सौन्दार्य, दृष्यावलोकन तथा चलचित्र पर्यटन आदि । | |

### २.३.३ सूचना प्रविधिमा आधारित प्राविधिक शिक्षा

व्यास नगरमा राम्रा शिक्षण संस्थाहरू सञ्चालनमा रहेका छन् । अस्पताल तथा क्लिनिकको पनि राम्रो विस्तार हुदै गएको छ । विगतदेखि नै सरकारीका अलावा निजी क्षेत्रबाट पनि शिक्षा र स्वास्थ्यमा लगानी हुदै आएको छ । अनुकूल हावापानी राम्रो भूवनौट र यातायातको सहज पहुँच भएको हुँदा यहाँ उच्च शिक्षा प्रदान गर्ने राम्रा शैक्षिक संस्था तथा विश्वविद्यालय वा महाविद्यालय एवं अनुसन्धान केन्द्र स्थापनाको सम्भावना रहेकोछ । छिमेकी जिल्ला चितवन स्वास्थ्यको केन्द्र बन्दै गएको अवस्थामा व्यास नगरपालिकाले पनि सोही प्रकारको सोंच बनाउनु उपयुक्त देखिन्छ । व्यासले आधुनिक कृषि र पर्यटनक्षेत्रको विकासका लागि दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक विश्वविद्यालय (Technical University) स्थापना गरी दक्ष जनशक्तिको पलायनलाई कम गर्न सक्दछ ।

नगर समृद्धिका मुख्य सहयोगी कृषि, पर्यटन र शिक्षा क्षेत्रसंग सम्बन्धित वडा स्तरीय छलफलबाट प्राप्त सम्भावना तथा विशेषताहरू **अनुसूची ३** मा प्रस्तुत गरिएको छ ।

### २.३.४ नगर समृद्धिका सहयोगी क्षेत्रहरू

व्यास नगर समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू (Enablers of Prosperity) देहाय बमोजिम रहेकाछन :

**(क) जनसांख्यिक लाभ**

व्यास नगरपालिकामा आर्थिक रूपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या) कुल जनसंख्याको झण्डै ६५ प्रतिशत छ । यो उमेर समूहलाई नगरपालिकाले विशेष योजनाका साथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी व्यासको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसंग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

**(ख) सामाजिक विविधता बीच एकता**

व्यास नगरपालिमा ब्राम्हण, मगर, क्षेत्री, दरै, नेवार, गुरूङ, दलित लगायतका जातजातिका मानिसहरू बसोबास गर्दछन् । यस किसिमको सामाजिक वनोटले यस नगरपालिकालाई सांस्कृतिक विविधताको धनी नगर बनाएकोछ जुन पर्यटन विकासको ठुलो आधार हो । यस विविधता बीचको दिगो एकताबाट मात्रै यस नगरपालिकाको समृद्धि सम्भवछ ।

**(ग) भौगोलिक विविधता सहितको प्राकृतिक सौन्दर्य**

केवल २४७.७ वर्ग कि.मि क्षेत्र भएको व्यास नगरपालिका भित्र थुप्रै उब्जाउ समथर फाँट तथा नदी उपत्यकाहरू, भिरालो पहाडी भाग, गुफा, पहरा तथा दृश्यालोकनका लागि आकर्षक रूपमा चुलिएका चुचुराहरू, जल भण्डनरको

रूपमा रहेका नदीनालाहरू, हरियाली जङ्गल, ८.४० डि.से. देखि ३७ डि.से.सम्मको तापमान सहित औसत वार्षिक वर्षा १९६०.६ मि.मि. हुने यस भुखण्ड भौगोलिक विविधता र प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ ।

**(घ) सफा उर्जाको विकास**

नगरक्षेत्र भित्र सफा उर्जा (जल विद्युत, सौर्य, जैविक) को सम्भावना रहेकोछ । सफा उर्जाको उत्पादन, उपभोग र निकासी गरी पेट्रोलियम पदार्थको आयातमा कमी ल्याउदै आत्मनिर्भर र हरित अर्थतन्त्रको निर्माण गरिनेछ ।

**(ङ) उद्योग**

कृषिमा आधारित साना तथा मझौला उद्योगहरूको स्थापना, र औपचारिक क्षेत्रको विस्तार मार्फत उपभोग्य वस्तु, निर्माण सामग्री, कृषि तथा पशुजन्य उद्योग, अचार वनाउने, मुडा वनाउने, गुडिया वनाउने, मैनवत्ती वनाउने जस्ता साना उद्योगहरूको विकास गरी थोरै पूँजी र सामान्य प्रविधिबाटै रोजगारीको विस्तार गर आयात प्रतिस्थापन गर्न सकिन्छ ।

**(च) सुशासन**

सार्वजनिक सेवा प्रवाह गर्ने राष्ट्रसेवक कर्मचारीहरूको सोच, चिन्तन, विचार र व्यवहारमा सकारात्मक परिर्वतन गरी नगरपालिकाको सामाजिक तथा आर्थिक विकास संगै सेवा प्रवाहलाई गुणस्तरीय, चुस्तदुरूस्त तथा प्रभावकारी वनाउन जरूरीछ । पारदर्शिता, उत्तरदायित्व, जबाफदेहीता, विधिको शासन र अद्यावधिक निर्वाचन जस्ता सुशासनका आयामहरू व्यवहारमा उतार्न आवस्यकछ र त्यसको प्रत्याभूति हुनु पर्दछ । सुशासनको परिधिभित्र आर्थिक विषयवस्तु पर्ने भएकाले व्यास नगरपालिकाले सुशासन प्रवर्द्धन गर्नमा दत्तचित्त भएर लागेको पाइन्छ ।

अतः यस नगर विकास योजनामा व्यास नगरपालिकाको सर्वाङ्गीण विकासको लागि प्राकृतिक सौन्दर्य, जैविक विविधता, सांस्कृतिक सम्पन्नता, सहअस्तित्व, पहिचान तथा जनसांख्यिक लाभ जस्ता विषयवस्तुलाई आत्मसात गरिएकोछ ।

## २.४ दिर्घकालिन सोच (Vision of City)

***"विविधता युक्त गाउँशहर समृद्ध मेरो व्यास नगर"***

**दिर्घकालिन सोचको व्याख्या**

***विविधता***

नगरपालिकाको केन्द्र दमौली दरै जातिको मूल थात थलोको रूपमा चिनिन्छ । चुड्का, घाटु र कौडा यहाँका लोक नृत्यहरू हुन । घाटु, भैलो, भ्याउरे र परम्परागत तीजका गीतहरू तथा नृत्य पनि यस नगरपालिकाका सर्वाधिक लोकप्रिय सांस्कृतिक सम्पदा हुन् ।

विभिन्न जातजाति, धर्म संस्कृति, रितिरिवाज तथा राजनैतिक आस्था राख्ने बासिन्दाहरू भएको कारण व्यास नगरपालिका विविधता युक्त छ । यस नगरपालिकामा संख्यात्मक हिसावले उल्लेख्य जाति समूहको रूपमा ब्राम्हण, मगर, क्षेत्री, दरै, नेवार, गुरूङ, दलित आदि रहेकाछन् ।

***गाउँशहर***

व्यास नगरपालिकाको वडा नं. २, ३ र ४ शहरी क्षेत्र, वडा नं.१, ५ र १० अर्धशहरी क्षेत्र र बाँकी सबै वडाहरू ग्रामिण क्षेत्रमा पर्दछन् । शहरी, अर्धशहरी तथा ग्रामीण गरी ३ वर्गका क्षेत्र समेटेको व्यास नगरपालिकालाई *गाउँ* र *शहर* को अर्थपुर्ण तथा कार्यगत साझेदारी रहेको शहरको रूपमा पहिचान गरिएकोछ र त्यसै अनुरूपको विकास प्राथमिकताको आवस्यकता छ ।

***समृद्ध***

समृद्धि भनेको भौतिक, सामाजिक तथा आर्थिक रूपले सम्पन्न भएको स्थिति हो । कृषि, पर्यटन तथा शिक्षा क्षेत्र पूर्ण रूपले विकसित भए पछि मात्रै नगरपालिका समृद्ध हुनेछ । यिनै क्षेत्रहरूमा विशेष लगानीको आवस्यकता देखिन्छ । यस आवधिक योजनाको मुख्य लक्ष्य जनताको समृद्धि हासिल गर्ने दिशा तिर केन्द्रित रहनेछ भने आगामी अरू थप २०-२५ वर्ष सम्म पनि यीनै क्षेत्रहरू विकास अग्रणी क्षेत्रका रूपमारहने छ र समृद्धिको यात्रा निरन्तर चलिरहनेछ ।

## २.५ आवधिक योजना समष्टिगत लक्ष

आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी न्यायपूर्ण तथा सुशासनयुक्त सभ्य समाज भएको समृद्ध नगरपालिका ।

## २.६ विषय क्षेत्रगत वृहत उद्देश्य

व्यास नगरपालिकाको समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय वमोजिम वृहत उद्देश्य निर्धारण गरिएको छ ।

१. पर्यटन, कृषि, ऊर्जा, उद्योग, पूर्वाधार र मानव संशाधन विकासको माध्यमबाट समतामूलक तथा उच्च आर्थिक वृद्धि हासिल गरी समृद्ध ब्यास नगरको आधार निर्माण गर्नु ।

२. सामाजिक विकास तथा सेवा प्रवाह (माध्यमिक तथा आधारभुत शिक्षा, स्वास्थ्य, पोषण, सरसफाई) को सर्वसुलभता, गुणस्तरीयता सुनिश्चितता गर्दै आमनागरिकहरू विशेषगरी युवा, महिला, बालबालिका, ज्येष्ठ नागरिक, तथा अन्य आर्थिक तथा सामाजिक रूपमा पिछडिएका लक्षित वर्गको आधारभूत सेवामा पहुँच स्थापित गर्नु ।

## २.७ आवधिक नगर विकास योजनाको अपेक्षित उपलब्धी

१. व्यास नगरपालिका भित्र आय आर्जनमूलक, उत्पादनमुखी, आत्मनिर्भरको जग निर्माण भएको हुनेछ ।
२. सफा उर्जाको विकास भै औद्यागिकक्षेत्रको विस्तार, विद्युतीय सवारी साधनको प्रयोग, खाना पकाउने एलपी ग्यासको प्रतिस्थापन, र घरायसी कार्यको यान्त्रीकरण भएको हुनेछ ।
३. नयाँ रोजगारीको सिर्जना, गरीवी निवारण, र अर्थतन्त्रको विस्तार गर्नमा स्थानीय उत्पादक र पर्यटन ब्यवसायी विच सघन सहकार्य भएको हुनेछ ।
४. व्यास नगरपालिका भित्र कृषिक्षेत्रमा उन्नत विउविजनको प्रयोग, यान्त्रीकरण, जलवायु अनुकूलन कृषि प्रणालीको विकास, र अनुसन्धान मार्फत उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुनेछ ।
५. साना घरेलु तथा मझौला उद्योग, कृषि प्रशोधन र खानीजन्य उद्योगहरूको स्थापना र विस्तार भई आयात प्रतिस्थापन र नगरपालिकाको गार्हस्थ उत्पादनमा उद्योगक्षेत्रको अंश उल्लेख्य रहेको अवस्था हुनेछ ।
६. नगरपालिकाक्षेत्र भित्र पूर्वाधारका नयाँ संरचनाको निर्माण तथा पुराना संरचनाको मर्मत सम्भार निर्धारित समय र लागतमा सम्पन्न भइ वस्तुहरूको उत्पादन र ढुवानी लागत घटेको हुने र आर्थिक क्षेत्रमा नगरपालिकाको प्रतिस्पर्धि क्षमता वृद्धि भएको हुनेछ ।
७. बजारमा उच्च माग भएका प्राविधिक तथा ब्यावसायिक शिक्षा र तालिमको विस्तार भै शिक्षा र उत्पादन विचको सम्बन्ध विस्तार भएको हुने र शिक्षा क्षेत्रको सुधारले गुणस्तरीय शिक्षाको खोजीमा वाहिर वसाई सराइ हुने क्रममा कमी आएको हुनेछ ।
८. स्वास्थ्य क्षेत्रको ब्यवस्थापन प्रणालीमा सुधार भइ आधारभूत र विशिष्टिकृत सेवाहरू प्रभावकारी रूपमा तोकिएका स्वास्थ्य संस्थामा उपलब्ध हुने अवस्था सृजना भएको हुनेछ ।
९. सुशासन प्रवर्द्धनका कारणले ब्यास नगरपालिकामा १४ वटै वडाहरू आफ्नो काममा पारदर्शी, र सेवाग्राहीका आवस्यकता प्रति संवेदनशील र उत्तरदायी भएका हुनेछन । साथै नगरपालिकाले दिने सवै सेवाहरू जनतालाई उपलब्ध भएको हुनेछ ।
१०. वन र वातावरणको संरक्षण भएको हुनेछ । साथै वनको प्रयोग नगरवासीका अर्थोपार्जन संग समेत जोडिएको हुनेछ ।
११. जलवायु परिर्वनको जोखिम वहन गर्न सक्ने क्षमताको विकास भइ सेवा प्रवाह गर्ने सार्वनिक सस्थाहरूको ब्यवस्थापन सुधारले एकल महिला, दलित, अपाङ्ग, जेष्ठ नागरिक, वालवालिका, आदिको सामाजिक सुरक्षा सम्बन्धी ब्यवस्था मजवुत भएको हुनेछ ।
१२. व्यास नगरपालिकाको राजश्व प्रणाली सुदृढ भइ सहभागितात्मक योजना प्रणाली विकास हुन गइ सूचना प्रणालीमा समेत सामयिक सुधार भएको हुनेछ ।

## २.८ परिमाणात्मक लक्ष्य

आवधिक योजनाको अपेक्षित परिमाणत्मक उपलब्धी तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १: आवधिक योजनाको परिमाणत्मक लक्ष्य**

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| **क** | **समष्टिगत आर्थिक सूचक (Macroeconomic Indicators)** | | | | | | | |
| १ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ६.८ | ७.१ | ९.६ | १०.२ | ८.५ | १० |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलरमा | १०४७ | १०४३ | १५९५ | १९५६ | १३४० | १५५० |
| **ख** | **अर्थतन्त्रमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान** | | | | | | | |
| ३ | क. कृषि | प्रतिशत | २६.९८ | २८.२ | २२.३ | २३.७ | २७.३ | २३ |
| ४ | ख. गैर कृषि | प्रतिशत | ७३. | ७१.८ | ७७.७ | ७६.३ | ७२.७ | ७७ |
| **ग** | **अर्थतन्त्रमा क्षेत्रगत योगदान** | | | | | | | |
| ५ | प्राथमिक क्षेत्र (कृषि, वन र खानि तथा उत्खनन्) | प्रतिशत | २७.६ | ३०.७ | २३ | ३७.७ | ३२.७ | ३७ |
| ६ | द्वितीय क्षेत्र (उद्योग, विद्युत, ग्याँस र पानी, निर्माण) | प्रतिशत | १४.६ | १७.४ | १८.१ | २२.४ | १४.३ | १८ |
| ७ | तृतीय क्षेत्र (सेवा) | प्रतिशत | ५७.८ | ५१.९ | ५८.९ | ५३.९ | ५३ | ४५ |
| **घ** | **सरकारी वित्त** | | | | | | | |
| ८ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा वार्षिक बजेट | प्रतिशत | ४३.४ | ११.१ | ६४ | १४.२ | १० | १२.५ |
| ९ | बजेटमा पुंजीगत र चालु विनियोजनको अनुपात | अनुपात | १.३ | १.९:६.१ | १.१:५ | १.१:५ | १.८४ | ३ |
| १० | वार्षिक विनियोजन मध्ये कुल खर्च | प्रतिशत | ८९.४ | २८.९ | ९९. | ९९. | ७२.४९ | १०० |
| ११ | वार्षिक विनियोजन मध्ये पुंजीगत खर्च | प्रतिशत | ८७.४ | १४.८ | ९९. | ९९. | ५५.१६ | १०० |
| १२ | वार्षिक विनियोजन मध्ये चालु खर्च | प्रतिशत | ९१.३ | १४.२ | ९९. | ९९. | ८७.४२ | १०० |
| १३ | संघीय बजेटवाट हस्तान्तरीत अनुदान (प्रदेशको तथा स्थानीय तहको कुल ग्राहस्थ उत्पादनको अनुपातमा) | प्रतिशत | | ५.५ | | ६ | NA | |
| **ङ** | **संघीय बजेटवाट हस्तान्तरीत अनुदान** | | | १२.७ | | १३ | ६१.२७ | ५० |
| १४ | राजस्व बाँडफाँटको अंश | प्रतिशत | | १२.९ | | १२.९ | ८.९ | १० |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| १५ | स्थानीय तहको बजेटमा राजस्वको अंश (खर्च व्यहोर्ने स्रोत) | प्रतिशत | | ३६ | | ५०. | २७.६ | ३० |
| १६ | प्रदेशको बजेटबाट स्थानीय तहमा जाने अनुदानका लागि विनियोजन | प्रतिशत | | ४.३७ | | १०. | १.५ | ५ |
| १७ | स्थानीय तहहरूको आयमा अनुदानको अंश | प्रतिशत | ८७.२ | ८९.५ | ८२.२ | ८४.५ | ६२.७७ | ७२ |
| १८ | स्थानीय तहहरूको कुल खर्चमा पूँजिगत खर्चको अंश | प्रतिशत | ४१.३ | ४३.१ | ४६.३ | ४८.१ | ४४.७ | ४७ |
| **च** | **वित्तीय क्षेत्र** (Financial Sector) | | | | | | | |
| १९ | जनसंख्या प्रति बैंक तथा वित्तीय संस्थाको शाखा | जना | ३३६३ | २२५७ | ३३६३ | २२५७ | ६४१ | ३२० |
| २० | बाणिज्य बैंकको संख्या | सङ्ख्या | ७३९ | ८४ | ७५३ | ८५. | १९ | २२ |
| २१ | बचत तथा ऋण सहकारी संस्था | सङ्ख्या | १३७६९ | १४७० | | १८३७ | ७८ | ६० |
| २२ | लघु वित्त संस्थाको शाखा | सङ्ख्या | १४२५ | १७९ | | २१५ | ७ | ७ |
| **छ** | **उद्योग, बाणिज्य तथा आपूर्ति** | | | | | | | |
| २३ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको हिस्सा | प्रतिशत | ५.५९ | ३.१७ | ६.५ | ६.६३ | १ | ३ |
| २४ | कुल आर्थिक प्रतिष्ठान मध्ये औद्योगिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ११.३ | १०.९ | १२.३ | ११.९ | ५.४ | ५.७ |
| २५ | प्रतिष्ठानमा संलग्न कुल जनशक्ति मध्ये औद्योगिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | १५.८ | ११.४ | १६.३ | १३.४ | ७.५ | ८ |
| २६ | कुल औद्योगिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४८.६ | ५३. | १००. | १००. | ५१ | ५५ |
| २७ | कुल गार्हस्थ्य उत्पादनमा बाणिज्य क्षेत्र (थोक तथा खुद्रा व्यापार) को हिस्सा | प्रतिशत | १४.३७ | ७.९९ | १५.३७ | ८.९९ | ८ | १३ |
| २८ | कुल आर्थिक प्रतिष्ठान मध्ये व्यापारिक प्रतिष्ठानको अनुपात | प्रतिशत | ५३.९ | ५०.२ | ५३.९ | ५०.२ | ५० | ५५ |
| २९ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्ति मध्ये व्यापारिक प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ३०.६ | २९.९ | ३०.६ | २९.९ | २७.७ | २९ |
| ३० | कुल व्यापारिक प्रतिष्ठान मध्ये दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ४४. | ४८. | १००. | १००. | ४५ | ७५ |
| **ज** | **व्यावसायिक प्रतिष्ठान** | | | | | | | |
| ३१ | देशका कुल आर्थिक प्रतिष्ठानमा प्रदेशको हिस्सा | प्रतिशत | | १०.९ | | ११.९ | NA | |
| ३२ | प्रति प्रतिष्ठानमा संलग्न जनशक्ति (Average size of persons engaged) | जना | ३.५ | ३.३ | ३.८ | ४. | ३.१ | ३.५ |
| ३३ | स्थानीय तहका कुल प्रतिष्ठानमा दर्ता भएका प्रतिष्ठानको अनुपात | प्रतिशत | ५०.१ | ५५.५ | १०० | १०० | ५४.४ | ७५ |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| ३४ | प्रतिष्ठानमा संलग्न जनशक्तिको लैंगिक अनुपात | पुरूष प्रति सय महिला | १५०. | ११९.५ | १२०. | १०५. | ११४ | ११० |
| ३५ | प्रतिष्ठानका व्यवस्थापकको लैंगिक अनुपात | पुरूष प्रति सय महिला | २३७.३ | १५५.७ | १५०. | ११५. | १५३.३ | १२० |
| ३६ | स्थानीय तहका कुल प्रतिष्ठानमा लेखा राख्ने प्रतिष्ठानको अनुपात | प्रतिशत | ४७.४ | ६१.२ | ९०. | ९५. | ६५ | ९० |
| **झ** | **कृषि तथा वन** | | | | | | | |
| ३७ | कुल गार्हस्थ्य उत्पादनमा कृषि तथा वन र मत्स्यपालनको हिस्सा | प्रतिशत | २७. | २८.२ | २२.३ | २३.७ | ३० | ३४ |
| ३८ | प्रमुख खाद्यान्न बालीको उत्पादकत्त्व (धान, मकै, कोदो, फापर, जौ र गहुँ) | मे. टन प्रति हेक्टर | २.९ | २.७ | ४. | १९.९ | १.७३ | २.५ |
| ३९ | तेलहन बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १.१ | ०.९८ | १.५ | १.३ | ०.५ | ०.८ |
| ४० | आलु बालीको उत्पादकत्त्व | मे. टन प्रति हेक्टर | १६.४ | १२.९ | २२ | १९.९ | १० | १४ |
| ४१ | कृषि तथा वन र मत्स्यपालन सम्बन्धी व्यावसायिक प्रतिष्ठान (कुल प्रतिष्ठानको हिस्सा) | प्रतिशत | २.६ | ४. | ५. | ६. | २.९ | ३ |
| ४३ | प्रतिष्ठानहरूमा संलग्न कुल जनशक्तिमध्ये कृषि तथा वन र मत्स्यपालन सम्बन्धी प्रतिष्ठानमा संलग्नको हिस्सा | प्रतिशत | ३.३ | ३.९ | ४.३ | ४.८ | २.७ | २.७ |
| ४४ | कृषक परिवारले चलन गरेको प्रति कित्ता जमिनको आकार | हेक्टर | ०.२ | ०.२ | ०.३ | ०.३ | ०.२ | ०.५ |
| ४५ | ३० मिनेटसम्मको दूरीमा कृषि उपज बिक्रीका लागि बजार उपलब्ध भएका कृषक परिवार | प्रतिशत | २९.७ | २४.९ | ५१.७ | ४६.९ | ३७ | ५० |
| ४६ | खेतियोग्य जमिन मध्ये सिंचित जमिन | प्रतिशत | ४५. | २७.४ | ४५. | ५० | ५०.८ | ७० |
| ४७ | वर्षभरी सिंचाई हुने खेतियोग्य जमिन | प्रतिशत | ३३. | १२.६ | ५०. | १५.३ | १२.०३ | ४० |
| **ञ** | **श्रम तथा रोजगारी** | | | | | | | |
| ४८ | श्रमशक्ति सहभागिता दर (१५ वर्ष माथि) | प्रतिशत | ३८.५ | ३५.७ | ४८.५ | ५०. | ३७ | ४२ |
| ४९ | बेरोजगारी दर | प्रतिशत | ११.४ | ९. | ६=) | ४. | ९.१ | ५ |
| ५० | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.५ | ३९.९ | ५०=) | ५५. | ३९ | ४५ |
| ५१ | रोजगारी र जनसङ्ख्याको अनुपात | प्रतिशत | ३२.२ | ३२.५ | ४२.२ | ४२.५ | ३१.७ | ३५ |
| ५२ | तल्लो ५ प्रतिशत र माथिल्लो ५ प्रतिशत आम्दानि भएका श्रमिकको मासिक आम्दानिको अनुपात | अनुपात | ५.८३ | ५.८३ | २. | २.३ | ४.४ | २ |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| ५३ | श्रम उत्पादकत्त्व | रू. हजारमा | १८४.६ | १८८.४ | २७६ | २८१.७ | १९० | २४० |
| ट | **गरिबी र असमानता** | | | | | | | |
| ५४ | बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | २८.६ | १४.२ | १३ | ७.३ | १४ | ७ |
| ५५ | प्रति दिन १.९ डलर (एएए) आम्दानिका आधारमा गरिबी | प्रतिशत | १४.९९ | ११.१ | १४.९९ | १०. | ६.७ | ६ |
| ५६ | आम्दानीमा माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात (Palma Ratio) | अनुपात | १.३ | १.४१ | १.२५ | १.१ | १.२ | १ |
| ५७ | सम्पत्तिमा आधारित जिनी गुणक (Gini Coefficient) | गुणक | ०.३१ | ०.३७ | ०.२९ | ०.२६ | | |
| ५८ | कुल उपभोगमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा | प्रतिशत | १८.५ | १८.९ | १८.५१ | २५. | १९ | १७ |
| ५९ | कुल आम्दानिमा तल्लो ४० प्रतिशत जनसङ्ख्याको हिस्सा | प्रतिशत | ५.३ | ७.८ | ५.३४ | १३. | ७.३ | १३ |
| ठ | **स्वास्थ्य तथा जनसङ्ख्या** | | | | | | | |
| ६० | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ६९.७ | ७१.४ | ७२ | ७७. | ६३ | ७७ |
| ६१ | जनघनत्व | जना/व.कि.मि. | १८० | १०९ | २०० | १३० | २८९.८ | २९५.४ |
| ६२ | प्रति परिवार औषत सदस्य संख्या | जना | ४.८ | ४.२ | ४.४ | ४. | ४.७ | ४.५ |
| ६३ | ५ वर्ष मुनिको वाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) | दर | ३९ | २७ | २४ | २२ | २३ | २० |
| ६४ | शिशु मृत्युदर -प्रतिहजार जीवित जन्ममा) | दर | ३२. | २३. | १७ | १७ | १७ | १५ |
| ६५ | नवजात शिशु मृत्युदर -प्रतिहजार जीवित जन्ममा | दर | २१ | १५ | १० | १० | ३.१ | २ |
| ६६ | पहिलो बच्चा जन्माउने औषत उमेर (प्रजननयोग्य उमेरका महिला) | प्रतिशत | २०.४ | २०.६ | २२.४ | २२.६ | २० | २२ |
| ६७ | कुल प्रजनन दर | शिशु/ प्रति महिला | २.३ | २. | २.१ | २.१ | २ | २ |
| ६८ | किशोरी अवस्थाको प्रजनन (प्रजननयोग्य उमेरका महिलाको अनुपात) | प्रतिशत | १७. | १४. | ५. | ५. | १४ | ७ |
| ६९ | परिवार नियोजनका आधुनिक साधनको प्रयोग गर्ने प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ४३. | ३७.३ | ५३. | ५३. | ३९ | ७० |
| ७० | प्रजननयोग्य उमेरका महिलामा परिवार नियोजनका आधुनिक साधनको न्युनता | प्रतिशत | २४. | ३०. | १०. | १६. | २७ | ७ |
| ७१ | संस्थागत सुत्केरी सेवाको दायरा | प्रतिशत | ५७.४ | ६८.३ | ७६. | ८८. | ३८.४३ | ७० |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाइ | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| ७३ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा लिएका महिला | प्रतिशत | ५८. | ६९.९ | ७९ | ८० | ३९ | ७५ |
| ७४ | ३० मिनेटसम्मको दूरीमा स्वास्थ्य सेवामा पहुँच रहेका परिवार | प्रतिशत | ४९.३ | ५३.७ | ८०. | ७७.४ | ६० | ८५ |
| ७५ | एच आईभि एड्स रोकथामबारे जानकारी प्राप्त प्रजननयोग्य उमेरका महिला | प्रतिशत | ८१ | ८३ | ९५ | ९८ | ८५ | १०० |
| ७६ | ऋणात्मक जनसङ्ख्या वृद्धिदर (बसाई सरेर जाने उच्चदर) भएका वडा | सङ्ख्या | २७ | ८ | १०. | ३. | ४ | १ |
| ङ | **शिक्षा** | | | | | | | |
| ७७ | साक्षरता दर (५ वर्ष माथि) | प्रतिशत | ६६. | ७५. | ९६ | ९५ | ८३ | ९६ |
| ७८ | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ५८ | ६७ | ९० | ९५ | ७३ | ९५ |
| ७९ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ८५ | ९५ | ९९ | ९९ | ९२ | ९९ |
| ८० | माध्यमिक तह (९-१२) मा कुल भर्नादर | प्रतिशत | ६०.६ | ७३.७ | ९० | ९२ | ९० | ९६ |
| ८१ | आधारभूत तह (१-८) मा खुद भर्नादर | प्रतिशत | ९२.३ | ९४.८ | ९९.५ | ९९. | ९८ | १०० |
| ८२ | माध्यमिक तह (९-१२) मा खुद भर्नादर | प्रतिशत | ४३.९ | ४४.७ | ६५ | ६० | ६० | ८० |
| ८३ | विद्यालय शिक्षा (१-१२) को भर्नामा लैंगिक समता | महिला प्रति सय पुरूष | १०४.१ | १०४.६ | १०५ | १०५.६ | १०४ | |
| ८४ | उच्च शिक्षामा कुल भर्नादर | प्रतिशत | १०.५ | ८.३ | २२ | २१ | ५१ | ७५ |
| ८५ | आधारभूत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी | प्रतिशत | २२.९ | ९.६ | ५. | १. | २ | ०.०२५ |
| ८६ | उच्च शिक्षाको भर्नामा लैंगिक समता | महिला प्रतिसय पुरूष | १०९. | १६१.२ | ११० | १६१.२ | १६० | १२० |
| ८७ | बाल कक्षा/पूर्व प्राथमिक तहको अनुभव सहित कक्षा १ मा भर्ना दर | प्रतिशत | ६६.३ | ५९.८ | ९०. | ९०. | ८५ | १०० |
| ८८ | विद्यालय शिक्षा (१-१२) शिक्षक- विद्यार्थि अनुपात | अनुपात | २४.१ | २२.४ | २०. | २०. | १८.४ | २२ |
| ढ | **भौतिक पूर्वाधार** | | | | | | | |
| ८९ | प्रादेशिक/स्थानीय तहको कालोपत्रे लोकमार्ग | कि.मि. | ६,९७९ | ९३७ | १५,००० | ३४५० | ७७.३५ | १०७.३५ |
| ९० | स्थानीय सडक (कच्ची ४६३.३३, ग्राभेल १३९.६) | कि.मि. | ६०१६२ | ९९८४ | | ९९५३ | ६१२.९३ | ६५१.९३ |
| ९१ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९०.७ | ८२.५ | ९९ | १०० | ९३ | १०० |
| ९२ | आधारभूत खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | ८९. | ९१.१ | ९९. | १०० | ९३.५ | १०० |
| ९३ | उच्च मध्यम स्तरको खानेपानी सुविधा पुगेको परिवार | प्रतिशत | २१. | २०. | ४०. | ५०. | ४९.९ | ८० |

| क्र.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| ९४ | इन्टरनेट प्रयोगकर्ता (कुल जनसङ्ख्यामा) | प्रतिशत | ५५.४ | ४८. | ८० | ८० | ७० | ९५ |
| ९५ | जलविद्युत् उत्पादन (जडित क्षमता) | मेगावाट | १०७४.१ | ४४८.५ | ५,००० | १५०० | | |
| ९६ | प्रतिव्यक्ति विद्युत् उपभोग | किलोवाट घण्टा | २४५ | १९० | ७०० | ७५० | १९५ | २०५ |
| **ण** | **राष्ट्रिय तथा प्रादेशिक सुखका लक्ष्य, गन्तव्य र सूचक** | | | | | | | |
| **क** | **मानव विकास र लैंगिक समता** | | | | | | | |
| १ | मानव विकास सूचकांक | सूचकांक | ०.५७९ | ०.५९ | ०.६२४ | ०.६५ | | ०.६५ |
| २ | जनसङ्ख्यामा सक्रीय उमेरको हिस्सा (जनसांख्यिक लाभांश) | प्रतिशत | ५६.९ | ५७. | ६०. | ६६. | ६४.९४ | ६६ |
| ३ | जनसङ्ख्यामा आश्रित अनुपात | अनुपात | ७५.६ | ७५.८ | ७०. | ७०. | ३५.०५ | ३३ |
| ४ | जनसङ्ख्यामा लैंगिक अनुपात | अनुपात | ९४.२ | ८३.१ | १००. | ९६. | १.०३ | १ |
| ५ | रोजगार महिला र पुरूषको मासिक आम्दानिको अनुपात (मुख्य कामबाट) | अनुपात | १.१७ | १.१६ | १.१ | १.१ | १.१ | १ |
| ६ | घर जग्गामा एकल स्वामित्व भएका महिला (१५ देखि ४९ वर्ष) | प्रतिशत | १६.७ | १९.९ | २५. | २८. | २२.७ | ३५ |
| ७ | जीवनकालमा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | २६.३ | १६.९ | १३. | १०. | १३ | ५ |
| ८ | विगत १२ महिनामा शारीरिक वा मानसिक वा यौन हिंसा पीडित महिला | प्रतिशत | १३.५ | ४.९ | ६. | ३. | ३ | ०.२ |
| ९ | प्रत्यक्ष लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | | ३३.३ | | ३५. | ५४ | १०० |
| १० | प्रदेश/स्थानीय तहको व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | प्रतिशत | | ७.१ | | १०. | NA | |
| ११ | स्थानीय तहका प्रमुखमा निर्वाचित महिला | प्रतिशत | ३९ | ६६. | | ७०. | NA | |
| **ख** | **आवास र शहरिकरण** | | | | | | | |
| १२ | सुरक्षित भवन आचार संहिताको मापदण्ड अनुसार निर्मित) आवासमा बसोबास गर्ने जनसङ्ख्या | प्रतिशत | ३७.८ | २६.२ | ६०. | ३७. | ३७ | ५८ |
| १३ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | ८५.३ | ८१.७ | ८९. | ८३. | ७७.७ | ८९.७ |
| १४ | ३० मिनेटको पैदल दूरीमा बजार केन्द्रको पहुँच पुगेको परिवार | प्रतिशत | ४४.७ | ४७.५ | ७५. | ६०. | ४७ | ६२ |
| १५ | सुधारिएको सरसफाई सुविधा प्राप्त गर्ने परिवार | प्रतिशत | ६४.६ | ७३.६ | ९०. | ८५. | ७० | ८५ |
| १६ | खाना पकाउन ठोस इन्धन (दाउरा, गुइठा आदि) प्रयोग गर्ने परिवार | प्रतिशत | ६५.७ | ६९.३ | ५०. | ५९. | ४६.२६ | ३५ |
| १७ | ग्रामीण र शहरी जनघनत्वको अनुपात | अनुपात | ३.६ | ६.५ | २. | ३. | १०.३६ | ८ |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| **ग** | **सामाजिक सुरक्षा** | | | | | | | |
| १८ | आधारभूत सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | १७ | २३ | ६० | ६६ | १०.३६ | १५ |
| १९ | स्वास्थ्य बिमामा आवद्ध जनसंख्या (१४८८६) | प्रतिशत | ३.५ | ७. | ६०. | ६४.०) | १०.३१ | ५० |
| २० | कृषि तथा पशु बिमामा आवद्ध परिवार | प्रतिशत | | ५ | | २५ | २०.७५ | ३० |
| **घ** | **वातावरण र विपद् व्यवस्थापन** | | | | | | | |
| २१ | वायु प्रदूषणको औसत मात्रा (पि पि एम २.५) | माइक्रोग्राम प्रति घन मिटर | ५३ | ५३ | ४० | ४० | NA | |
| २२ | अनुकूलन योजना तयार भई कार्यान्वयन भएका स्थानीय तह/वडा | सङ्ख्या | २१७ | २ | ५५० | २० | १४ | १४ |
| **ङ** | **मानव सुरक्षा र राष्ट्रिय एकता तथा सम्मान** | | | | | | | |
| २३ | राष्ट्रिय परिचयपत्र प्राप्त गरेका नेपाली नागरिक | प्रतिशत | | | १०० | १०० | | १०० |
| २४ | पाँच वर्षमुनिका बालबालिकको जन्म दर्ता | प्रतिशत | ५६. | ६०.८ | १००. | ९०. | १०० | १०० |
| २५ | कुपोषण प्रभावित जनसङ्ख्या | प्रतिशत | ३८. | ४१.७ | २०. | २०. | २९ | १४ |
| २६ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४८.२ | ५६. | ७०. | ८३. | ७० | ८५ |
| २७ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ९.९ | ६. | ७०. | २. | ६.५ | ३ |
| २८ | उपभोगको २ तिहाई खानामा खर्च गर्ने जनसङ्ख्या | प्रतिशत | ४४.१ | ४४.२ | ३० | १७ | ४४ | २२ |
| २९ | प्रतिव्यक्ति खाद्य उत्पादन | किलोग्राम | १९७.५ | २३४. | २५०. | ४००. | २०२ | २७० |
| ३० | पाँच वर्ष मुनिका कम तौल भएका बालबालिका (2yrs) | प्रतिशत | २७. | १४.९ | १५. | ८. | २.६ | ० |
| ३१ | पाँच वर्ष मुनिका बालबालिकामा देखिने दुव्लोपन | प्रतिशत | ९.७ | ५.८ | ५. | १. | २.४ | ० |
| ३२ | पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपन | प्रतिशत | ३५.८ | २८.९ | १८. | १७.३ | १० | ५ |
| ३३ | प्रजननयोग्य उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | ४०.८ | २८.२ | २०. | १६ | २३ | १० |
| ३४ | पाँच वर्ष मुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ५२.७ | ४६.२ | २५. | १० | १७ | १० |
| ३५ | प्रहरी र जनसङ्ख्याको अनुपात | जना/प्रहरी | ३९५ | २९१.३ | | ३०० | २८६ | |
| **च** | **मानव अधिकार** | | | | | | | |
| ३६ | दर्ता भएका लैंगिक हिंसा लगायतका अपराधका घटना र अनुसन्धानको अनुपात | अनुपात | ८८.९ | ८२.७ | १०० | १०० | १०० | १०० |

| क.सं | लक्ष्य, गन्तव्य र सूचक | एकाई | आ.व. २०७५/७६ को यथार्थ | | आ.व. २०८०/८१ को लक्ष्य | | आ.व. २०७७/७८ को यथार्थ | आ.व. २०८०/८१ को लक्ष्य |
|---|---|---|---|---|---|---|---|---|
| | | | नेपाल | गण्डकी प्रदेश | नेपाल | गण्डकी प्रदेश | व्यास नगरपालिका | |
| ३७ | शान्ति सुरक्षाका लागि विनियोजित प्रतिव्यक्ति बजेट | रूपैया | | | | | NA | |
| ३८ | हराएका बालबालिकामा फेला पार्न नसिकएकाको अनुपात (Untraced Rate) | प्रतिशत | ५६.४ | ५३.१ | २८. | २६. | ० | |
| **छ** | **सुशासन** | | | | | | | |
| ३९ | आवधिक योजना तर्जुमा गरेका  वडा | सङ्ख्या | | १९ | | ८५ | ० | १४ |
| ४० | मध्यमकालिन खर्च संरचना तयार गरेका वडा | सङ्ख्या | | २ | | ९५ | ० | १४ |
| ४१ | अनलाइन प्रतिवेदन प्रणाली स्थापना भएका वडा | सङ्ख्या | | २९ | | ८५ | १४ | १४ |
| ४३ | स्थानीय तहको कुल खर्चमा बेरूजुको अनुपात | प्रतिशत | ४.२२ | २.७ | १. | १. | १२.९ | ३ |

# परिच्छेद- ३ आर्थिक विकास योजना

खाद्य सुरक्षा, मर्यादित तथा सुरक्षित रोजगारी र सुनिश्चित आय जस्ता संवैधानिक अधिकारको सुनिश्चितता र यसको कार्यान्वयन गर्न संघ, प्रदेश एवं स्थानीय सरकारको भूमिका अनिवार्य छ । यस नगरपालिकाको आर्थिक विकासका मुख्य स्तम्भहरूमा कृषि, पर्यटन र व्यापार व्यवसाय रहेका छन् । नेपालको संविधानको अनुसूची- ८ मा स्थानीय तहलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ । यी विषयहरू दिगो विकासको **लक्ष्य-१ (शुन्य गरिबी), लक्ष्य-२ ( भोकमरीको अन्त्य) लक्ष्य-८ (सम्मानित काम तथा आर्थिक उन्नति) र लक्ष्य-१० (असमानताको न्यूनीकरण)** सँग जोडिएका छन् ।

यस क्रममा व्यास नगरपालिकाले समग्र आर्थिक विकास र खाद्य सुरक्षाको सुनिश्चितताका लागि संघ तथा प्रदेश सरकारको कानून, नीति, योजना र लक्ष्यको आधारमा समग्र आर्थिक विकासको खाका तयार गरेको छ । आर्थिक विकासका लागि प्रमुख सम्भाव्य श्रोतका रूपमा रहेको कृषि, पशु, उद्योग व्यवसाय, पर्यटन र सहकारी जस्ता क्षेत्रको विद्यमान अवस्था, समस्या तथा चुनौति एवं उद्देश्य, लक्ष्य परिमाण र सोको प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति तथा प्रमुख कार्यक्रमहरू यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ३.१ कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

व्यास नगरपालिका भित्र भएर अविरल बग्ने नदीहरूका किनारामा अवस्थित फाँटहरू, र टारहरू कृषि उत्पादनका दृष्टिकोणले निकै उर्वर छन् । नगरपालिकाको भू-उपयोगको अवस्था हेर्ने हो भने ३८.९२% भू-भाग खेतीयोग्य जमिन रहेको छ । व्यावसायिक ढाँचाले कार्यान्वयन गर्न सके नगरपालिकामा आय उत्पादनको मुख्य स्रोत कृषि नै हो । कलेस्ती, रिस्ती, छाब्दी र सांगे भ्यालीको उर्वर भूमिमा खेती गर्न यीनै नदीहरूो पानीबाट सिंचाइ गरिन्छ । नगरपालिकाको धेरै भागमा परम्परागत रूपमै खेती गर्ने गरिएको भएता पनि पछिल्लो समयमा ब्यावसायिक खेती तर्फ आकर्षण बढेको छ । नगरपालिकामा सिंचित कृषियोग्य जमिन जम्मा ४९,४०० रोपनी रहेको छ तथा असिंचित कृषियोग्य जमिन जम्मा ४०,२०० रोपनी रहेको छ ।

नगरपालिकाको मुख्य कृषि उत्पादन धान, मकै, आलु, गहुँ आदि हुन् । त्यस्तै सुन्तला, कागती, केरा आदि मुख्य उत्पादन हुने फलफूल हुन् । कुखुरा पालन यस क्षेत्रको अर्को महत्वपूर्ण व्यवसाय हो । नगरपालिकाको वडा १, ३, ५ र ११ मा जम्मा ५ वटा कुखुरा पालन केन्द्र छन् । कुल वार्षिक कुखुरा उत्पादन २९, ५०,००० वटा रहेको छ । यहाँ दुईवटा पशु वधशाला पनि रहेका छन । वडा नं ६ मा एउटा मत्स्य पालन केन्द्र पनि छ । यहाँ तीन वटा स-साना खाना प्रशोधन उद्योगहरू (Food Procesing Industies) छन् जसले केचप, प्याकेट चिप्स, दूध र दूधका उत्पादनहरू उत्पादन गर्दछ । कृषि तथा पशुजन्य उत्पादनहरू स्थानीय स्तरमा संकलन गरिन्छ र अन्य नगरपालिकाहरूमा आपूर्ति गरिन्छ ।

अन्न बाली उत्पादन क्षेत्र गरिने क्षेत्रमा सबै भन्दा बढी कृषि क्षेत्र (८५.१६%) ओगटेको छ भने “कृषि-वन-फलफूल” (Agro forestry) क्षेत्रले ११.८३% ओगटेको छ । नगदे बाली क्षेत्रले जम्मा २.२४% ओगटेको छ । बागबानी, पशुपालन तथा माछापालनले कृषि क्षेत्रको निकै कम क्षेत्र ओगटेकोछ ।

अन्न बालीको रूपमा यहाँ धान, गहुँ, मकै, गहुँ (८८७० मे.ट.), तरकारी (७५०० मे.ट.), फलफुल (१३३५ मे.ट.) उत्पादन हुने गर्दछ । त्यसैगरी दुध उत्पादन करिब ९५ लाख १८ हजार लिटर, मह उत्पादन १० हजार के.जी. उत्पादन हुने गरेको छ । नगद बालीको रूपमा अदुवा, दाल र पिँडालु मुख्य रहेका छन् । मौसमी फलफूल पनि यहाँ पाइन्छ र सुन्तला यहाँको मुख्य फलफूल हो ।

खेती गरिएको भू-भाग मध्ये ७८.८६% समतल भूमिमा छ भने २१.१४% भिरालो भूमिमा रहेको छ । बालीको ढाँचा हेर्ने हो भने धान-गहुँ ३३.६६%, मकै-गहुँ १७.९२%, मकै-तोरी ८.८४%, मकै-मास ७.४५%, धान-मकै ३.८२% र मकै-जौ ३.५१% गरी मुख्य रूपमा पाइन्छन् ।

व्यास नगरपालिकामा सार्वजनिक स्थानमा निर्मित दमौली र कृषि सामाग्री कम्पनी लिमिटेडको बेलथोक गरी दुईवटा तरकारी संकलन केन्द्र र व्यक्तिगत स्वामित्वको दुम्सीचौर कृषि उपज संकलन केन्द्र रहेको छ ।

यस नगरपालिका क्षेत्र भित्रका घरपरिवार मध्ये २५.९ प्रतिशतलाई ३ महिना भन्दा कम, १९.१ प्रतिशतलाई ६ महिनासम्म, १३.७ प्रतिशतलाई ९ महिनासम्म र ४१.३ प्रतिशत परिवारलाई १२ महिनासम्म खान पुग्ने अवस्था रहेको देखिन्छ ।

### ३.१.२ प्रमुख समस्या

यस नगरपालिकाका उर्वर फाँटहरू पनि कतिपय ठाउँमा बाँझो देखिन्छ भने कतिपय फाँटहरू क्रमश बस्ती विस्तारको चापमा परेकाछन् । कृषि कर्ममा लाग्ने जनशक्ति रोजगारीका लागि मुलुक वाहिर गएकाछन् भने कतिपय जग्गा धनीहरू खेतीपातीको काम छोडी काठमाण्डौं र चितवन तिर वसाई सराई गर्ने गर्दछन । उपरोक्त वस्तुगत अवस्था हुँदा हुँदै पनि कृषि कर्ममा लागेका कृषकहरूमा सामान्यत: व्यावसायिक ज्ञानको कमी, अपर्याप्त प्राविधिक सहयोग, कृषिमा आधुनिक प्रविधि र सामाग्री भित्रिन नसक्नु, उर्बर फाँटमा सिंचाइ सुविधाको अपर्याप्तता तथा कृषि उपजको राम्रो बजारीकरण हुन नसक्नु, दक्ष जनशक्तिको अभाव रहनु, ज्यालामा विभेद हुनु, कृषि सहकारीको विकास हुन नसक्नु, मूल्य सूचना वारे जानकारी नहुनु, कृषि कर्जा तथा वीमा लगायतका वित्तीय सेवामा कृषकको सहज पहुँच नहुनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### ३.१.३ अवसर र चुनौती

**अवसर**

कृषि नै व्यास नगरबासीको जनजीवनको मुख्य आर्थिक स्रोतको रूपमा रहेको छ । साँगे, बुल्दी, कलेस्ती, रिस्ती र छाब्दी खोलाका दायाँवायाँ रहेका फाँटहरू कृषि कार्यका लागि उर्भर र सदावहार छन् भने कुमालटारी, बैरेनी र भादगाउँ जस्ता साना ठूला टारहरूमा सिंचाई व्यववस्थापन गर्न सके खाद्य सुरक्षामा आत्म निर्भर हुन सक्ने ठूलो सम्भावना देखिन्छ । कृषि बालीहरू, पशुपलान, मौरीपालन, माछापालन लगायतका पकेट क्षेत्रहर विस्तार गरि कृषिलाई आधुनिकीकरण, व्यावसायिकरण र उत्पादनको बजारीकरण गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ ।

**चुनौती**

सिंचाइ व्यवस्थापनका लागि ठूला आयोजनाहरूको निर्माण हुन नसकेकोले यहाँका फाँटहरू बाँझो देखिन्छन । फाँटहरू बाँझो देखिनुमा युवा जनशक्ति विदेश पलायन हुनु र अव्यवस्थित शहरीकरणबाट सृजित जग्गाको खण्डीकरणमा वृद्धि हुनु प्रमुख कारकका रूपमा रहेका छन् । उपर्युक्त सन्दर्भमा जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरूत्साहित गरी कृषि क्षेत्रमा लगानी वृद्धि गर्न, र महत्वपूर्ण कृषि उपजहरूको मूल्य श्रंखला (Agriculture Product Value Chain) को विकास गरी कृषि पेशालाई प्रतिस्पर्धी, नाफामूलक, सम्मानजनक र व्यावसायिक रूपमा स्थापित गर्नु ठूलो चुनौती देखिन्छ ।

### ३.१.४ उद्देश्य

१. कृषि र पशुपालन क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।
२. सम्भाव्यताको आधारमा कृषि पकेट क्षेत्र घोषणा गर्ने र प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नु ।
३. पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यावसायीकरण, र बजारीकरण गर्नु ।

### ३.१.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २: कृषि तथा पशुपंक्षी विकास र खाद्य सुरक्षाको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. कृषिक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।** | |
| १.१ एक वडा एक उत्पादनको अवधारणामा आधारित भै हरेक वडालाई कृषि केन्द्रको रूपमा विकास गर्ने । | १.१.१ प्रधानमन्त्री रोजगार कार्यक्रम SIP Challenge Fund, जनसहभागितामा आधारित विकास कार्यक्रम र व्यावसायिक सीप विकासको माध्यमबाट रोजगारी सृजना तथा प्रबर्द्धन गरिनेछ ।<br>१.१.२ सामाजिक तथा आर्थिक रूपले पछाडि परेका विपन्न समुदायलाई कृषिसम्बन्धी आधारभूत तथा विशिष्टीकृत तालिम उपलब्ध गराइनेछ ।<br>१.१.३ कृषि उपजको बजारीकरणको लागि आवश्यक पूर्वाधारहरू जस्तै शित भण्डार, कृषि उपज बिक्रि केन्द्रहरूको निर्माण गरिनेछ ।<br>१.१.४ किसानहरूलाई खेती गर्ने समयमा मल बीउ उपलब्ध गराउन आवश्यक वातावरण |

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. कृषिक्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गरी कृषकको जीवनस्तरमा सुधार गर्नु ।** | |
| | मिलाइने छ ।<br>१.१.५ उन्नत मल, बीउबीजन, साना सिंचाई र निशुल्क माटो परीक्षणको व्यवस्था गरि कृषि उत्पादनमा सहयोग पुराइने छ ।<br>१.१.६ कृषि बजारका लागि उपयुक्त हाटबजार स्थापना गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ । |
| **उद्देश्य २. सम्भाव्यताको आधारमा कृषि क्षेत्र घोषणा गर्ने र प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्नु ।** | |
| २.२ कृषि क्षेत्रको सम्भाव्यताको आधारमा कृषि क्षेत्र घोषणा गर्ने र प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गर्ने | २.२.१ व्यावसायिक कृषिमा संलग्न कृषकहरूलाई प्रोत्साहन तथा थप लगानीका अवसरहरू प्रदान गरिनेछ ।<br>२.२.२ जैविकउत्पादन केन्द्रको विकास गर्न कृषकलाई सचेतना, जैविक उत्पादन प्रविधि र प्रसार कार्यक्रम तथा अर्गानिक एग्रीमार्ट स्थापना र संचालनको व्यवस्था गरिनेछ ।<br>२.२.३ स्थानीय कृषकको माग, विशिष्टकृत स्थानीय जातमा आधारित एक वडामा एक वहुउद्देश्यीय कृषि नर्सरीको स्थापना गरी विरूवाको उपलब्धतालाई सहज गराइनेछ ।<br>२.२.४ कृषि सामग्री, अनुदान, बिमा, ऋण, शित भण्डार, संकलन, प्रशोधन र विक्री केन्द्र, कोशेली घरको व्यवस्था गरी बजारीकरण र कृषि सूचनामा किसानको सहज पहुँच अभिबृद्धि गरिनेछ ।<br>२.२.५ कृषिको बढी सम्भावना देखिएको वडा नं. १, ५, ६, ९, १०, ११, १२, १३,१४ लाई लक्षित गरी विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२.२.६ भूमि बैंक स्थापना गरि बाँझो जग्गा सदुपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।<br>२.२.७ नगरपालिकामा खाद्य सुरक्षाको सुनिश्चितता हुनेगरी उत्पादन, भण्डारण र व्यवस्थापन गरिनेछ । |
| **उद्देश्य ३. पशुपालन क्षेत्रको विशिष्टिकरण, व्यावसायीकरण, र बजारीकरण गर्नु ।** | |
| ३.३ पशुपालन र पशुपंक्षीजन्य उपजको विशिष्टिकरण गरी उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्ने । | ३.३.१ सहकारीको माध्यमबाट व्यावसायिक पशुपालनमा संलग्न कृषकहरूलाई उत्पादनमा अनुदान, प्रोत्साहन तथा थप लगानीका अवसरहरू प्रदान गरिनेछ ।<br>३.२ पशु स्वास्थ्य उपचारका लागि प्राविधिक परामर्श, औषधि वितरण, पशुपंछी उपचार र नश्ल सुधारका माध्यमबाट पशुपालनको विकास गरिनेछ ।<br>३.३ पशुपालनको बढी सम्भावना देखिएको वडा नं. ५, ६, ८, ९, १०, १२, १३, १४ लाई लक्षित गरी आधुनिक डेरी संचालन गर्न सहकारी वा समूहलाई सामूहिक रूपमा ऋण प्रदान गरी दुध तथा दुध जन्य उत्पादन विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.३.४ पशुपंछी पालन तथा उत्पादन पकेट क्षेत्रलाई लक्षित गरी पशुपन्छीजन्य उपजहरूको उत्पादन क्षमतामा अभिवृद्धि, संकलन, प्रशोधन र बजारीकरणको विकास र विस्तार गरिनेछ । |

### ३.१.६ कार्यकम

१. कृषि उपज भण्डारण तथा प्रशोधन केन्द्र स्थापना र सञ्चालन
२. कृषि तथा पशुपंक्षीपालन पकेट क्षेत्र विकास
३. कृषि तथा पशुपालन प्राविधिक सहयोग
४. मासु तथा दुधजन्य उत्पानमा अनुदान
५. कृषि समाग्री औजार अनुदान
६. तरकारी तथा फलफूल उत्पादन प्रर्वद्धन
७. कृषकको क्षमता विकास
८. तरकारी संकलन केन्द्र वा स्थल निर्माण
९. हाईटेक कृषि तरकारी नर्सरी स्थापना

### ३.१.७ अपेक्षित उपलब्धि

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३४ प्रतिशत पुगेको हुने, न्यूनतम पाँच उच्च मूल्य बालीको व्यावसायिक खेती भएको हुने, कृषि उपज विक्री गर्ने कृषकको संख्या ३० प्रतिशत पुगेको हुने, तरकारी र फलफूल खेतीमा संलग्न कृषक ५० प्रतिशत पुगेको हुने, उन्नत नश्लका पशुपालन ५० प्रतिशत पुगेको हुने, ३० प्रतिशत किसान व्यावसायिक कुखुरापालनमा संलग्न भएको हुने, कम्तिमा २ वटा ब्यवस्थित तरकारी बजार केन्द्र स्थापना भएको हुने, दूधमा आत्मनिर्भर भएको हुने, कम्तिमा ३ वटा दुग्ध डेरी स्थापना भएको हुने ।

## ३.२ उद्योग, व्यापार, व्यवसाय तथा खनिज

### ३.२.१ पृष्ठभूमि

**उद्योग, व्यापार, व्यवसाय**

यस नगरपालिकामा साना घरेलु उद्योगहरू रहेका छन् । यी उद्योगहरूले आफ्नो उत्पादनलाई पोखरा र डुम्रेलाई समेत आपूर्ति गर्छन् । त्यस किसिमका साना उद्योगहरूमा मिल, धातुको काम, डेरी उत्पादन, हस्तकला उद्योग आदि पर्दछन् ।

हाल यस नगरपालिकामा ५.५ प्रतिशत जनसंख्या उद्योग, व्यापार, र व्यवसायमा संलग्न भएको, नगर क्षेत्रमा कुटानी पिसानीका लागि ३६ वटा विद्युत मिल, ३१ वटा कृषि संकलन तथा प्रसोधन केन्द्र, १५ फर्नीचर, २ हस्तकला, १ इटा उद्योग, ३ जुत्ता, २ पाउरोटी र २ हस्तकला सम्बन्धी साना उद्योगहरू संचालनमा रहेका छन् । त्यसैगरी नगरपालिका भित्र पसल किराना, होटल रेष्टुरेन्ट, फार्मेसी लगायतका सानाठूला व्यवसायहरूको संख्या ३,५५१ रहेका छन् । कुखुरा, पशुपालन र मत्स्य पालन व्यवसाय पनि केही मात्रामा सञ्चालनमा रहेका छन ।

उद्योगको कमीको कारण व्यास नगरपालिकामा उपलब्ध कच्चा पदार्थको उपयोगिता हुन सकेको छैन । तसर्थ यहाँ दैनिक उपभोग्य सामग्री र अन्य आधारभूत मालसामान बाहिरबाट आयात गर्नु पर्ने अवस्था छ । नगरपालिकामा रहेका केहि उद्योगहरू जस्तै कुखुरा पालन, मत्स्य पालन, पशु पालन केन्द्रहरूबाट पोखरा र डुम्रे सम्म उत्पादनहरू निर्यात हुने गरेकोछ । मनास्लु मिनरल वाटर उद्योगबाट व्यास भन्दा बाहिरका नगरपालिकाहरूमा मिनरल वाटर निर्यात गरिन्छ ।

**खनिज**

व्यास नगरक्षेत्रमा स्लेट, चुनढुङ्गा (वडा १३) आदिको खानी रहेकाले सिमेन्ट उद्योगको संभावना रहेको, तर व्यावसायिक रूपमा उत्खनन तथा ठूला उद्योग संचालनमा नरहेको अवस्था छ । वडा नं ११ बुचामा तामाखानी रहेको, तर व्यावसायिक रूपमा तामाखानी संचालन हुन नसकेको अवस्था छ । नदिनालाबाट ढुँगा, गिट्टी, बालुवा निकाल्ने गरिएकोछ । नगरपालिकाका लागि दीगो आर्थिक श्रोतका रूपमा रहेको तर अनियन्त्रित तथा अव्यवस्थित रूपमा प्राकृतिक श्रोतको दोहन चुनौतिका रूपमा रहेको देखिन्छ । व्यास नगरपालिकाको वडा नं. ११ मा कृषि चुन, सिमेन्टका लागि आवश्यक कच्चा पर्दाथको खानी रहेको छ । नगर क्षेत्रभित्र छाप्ने स्लिेट पत्थर खानी र रोडा पत्थर खानीहरू छन् । जसमा केही ठूला उद्योगहरू समेत संचालनमा रहेकाछन् । यी उद्योगहरूले नगरपालिकाको आन्तरिक राजस्वमा योगदान पुर्‍याएको छ ।

अव्यवस्थित रूपमा सञ्चालन गरिँदै आएको स्लेट ढुङ्गा उत्खनन् र कटिङ उद्योगहरूलाई व्यवस्थित गर्नका लागि अति आवश्यक देखिएकोले त्यस सम्बन्धी उद्योगहरूलाई प्रक्रिया पुरा गरी नगरपालिकामा दर्ता गराई नियमन गर्ने उद्देश्यले व्यास नगरपालिका स्लेट ढुङ्गा उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि, २०७७ निर्माण गरी लागु गरिएको छ ।

### ३.२.२ प्रमुख समस्या

व्यास नगरक्षेत्र भित्र सञ्चालित उद्योगमा व्यावसायिक उत्पादन हुन नसक्नु, उत्पादनको वजारीकरण हुन नसक्नु, उद्योग तथा औद्योगिक ग्रामको स्थापना हुन नसक्नु, उद्यमशीलता तथा सीपको कमी, सहकारीको लगानी उद्यम विकासतर्फ परिचालित हुन नसक्नु, जडिवुटी जन्य वस्तु प्रशोधन गर्ने उद्योगको अभाव हुनु, उत्पादित वस्तुको उत्पादन लागत पनि उच्च हुनु, र प्राविधिक जनशक्ति को कमि हुनु उद्योग क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

### ३.२.३ अवसर र चुनौती

**अवसर**

काठमाडौं, पोखरा र भरतपुरसँग नजिक रहेको र राजमार्गको सञ्जालमा रहेको व्यासमा स्थानीय तुलनात्मक लाभ उच्च भएका कृषि, पशुपालन, वनमा आधारित उद्योग व्यवसायहरू प्रतिस्पर्धी रूपमा विकास गर्न सकिने सम्भावना देखिन्छ ।

**चुनौती**

यस नगरक्षेत्रमा उत्पादन हुने वस्तुको मूल्य श्रृङ्खलाको विकासमा आवस्यक प्राविधिक सहयोग परिचालन गर्नु, काम गर्न सक्ने युवा जनशक्ति पलायन रोक्नु, उद्यमशीलताको विकास गर्नु, निजी तथा सहकारी क्षेत्रको लगानी आकर्षित गर्नु, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरूको स्थापना गर्नु, स्थानीय शिक्षण संस्थाबाट औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको उत्पादन गर्नु, औद्योगिक उत्पादनको बजार सम्म पहुँच स्थापित हुनु, र औद्योगिक पूर्वाधारको विकास गर्नु, जस्ता पक्षहरू प्रमुख चुनौतीका रूपमा देखिएका छन ।

### ३.२.४ उद्देश्य

उद्योग व्यवसाय क्षेत्रमा लगानी आकर्षित गरी उद्यमशीलताको विकास गर्नु ।

### ३.२.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका ३: उद्योग, व्यापार, व्यवसाय तथा खनिजको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेद्दय १: उद्यमशीलताको विकास गर्नु ।** | |
| १.१ स्थानीय स्रोत साधन, कच्चा पदार्थ तथा सीप र प्रविधिमा आधारित लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गर्ने । | १.१.१ स्थानीय तुलनात्मक लाभका क्षेत्र पहिचान गरी ती क्षेत्रहरूमा नयाँ व्यवसायहरूको समेत संभाव्यता अध्ययन गरी सीपमूलक तालिमहरू सञ्चालन गरिनेछ ।<br>१.१.२ पर्यटन, कृषि, पशु, माछामा आधारित उत्पादन, प्रसोधन र बजारीकरण सम्बन्धी उद्योगको स्थापनाका लागि प्रोत्साहान र संचालन गरिनेछ ।<br>१.१.३ नयाँ कोशेली घर स्थापनाका लागि घरेलु विकास कार्यालय, उद्योग वाणिज्य संघ, जिल्ला सहकारी संस्था तथा उद्यमीसंग समन्वय गरिनेछ ।<br>१.१.४ युवालाई लक्षित गरी सीप र उद्यमशिलता विकास सम्बन्धी क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।<br>१.१.५ स्थानीय उत्पादनको संकलन र प्रसोधनमा आधारित उद्योग तथा व्यवसायको स्थापनामा जोड दिइनेछ । |

### ३.२.६ प्रमुख कार्यक्रम

१. उद्योग व्यवसायको संभावना अध्ययन र अनुसन्धान
२. औद्योगिक ग्रामको गुरूयोजना तयार गरी कार्यान्वयन
३. स्थानीय स्तरमा लगानी सम्मेलनको आयोजना
४. कोशेली घर सञ्चालन
५. व्यवसाय प्रवर्द्धन तालिम कार्यक्रम
६. औद्योगिक तथा व्यवसायिक सहुलियत
७. वैदेशिक लगानी आकर्षण

### ३.२.७ अपेक्षित उपलब्धि

नगरक्षेत्रमा स्थापना हुने मझौला, घरेलु तथा साना एवम् लघु उद्योगबाट रोजगारी सिर्जना भई वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यात्मक अवस्थामा कमी हुनेछ । उद्योग धन्दाको स्थापना तथा विकासमा बृद्धि एवं बजार सम्बन्धको विस्तार र औद्योगिक क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग हुनेछ । उद्योग व्यवसायको स्थापना, दर्ता तथा सञ्चालन प्रक्रियामा सहजता उत्पन्न भई लघु उद्यमीको वृद्धि तथा स्तरोन्नति भएको हुनेछ । स्थानीय स्तरमा गुणस्तरीय वस्तुहरू उत्पादन भई निर्यात बढ्ने र समग्र नगरपालिका क्षेत्रको गरिबी न्यूनीकरणमा सहयोग पुग्नेछ ।

## ३.३ पर्यटन

### ३.३.१ पृष्ठभूमि

व्यास नगरपालिकामा पर्यटन क्षेत्रको ठूलो सम्भावना रहेकोछ । ऐतिहासिक र धार्मिक महत्व भएका धेरै ठाउँहरू यहाँ रहेका छन् । मानुङ्गकोट डाँडा ९७७ मिटरको उचाईमा छ, जसबाट दमौली बजार, छाब्दी र साँगे उपत्यकाको दृश्यावलोकन गर्न सकिन्छ । केही समय यता देखि घरेलु पर्यटकको निकै ठुलो तथा वढदो चाप देखिन थालेबाट यस स्थानलाई पर्यटक गन्तव्यको रूपमा स्तरोन्नती गर्ने काम प्रारम्भ भइसकेको छ । यस क्षेत्रको पर्यटकीय महत्वलाई प्रबर्द्धन गर्न मगर, दरै र नेवार लगायतका आदिवासीको अर्थपुर्ण सहभागितालाई प्राथमिकता दिइएको छ । मानुङ्गकोटलाई प्रमुख पर्यटकीय स्थल बनाउनका लागि खाने पानी आपूर्ति र व्यवस्थित शहरी विकास प्रयास हुदै गरेको देखिन्छ ।

छाब्दी बाराही, व्यास गुफा र परासर आश्रम उच्च धार्मिक महत्व भएका स्थान हुन् र हरेक वर्ष यहाँ धेरै संख्यामा पर्यटकहरू आइपुग्छन् । पुलिमऱ्याङ्ग एउटा सानो गाँउ हो जसको आफ्नै ऐतिहासिक पहिचान छ । यसको सुन्दरता र इतिहासको योगदानलाई होम स्टेद्वारा प्रचार गर्न सकिन्छ । सम्भावित पर्यटन क्षेत्रहरूको विकासमा नगरपालिका र स्थानीय स्तरमा कामहरूभैरहेकोछ । तनहूँसुर किल्ला, गलेखामकोट जस्ता नगरपालिका भित्र धेरै अन्य स्थानहरू छन् जसलाई पर्यटक स्थलको रूपमा विकास प्रयासहरू भइरहेको छन् । पर्यटक आकर्षण को लागि मादी नदीमा ऱ्याफ्टिङ्गको पनि सम्भावना रहेको छ जसलाई एशियाकै सबैभन्दा सुरक्षित ऱ्याफ्टिङ्ग रूट मानिएको छ ।

व्यास नगरपालिकाले आफ्नो इतिहास र धार्मिक महत्व भएका स्थानहरूको प्रदर्शन गर्नको लागि नगर क्षेत्रमा पर्यटकहरूलाई आकर्षित गर्न खोजिरहेको छ । नगरपालिकामा पर्यटकीय अवसरहरूलाई निम्त्याउनको लागि होटेल, रिसोर्ट, पदयात्री रूटको विकास तथा धार्मिक स्थानहरूको व्यवस्थापन जस्ता पर्यटन पूर्वाधारहरूमा ठूल्ठूला लगानी गर्न आवश्यक छ ।

पर्यटकिय अवसरको प्रचार गर्नको निम्ति नगरपालिकाले धार्मिक, साँस्कृतिक, साहित्यिक, ऐतिहासिक, प्राकृतिक तथा पर्यटकीय स्थलहरूको संरक्षण, सम्वर्द्धन र विकासका लागि व्यास परासर क्षेत्र, वडा ११ को तनहूँ सुर क्षेत्र, गलेखाम कोट क्षेत्र, वडा ८ को पुलिमराङ्ग क्षेत्र, वडा १२ को कर्लुङ्ग कोटकालिका क्षेत्र, वडा १३ को बेनीकोट क्षेत्र, वडा १४ को कुलुङ्ग कोट (केशवटार) क्षेत्र, वडा ८ को क्यामिन कोट क्षेत्र, वडा १४ को छाब्दी वराहा क्षेत्र, वडा ५ को मानहुँ कोट, वडा १० को छाङ्गा वराही मन्दिर, वडा ९ को ओम शिद्धेश्रवर राजापानी मन्दिर, वडा ४ को तनहूँ कालिका शहिद शान्ति पार्क, वडा ८ को मिर्लुङ्ग कोट क्षेत्र, वडा ११ को निर्वु वराही मन्दिर र वडा ६ को गलेखाम कोट क्षेत्रहरूको गुरूयोजना आवस्यक भएको हो ।

नेपालको मध्य विन्दूमा अवस्थित व्यास नगरपालिका महत्वपूर्ण पर्यटकीय स्थलहरू पोखरा, चितवन, लुम्विनी र अन्नपूर्ण सर्किटको पनि बीच भागमा अवस्थित छ । राजधानी काठमाडौं र सुन्दर पर्यटकीय शहर पोखरालाई जोड्ने पृथ्वी राजमार्गले बीचैबाट जाने भएकाले यस नगरपालिका पराशर ऋषिको तपोभूमि, वेदव्यासको जन्मभूमि, मनोरम दृष्यावलोकन केन्द्र मानुङकोट, गलेखाम कोट, ऐतिहासिक स्थल तनहूँसूर, पवित्र धार्मिक स्थलहरू छाब्दीबाराही, क्यामिन कालिका, भगवतीपानी, राजापानी महादेव, गुम्बा, चर्च, मस्जिद, क्होइबो आदि र होमस्टे सम्भावित सांस्कृतिक ग्रामहरू पुलिमराङ, छापथोक, कुलुङ, रूम्सी, दुम्सी खहरे, दरैपधेरा, जौबारी, बराहाखोला आदिका साथै मादी र सेती जस्ता हिमनदी र बुल्दी, साँगे, कलेस्तीखोलाहरूबाट सिञ्चित यस क्षेत्रका उर्वरभूमि र दर्जनौ सामुदायिक वनहरूका कारण सांस्कृतिक, धार्मिक तथा कृषि र पर्यावरण पर्यटनका लागि स्थापित भइसकेको छ ।

### ३.३.२ प्रमुख समस्या

पर्यटकीय स्थल पहिचान संगै केहि गुरूयोजना सहित पूर्वाधार विकास योजना तयार हुन बाँकी रहेको अवस्था छ । पर्यटकीय महत्वका स्थानहरूमा सडक, खानेपानी, विजुली, सञ्चार, होटल, होमस्टे जस्ता आधारभूत भौतिक पूर्वाधारहरूको व्यवस्था भै सकेको अवस्था छैन । पर्यटन क्षेत्र संग सम्बन्धित जनशक्ति (पर्यटक पथ प्रदर्शक, कुक, आदि) को अभाव देखिन्छ ।

### ३.३.३ अवसर र चुनौती

**अवसर**

व्यास विविध संस्कृति, खाना, र प्राकृतिक सौन्दर्यको त्रिवेणी हुनुको साथै सेती र मादी जस्ता सुन्दर नदीहरूको संगम, ऐतिहासिक किल्ला तथा गढीहरू, व्यास ऋषीको तपस्या स्थल लगायत थुप्रै पर्यटकीय सम्भावनाको प्रचुर भण्डार नै हो । दमौली र सेतीले निर्माण गरेको उष्ण फाँटबाट चुलिएका मानङकोट, कोट, तनहूँसुर कोट, गलेखामकोट जस्ता सितल चुचुरामा निजीक्षेत्रको ठूलो लगानी परिचालन गरी यस क्षेत्रको पर्यटकीय पूर्वाधारमा फड्को मार्न सकिने ब्यापक सम्भावना रहेकोछ । काठमाडौं, लुम्विनी, सौराहा र पोखरा जस्ता पर्यटकीय क्षेत्रहरूको नजिकको सडक सञ्जालमा रहेको व्यास आगामी दिनमा एक महत्वपूर्ण पर्यटकीय गन्तव्य बन्ने ठुलो सम्भावना छ ।

### चुनौती

कोभिड-१९ ले पारेको विश्वब्यापी प्रभाव पर्यटन विकासको तत्कालिक चुनौती हो । पर्यटकीय स्थानहरूमा पूर्वाधारको विकास भै नसक्नु, आतिथ्य सेवा सम्बन्धी गुणस्तरीय होटल तथा होमस्टे तथा पदमार्गहरूको विकास भै नसक्नु, पर्यटकीय अवसरलाई बाह्य विश्व समक्ष उजागर नभएको अवस्था, पर्यटकीय स्थलको प्रचार प्रसार हुन नसकेको, जनशक्तिको विकास हुन बाँकी रहेको, स्थानीय कला र संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा लगानी हुन नसकेको यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

### ३.३.४ उद्देश्य

व्यास नगरको समग्र आर्थिक बृद्धिका लागि सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु ।

### ३.३.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका ४: पर्यटन तथा संस्कृतिको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेद्दय १: व्यास नगरको समग्र आर्थिक बृद्धिका लागि सुन्दर, व्यवस्थित र आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु ।** | |
| १.१ पर्यटकीय स्थल,र सम्पदाको पहिचान नक्शाङ्कन, विकास र प्रवर्द्धन गर्ने । | १.१.१ छाब्दी वराही मन्दिर (१४), छाङ्गवराही मन्दिर (१०), निर्वु वराह मन्दिर (१०), व्यास पराशर गुफा (३, ५), खडक देवी मन्दिर (८), राजारानी मन्दिर (९) अकलादेवी मन्दिर ( १), कुलुङकोट कालिका मन्दिर (१४), हातीसुडे जल वराहा (१४), हाती गैरा शिशाघाट ( ६), क्यामिनकोट कालिका ( ९, ८), भगवति मन्दिर (११) संरक्षण गरी धार्मिक पर्यटकीय स्थलको रूपमा थप विकास गरिनेछ ।<br>१.१.२ मानुङकोट प्याराग्लाइडिङ (५), मानुङ भ्यू-टावर (५), केवलकार (दमौली- मानुङ) (५), शहिद कालिका जंगलपार्कमा सफा सडकबाट देखिने गरि बुद्व अथवा भानुको मूर्ती निर्माण (४), पाँच वटा सामुदायिक वनमा भ्अय(त्यगचष्क विकास, (१), मादी नदिमा ताल निर्माण (४, १०), नारेश्वर ताल (१०), मादी नदिमा ताल निर्माण (४, १०), मादी नदिको किनारमा चिल्ड्रेन पार्क, फन पार्क (४,१०), ल्याण्डफिल्ड साइट पर्यटन ( वातावरण मैत्री) (५), मादी नदि करिडोर निर्माण (३, ४,५, ६, ७, ८, ९, १०), र शान्तिपार्क (३) जस्ता भौतिक पूर्वाधारको निर्माण गरिनेछ ।<br>१.१.३ ऐतिहासिक स्थलहरू तनहुँसुर दरवार (११), गलेखाम कोट (६), पुलिमर्याङ्ग शहिद पार्क ( ८), कुलुङकोट (१४), क्यामिन कोट (०७ र ०८), अशोक गुफा (१२), शिद्ध गुफा (१३), चमेरो गुफा (११), अनन्त गुफा (१०), शितल गुफा (१०), महिन्द्र गुफा (१०), भयँरे गुफा (१४), आदिको विकास तथा प्रवर्द्धन गरी स्थानीय पर्यटकीय क्षेत्रको विकास गरिनेछ ।<br>१.१.४ विभिन्न जातजातीको संस्कृति झल्किने पक्षलाइ उजागर गर्न तथा स्थानीय परिकारको स्वाद पस्किन मानुङ (५), तनहुसुर (११), दुम्सी दरै गाउँ (१०), निर्वु (११), छापथोक (७), जौवारी (९), वैदिनी वोटेगाउँ (१०), पुन्नीमर्याङ्ग (८), दलिट होमस्टे पोखरी भञ्ज्याङ्ग ( १३), केशवटार (१४), कुलुङ्ग (१४), जस्ता स्थानहरूको प्रवर्द्धन गरिनेछ ।<br>१.१.५ आदिवासी, जनजाति संग्राहालय भादगाउँ (१), चिडियाखाना (१२) जस्ता क्षेत्रको विकासका लागि गुरूयोजना सहित योजना कार्यान्वयन गरिनेछ ।<br>१.१.६ विभीन्न ट्रेकिङ रूटहरू (१) दमौली- छाब्दी -कुलुङ -रामकोट -बन्दीपुर, (२) दमौली-कलेस्ती-छापथोक भञ्ज्याङ, (३) चिहान डाँडा-पोखरीछाप-पुन्नी मर्याङ्ग-कुञ्छा लाई विकास तथा प्रवर्द्धन गरिनेछ । |
| २.२ पर्यटकीय सम्पदा, धार्मिक तथा पिक्निक स्थल र सेवाको | २.२.१ पर्यटन विकास र विस्तार कार्यलाई सम्पदाको संरक्षण सम्बर्द्धनसँग एकीकृत गरी संचालन गरिनेछ । |

| | |
|---|---|
| विशिष्टिकरण गर्ने । | २.२.२ निजी क्षेत्रसँग साझेदारी गरी संभाव्य पर्यटकीय स्थलहरूमा पर्यटकीय पूर्वाधार लगायत सेवासुविधासँग एकीकृत गरी पर्यटन विकास गरिनेछ । |
| ३.३ पर्यटनको विकाससंगै दिगो रोजगारी सिर्जना र आय वृद्धि गर्ने । | ३.३.१ पर्यटन विकासका योजनाहरूमा विशेष गरी युवा, महिला र लक्षित वर्गमा रोजगारी सृजना र आय बृद्धि गरिनेछ ।<br>३.३.२ पहिचान भएका पर्यटकीय क्षेत्र संग कृषि, उद्यम र पूर्वाधार विकासलाइ एकीकृत गरी होमस्टे लगायतका पर्यटन विकासको कार्यक्रम संचालन गरिनेछ ।<br>३.३.३ पर्यटन क्षेत्रबाट प्राप्त आयको लक्षित समुदायसम्म पुऱ्याउन विकासका वार्षिक कार्यक्रम तथा बजेट लक्षित वर्ग र समुदायलाई प्राथमिकता दिई संचालन गरिनेछ ।<br>३.३.४ पर्यटन प्रवर्द्धनसंग सम्बन्धित आयोजनाहरू कार्यान्वियनका लागि सार्वजनिक निजि साझेदारी तथा सहकारी प्रवर्द्धन नीति अवलम्बन गरिनेछ ।<br>३.३.५ पर्यटन उद्योगमा योगदान पुऱ्याउने पथ प्रदर्शक, कुक, टुरिष्ट गाइड, होम स्टे, होटल व्यवसाय सम्बन्धी तालिम, जनशक्ति उत्पादन तथा परिचालन गरिनेछ । |

### ३.३.६ प्रमुख कार्यक्रम

१. व्यासको पर्यटन विकास गुरूयोजना निर्माण,
२. स्थानीय धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थानको संरक्षण र प्रवर्द्धन,
३. होमस्टेको स्थापना र विस्तार,
४. पर्यटन पूर्वाधार विकास,
५. सांस्कृतिक संग्रहालय निर्माण गरी परम्परागत संस्कृति र भेषभूषाको संरक्षण र प्रवर्द्धन,
६. पर्यटन सेवा सम्बन्धी जनशक्ति उत्पादन र तालिम
७. पैदल मार्गको पहिचान, नक्सांकन तथा निर्माण
८. राष्ट्रिय, अन्तर्राष्ट्रिय तहमा प्रचार प्रसार
९. एग्रो टुरिजम प्रर्वद्धन

### ३.३.७ अपेक्षित उपलब्धि

पर्यटन क्षेत्रको विकासबाट नगरबासीका युवाहरूलाई पर्यटन व्यवसायमा नयाँ रोजगारी, आर्थिक स्थितिमा सुधार र जीवनस्तर माथि उठ्नेछ । कृषि, पशुपालन, बागवानी र सेवा व्यवसाय जस्ता पर्यटन क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध भएका क्षेत्रहरूको विकास भई जनताको आर्थिक स्थितिमा सुधार भएको हुनेछ । पर्यटन क्षेत्रको विकास हुँदै गएपछि पर्यटकहरू आकर्षित हुने स्थानीय हस्तकलाका वस्तुहरूको बजार विस्तार हुनेछ । स्थानीय स्तरमा उपलब्ध कच्चापदार्थहरूको प्रयोगबाट पर्यटन क्षेत्रलाई आवश्यक वस्तु उत्पादन गर्ने साना उद्योगको विकास हुनेछ । स्थानीय कला र सँस्कृतिको विकास भई त्यस क्षेत्रमा कार्यरत नगरबासी तथा समुदायको आर्थिक स्थितिमा सुधार हुनेछ ।

## ३.४ सहकारी तथा वित्तीय क्षेत्र

### ३.४.१ पृष्ठभूमि

व्यास नगरपालिकामा २१ वाणिज्य बैंक, ६ विकास बैंक, ७ लघुवित्त वितीय संस्था र ७८ माइक्रो फाइनान्स तथा सहकारी संस्थाहरू रहेका छन् । सबै वाणिज्य बैंकहरू दमौली बजारमा अवस्थित छन् भने सरकारी बैंकहरू बजारको छेउछाउतिर छन् । सबै बैंक तथा वितीय संस्थाहरू बजार केन्द्रित मात्रै छन् । केही माइक्रो फाइनान्स तथा सहकारी संस्थाहरू नगरपालिकाको ग्रामिण वडाहरूमा समेत उपलब्ध छन् र ती संस्थाहरूको लगानी प्रायः जसो कृषि क्षेत्रमा केन्द्रित छ । यी बैङ्क एवं सहकारी संस्थाहरूवाट ऋण एवं वचत दुवै प्रकारका सुविधाहरू प्रदान हुँदै आएको छ । नगर क्षेत्रमा २२ रेमिट्यान्स सेवा प्रदायक वित्तिय संस्थाले सेवा प्रवाह गरिरहेका छन् ।

व्यास नगरपालिकामा नियमित संचालनमा रहेका ७४, निष्कृय ६ र समस्याग्रस्त १ गरि जम्मा ८१ वटा सहकारी संस्थाहरू रहेको छन्[२] । यी मध्ये बचत तथा ऋण सहकारी संस्थाहरू जम्मा ३६ वटा छन् कृषि सहकारी संस्थाहरू २७, दुग्ध सहकारी ८ वटा रहेका छन् । सहकारी संस्थाहरू वडा २ मा १९ वटा गरी सबै भन्दा बढि संख्यामा रहेका

[२] व्यास नगर दर्पण, २०७७

छन् भने सबै भन्दा कम वडा नं. ८ मा एउटा मात्र रहेको छ । ऋण प्रवाह, धितो मूल्यांकन जस्ता विषयहरूमा बैङ्कहरूको आफ्नै विविध प्रावधानवाट ग्रामिण वडावासीहरू ऋण सुविधावाट लाभान्वित हुन सकिरहेका छैनन र गाउँस्तरको धितोवाट आवश्यकता अनुसार बैङ्कबाट  ऋण प्राप्त हुन सकिरहेको छैन । त्यसैगरी परियोजनामा आधारित ऋण र सामूहिक जमानीमा ऋण प्रदान गर्ने नीति पनि बैङ्कहरूमा छैन । यसर्थ पर्याप्त पूँजीको अभाव एवं ऋण व्यवस्था हुन नसकेका कारणवाट पनि सीपयुक्त जनशक्तिहरूले उद्योग व्यवसाय स्थापना गर्न र पूँजी भएकाहरूले पनि व्यवसाय विस्तार गर्न सकिरहेका छैनन । सहकारी संस्थाहरूमा सदस्यको हैसियतवाट तुलनात्मक रूपमा धितो बिना पनि ऋण सुविधा सहज भएपनि आवश्यकता अनुसार ऋण प्रदान गर्न सक्ने हैसियतको विकास हुन सकिरहेको छैन ।

### ३.४.२ प्रमुख समस्या

सहकारी संस्थाहरूले खासगरी बचत तथा ऋण  परिचालनमा मात्र जोड दिएको देखिन्छ । स्थानीय उत्पादन कृषि, पर्यटन, उद्योगका सम्भावनालाई उपयोग गर्न आवस्यक लगानी गर्न सकेका छैनन् । पछाडी परेका समुदायहरूमा सहकारी साक्षरता र उद्यमशीलताको कमी देखिन्छ । ऋण तथा बचत सहकारीको बाहुल्यता भएकाले सहकारीमा आधारित उद्यम व्यवसायको अभ्यास हुन सकेको छैन । त्यसैगरी, कतिपय सहकारीमा गैर सदस्यसँग कारोबार, बचत र ऋणको ब्याज दरमा विभेद र असमानता, बिना धितो लगानी, कर्जा जोखिम कोषको उचित व्यवस्था नभएकोले विश्वसनियतामा केही कमी आएकोछ । आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, कर्मचारीहरूको नियुक्ति तथा सेवा सुविधामा प्रक्रिया पुरा नगरिएको, शेयर सदस्यहरूको उदासीनता, सीमित सञ्चालकहरूको एकल निर्णय, अनुदानमुखी कार्यशैली, संस्थामा राख्नुपर्ने खाता अभिलेख तथा लेखापालनमा ऐन नियमको पालना नभएको जस्ता समस्याहरू देखिएका छन् । सहकारी संस्थालाई वित्तीय कारोबार मात्र गर्ने संस्थाको रूपमा विकसित भएका देखिन्छन् ।

### ३.४.३ अवसर र चुनौती

**अवसर**

नगरक्षेत्र भित्र रहेको सहकारी संस्थाको वचतलाई कृषि, पशुपालन, दुग्ध डेरी सञ्चालन, जडीवृटी खेती तथा प्रशोधन, पर्यटन क्षेत्रका विकास जस्ता रोजगारी वद्धि गर्न सकिने क्षेत्रमा परिचालन गर्न सकिने सम्भावना रहेकोछ । नगरपालिकाले सहकारी नियमन ऐनद्वारा सहकारी सस्थाको व्यवस्थापनलाई चुस्त दुरूस्त तथा सशक्त बनाउन सकिने अवस्था रहेकोछ ।

**चुनौती**

सहकारी साक्षरता कार्यक्रमलाई गरीब समुदाय सम्म विस्तार गर्नु, सेवा क्षेत्र अन्तर्गत विशेष गरेर शिक्षा, स्वास्थ्य तथा संचार क्षेत्रमा सहकारी संस्थाहरूको क्रियाशीलता बढाउनु, सहकारीको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु, स-साना ऋण र बचत परिचालन गर्नु, निजी क्षेत्र र सहकारी बीच सहकार्य वृद्धि गर्नु, सहकारीमा आधारित उद्योग व्यवसाय सञ्चालन गर्नु, स्थानीय सीप तथा प्रविधिको उपयोग गर्नु, सहकारी संस्थाहरूद्वारा उत्पादित वस्तुहरू बजारश्रृङ्खलामा आवद्ध गर्नु, बचत तथा ऋण बीचको व्याजदरलाई सन्तुलित तुल्याउनु, बचत तथा ऋणको सुरक्षण सुनिश्चित गर्नु जस्ता कार्यहरू भने चुनौतीको रूपमा रहेका छन् ।

### ३.४.४ उद्देश्य

सहकारिताको माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास गर्नु ।

### ३.४.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका ५: सहकारी तथा वित्तीय क्षेत्रको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १: सहकारिताका माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास गर्ने ।** | |
| १.१.सहकारीलाई उत्पादन तथा बजारीकरणमा परिचालन गर्ने । | १.१.१ सहकारी संस्थाहरूको पहुँच वृद्धि गरी साना बचत तथा ऋण परिचालन, उद्यमशिलताको विकास गरिनेछ ।<br>१.१.२ नपा भित्र रहेका सहकारीहरूको अभिलेखीकरण र सशक्तीकरण गरि ग्रामिण केन्द्रित सहकारी अवधारण लागु गरिनेछ ।<br>१.१.३ सहकारीहरूको संस्थागत विकासका लागि अनुगमन तथा नियमन, नियमावली निर्माण गरि सहकारी मर्जर नीति कार्यन्वयन गरिनेछ । |

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १: सहकारिताका माध्यमबाट उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी स्थानीय अर्थतन्त्रको विकास गर्ने ।** | |
| | १.१.४ सहकारीहरूलाई कृषि, पशु तथा सेवा व्यवसायहरूमा सम्लग्न गराई रोजगारी सिर्जनमा लगाइनेछ । |

### ३.४.६ प्रमुख कार्यक्रम

१. सहकारीहरूलाई कोपोमिस तालिम (ईन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली)
२. उद्यमशीलता विकास तालिम
३. सहकारी साक्षरता तथा जागरण मार्फत वित्तीय सेवाको पहुँच विस्तार
४. सहकारी संस्थाहरूको क्षमता विकास
५. सहकारी संस्थाहरूको दर्ता, अनुगमन र नियमन
६. सहकारी क्षेत्र विशेष अनुदान कार्यक्रम,
७. सहकारी क्षेत्रको प्रवर्द्धन,
८. नगर सहकारी बुलेटिन प्रकाशन
९. सहकारी पसल स्थापना

### ३.४.७ अपेक्षित उपलब्धि

उत्पादन, वितरण र सेवामा सहकारीको संलग्नता विस्तार भएको हुनेछ । कृषि उत्पादन, कृषिजन्य उद्योग, भण्डारण, बजारीकरणमा सहकारी संस्थाहरूको भूमिका बढेको हुनेछ । सहकारी सम्बन्धी एकीकृत सूचना प्रणालीको विकास भएको हुनेछ र स्वरोजगारी तथा रोजगारी अभिवृद्धि भएको हुनेछ । सहकारी संघसंस्थामा महिला, विपन्न र बञ्चितीकरणमा परेका वर्ग समुदायको पहुँच अभिवृद्धि भई सामाजिक समावेशीकरणमा योगदान पुगेको हुनेछ । सहकारी सामूहिक खेती प्रणाली विकास भई कृषिको व्यवसायीकरणमा योगदान पुगेको हुनेछ ।

## ३.५ श्रम तथा रोजगार (वैदेशिक रोजगारी)

### ३.५.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूति गर्न संविधानमा रोजगारीको हकलाई मौलिक हकको रूपमा उल्लेख गरिएको छ । यसको साथै सबै नागरिकले स्वदेश वा वैदेशिक रोजगारीको छनौट गर्न पाउने अधिकारको पनि संविधानमा सुनिश्चित गरिएको छ । देशको ५६ प्रतिशत घरधुरीले विप्रेषण प्राप्त गरिरहेको (नेपाल जनस्तर सर्भे, २०११) सन्दर्भमा यस क्षेत्रको प्रभावकारी व्यवस्थापनका लागि विगतका योजनाहरूले समेट्न नसकेको यथार्थ हो । वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित एवं उपलब्धिमूलक बनाउन र वैदेशिक रोजगारबाट प्राप्त ज्ञान, सीप, पूँजी तथा अनुभवलाई उत्पादनमूलक क्षेत्रमा परिचालनका लागि प्रोत्साहन गर्न सुरक्षित वैदेशिक रोजगारीको सवाललाई नगरपालिकाले आफनो योजनामा समेट्न आवश्यक रहेको छ ।

नगरपालिका भित्र कुल २०,०५९ घरधुरीमा ७१,८०९ जनसंख्या रहेका छन् । उक्त जनसंख्या मध्ये ६४.९ प्रतिशत आर्थिक रूपले सक्रिय जनसंख्या रहेका छन् । उक्त जनसंख्यालाई उमेर समूहको आधारमा नियाल्दा १५–३४ वर्ष समूहका ३७.७ प्रतिशत देखिन्छ भने ३५–५९ वर्ष उमेर समूहका २८.१५ प्रतिशत रहेका छन्[३]। आर्थिक रूपमा सक्रिय जनशक्तिलाई स्थानीय स्तरमा पर्याप्त रोजगारीको अवसर प्राप्त नहुँदा यस पालिकाबाट वैदेशिक रोजगारमा जाने प्रवृत्ति बढ्दो छ । यस नगरपालिकाको कुल घरधुरी मध्ये ७,८२१ घरधुरीका मानिसहरू वैदेशिक रोजगारीमा गएका छन् । समग्र जनसंख्यालाई नियाल्दा आर्थिक रूपमा सक्रिय जनसंख्या ४६,६३८ मध्ये वैदेशिक रोजगारमा संलग्नको संख्या १६.७६ प्रतिशत रहेका छन् । वैदेशिक रोजगारमा गएका व्यक्तिहरूले वार्षिक (आ.व.२०७५/७६) रूपमा करिब १ अर्ब ३६ करोड रूपैया विप्रेषण पालिकामा भित्राउने गरेको देखिन्छ । जसलाई औषत कमाइको रूपमा हेर्दा प्रति व्यक्ति प्रति महिना १४ हजार ५ सय रूपैंया हुन आउछ ।

३ व्यास नगरपालिकाको नगर पार्श्वचित्र २०७५

### ३.५.२ प्रमुख समस्या

स्वदेशमा सीमित रोजगारी अवसर, युवा जनशक्तिको बढ्दो आकार, परम्परागत जीवन प्रणालीमा युवाहरूको घट्दो रूचि लगायतका कारणले नेपाली युवाहरू वैदेशिक रोजगारीमा जाने क्रम बढ्दो छ । जसले अल्पकालीन रूपमा बेरोजगारीको समस्या न्यूनीकरण गर्न मद्दत पुग्नुका साथै प्राप्त विप्रेषणले मुलुको अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको छ । रोजगारीका कारण बढ्दो बसाईसराई र वैदेशिक रोजगारीमा जाने प्रवृत्तिले स्थानीय स्तरमा जनशक्तिको कमी, पारिवारीक र सामाजिक समस्या र परनिर्भरता बढिरहेको छ । नगर क्षेत्रमा बढी रहेको विप्रेषण आयको उत्पादनमूलक क्षेत्रमा उपयोग हुन नसक्दा उपभोग बढ्दो छ ।

### ३.६.३ चुनौती र अवसर

#### चुनौती

अन्तराष्ट्रिय बजारसँग प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिको विकास गरी वैदेशिक रोजगारमा पठाउन नसक्नु, वैदेशिक रोजगारको क्षेत्रमा ठगी लगायतका घटनाहरू बढ्नु, पारिवारिक तथा सामाजिक पुन: एकिरकणका सवालहरू सम्बोधन नहुनु, वैदेशिक रोजगारको दिगो विकल्प दिनु नसक्नु आदि नगरपालिकाको लागि चुनौती देखिन्छ ।

#### अवसर

आर्थिक रूपले जानसाख्यिक लाभ लिनसकिने जनसंख्याको बाहुल्यता रहेको छ । जसको परिचालन मार्फत नगरपालिकाले स्थानीय विकासका कार्यलाई तिब्रत्तर रूपमा अगाडी बढाउन सक्दछ । त्यसैले यो संख्या आफैमा एउटा महत्वपूर्ण अवसरको रूपमा लिन सकिन्छ । त्यसको अलवा विदेशमा आर्जित विप्रेषण र सिकेको सीप आफ्नो थात्थलोमा प्रयोग गर्न सकेमा आर्थिक विकासमा योगदान पुग्नुका साथै उत्पादन एवं रोजगारको अवसर समेत विस्तार हुने अवसर देखिन्छ ।

### ३.५.४ उदेश्य

वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु ।

### ३.६.५ रणनीति तथा कार्यनीति

**तालिका ६: श्रम तथा रोजगारको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ प्राप्त वृद्धि गर्नु** | |
| १.१ वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनका परिवारले वैदेशिक रोजगारवाट आर्थिक लाभ वृद्धि गर्नु का साथै वैदेशिक रोजगारवाट उत्पन्न नकारात्मक प्रभावहरू न्यूनिकरण गर्ने । | १.१.१ स्थानीय तहमा स्वरोजगार तथा रोजगार सृजना हने खालका कार्यक्रमहरू प्राथमिकताका साथ संचालन गरिनेछ ।<br>१.१.२ वैदेशिक रोजगारमा जाने व्यक्तिहरूको यात्रालाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगार सम्वन्धी व्यापक सूचना प्रवाह, सीप तालिम प्रदान तथा आवश्यक कानुनी सहायता प्रदानका लागि सम्बन्धित सरोकारवालाहरूसँग समन्वय तथा सहकार्य गरिनेछ ।<br>१.१.३ नगरपालिका भित्र प्राप्त विप्रेषणलाई आयमूलक क्षेत्रमा लगानी गर्नका लागि वित्तीय साक्षरता कक्षा संचालन गर्दै उद्यम विकासमा सहयोग गर्ने साथै वैदेशिक रोजगारका कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असरहरूलाई न्यूनीकरणका लागि मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ ।<br>१.१.४ वैदेशिक रोजगारवाट फर्किएर आएका व्यक्तिहरूको ज्ञान, सिप, पूँजीलाई व्यवस्थापन तथा संस्थागत विकास गरिनेछ ।<br>१.१.५ मनोसामाजिक परामर्श सेवालाई पालिकाको स्वास्थ्य शाखा अन्तरगत आन्तरिकीकरण गर्दै सो सम्बन्धी सेवालाई दिगो रूपमा प्रवाह गरिनेछ ।<br>१.१.६ सम्बन्धित सरोकारवालाहरूसँगको समन्वय तथा सहकार्यलाई बढावा दिई सुरक्षित |

| | |
|---|---|
| | वैदेशिक रोजगार सम्बन्धी सेवाहरू प्रवाह गरिनेछ। |

### ३.५.६ प्रमुख कार्यक्रम

१. रोजगार सूचना केन्द्र (स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी) व्यवस्थापन तथा संचालन
२. सचेतना मुलक (रिटर्नी स्वयंसेवक परिचालन/अन्तरक्रिया/होर्डिडबोर्ड/जानकारीमुलक पर्चा विकास तथा वितरण) कार्यक्रम संचालन
३. आर्थिक/वित्तीय साक्षरता कक्षा सञ्चालन,
४. व्यवसायिक सीप विकास तालिम सञ्चालन,
५. वैदेशिक रोजगारमा गएका व्यक्ति तथा तिनका परिवारका लागि मनोसामाजिक परामर्श सेवा
६. विप्रेषणको उत्पादनमूलक (उद्यमशीलता) उपयोगको लागि कार्यक्रम संचालन
७. वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने आर्थिक सहायता सम्बन्धिका सेवाहरू प्रवाहमा सहजिकरण गर्ने
८. ठगी लगायतका समस्याहरूमा न्यायमा पहुँचका लागि आवश्यक सहजिकरण गर्ने
९. वैदेशिक रोजगारबाट फर्केर आएका व्यक्तिहरूलाई उद्यम विकासका लागि सहजिकरण तथा सहयोग कार्यक्रम

### ३.५.७ अपेक्षित उपलब्धि

शीपमुलक तालिम लिएर बैदेशिक रोजगारीमा जानेको संख्यामा ३० प्रतिशत हुने, खाडी मुलुकको तुलनामा युरोप लगायतका विकसित देशमा जानेको संख्यामा वृद्धि हुने, बैदेशिक रोजगारीबाट प्राप्त हुने रेमिट्यान्स १ अर्ब ५० करोड पुग्ने, विप्रेषणलाई उद्यम विकास र आयमूलक क्षेत्रमा भएको परिचालन करिब ३५ प्रतिशत पुग्ने, बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरू आय आर्जन मुलक व्यवसायमा लागेका हुने ।

# परिच्छेद ४: सामाजिक विकास योजना

नागरिकहरूको सम्मानजनक जीवनयापनका लागि सामाजिक क्षेत्रको विकास अनिवार्य छ। व्यास नगर भित्र विभिन्न जातजाती, धर्म सँस्कृति तथा परम्परा अपनाउने समुदायहरू बीचको पारस्परिक सहयोग र सहिष्णुता नै एउटा सुन्दर पक्ष हो। जातजातीको हिसाबले यहाँ दरै, क्षेत्री, ब्राम्हण, नेवार, तामाङ, गुरूङ्ग, राई, मगर, दलित आदि रहेका छन् । सामाजिक रूपमा पिछडिएको वर्ग/समुदायको सामाजिक अवस्थालाई सुधार ल्याई सम्मानजनक ढंगले बाँच्न पाउने अवस्था सिर्जना गर्नु पर्नेछ। सामाजिक विकासलाई गुणस्तरीय जीवनयापनको आधार तयार गर्न संघ सरकार, प्रदेश सरकार र विकास साझेदार संस्थासँगको सहकार्य र समन्वयमा स्थानीय सरकारले विशेष जिम्मेवारी बहन गर्नु पर्दछ। वर्तमान संविधानले शिक्षा, स्वास्थ्य र समावेशीकरणका आधारभूत सवालहरूलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । सामाजिक विकासको क्षेत्रमा स्थानीय सरकारको कार्यक्षेत्रहरूमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई तथा सामाजिक विकासका अन्य पक्षहरू रहेका छन्। सामाजिक विकासको प्रगतिले **दिगो विकासको चार वटा लक्ष्य, जस अन्तर्गत लक्ष्य-३ (स्वस्थ र समुन्नत समाज), लक्ष्य-४ ( गुणस्तरीय शिक्षा), लक्ष्य-५ (लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ पानी तथा सरसफाई)** संग सम्बन्धित छ।

सामाजिक विकास अन्तरगत शिक्षा तथा सीप विकास, स्वास्थ्य तथा पोषण, खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन, लैङ्गिक समानता तथा महिला सशक्तिकरण, भाषा, साहित्य, संस्कृति र सम्पदा, युवा तथा खेलकुद आदि क्षेत्र पर्दछन् । जसवाट गुणस्तरीय शिक्षा र स्वास्थ्य, दक्ष, सक्षम, सिर्जनशिल, प्रतिस्पर्धी तथा उत्पादक जनशक्ति, सुसस्कृत एवं समतामूलक समाज निर्माणका लागि सामाजिक विकास योजना तर्जुमा गरिएको छ।

## ४.१ शिक्षा तथा सीप विकास

### ४.१.१ पृष्ठभूमि

शिक्षा हरेक व्यक्तिको मर्यादित एवम् परिष्कृत जीवन र सम्मानित रोजगारी तथा उद्यम विकासको आधार हो । नेपालको संविधानले शिक्षा सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ। आधारभूत शिक्षामा पहुँच, आधारभूत तहसम्मको अनिवार्य र निःशुल्क शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा पाउने हक प्रत्याभूत गरेको छ । नेपालको संविधानले स्थानीय तहलाई आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी दिएकोछ । नगरवासीलाई उत्पादनशील जीवन बिताउन आवश्यक पर्ने जीवनोपयोगी सीपको विकास र सिकाइको अवसर प्रदान गर्दै सक्षम र समावेशी जनशक्तिको विकासद्वारा मुलुकको आर्थिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउनु पर्दछ। यो योजना बालबालिकालाई गुणस्तरीय र समावेशी शिक्षण सिकाइको वातावरणमा सहभागी हुने अवसरको सुनिश्चितता प्रदान गरी दिगो विकासका लक्ष्यहरू हासिल गर्ने महत्वपूर्ण माध्यम बन्ने अपेक्षा गरिएको छ।

व्यास नगरपालिकाको साक्षरता दर ८३ प्रतिशत रहेको छ। शिक्षाको तहगत अवस्था हेर्दा प्राथमिक तह अध्ययन गर्ने ३०.६२ प्रतिशत, माध्यामिक तहमा २९.२५ प्रतिशत, उच्च माध्यामिक तह अध्ययन गर्ने १३.४४ प्रतिशत रहेको छ भने स्नातक तह अध्ययनरत ४.२९ प्रतिशत, स्नातकोत्तर तहमा १.५२ प्रतिशत र एमफिल/विद्यावारिधि गरेका ११८जना रहेका छन्। करिब १७ प्रतिशतको हाराहारीको जनसंख्या निरक्षर रहेको देखिन्छ। नगरमा आधारभूत शिक्षा तर्फ ५१ सामुदायिक र २६ संस्थागत विद्यालय गरी जम्मा ७७ र माध्यामिक शिक्षाक तर्फ २४ सामुदायिक र २३ संस्थागत गरी जम्मा ४७ विद्यालयहरूले शिक्षा प्रदान गरिरहेका छन् । उच्च शिक्षाका लागि नगर क्षेत्रमा एक सामुदायिक र २ संस्थागत क्याम्पसहरू संचालनमा छन्।

व्यास नगरपालिकामा शिक्षामा पहुँच सहज रहेको छ। विज्ञान, व्यवस्थापन र शिक्षामा उच्च विद्यालय स्तरसम्म र कम्प्यूटर इन्जिनियरिङमा थप डिप्लोमा सहतिको अध्ययन सत्यवति उच्च माध्यमिक विद्यालयमा हुने गरेको छ भने सूचना संचार प्रविधि, कला, व्यावसायिक अध्ययन मा बिएड तथा नेपाली भाषामा र अंग्रेजी भाषामा एमएड सम्मको अध्ययन आदिकवि भानुभक्त बहुमुखी क्याम्पसमा हुने गरेको छ। नगर क्षेत्रमा नाम चलेका निर्मल, सत्यवती, कंकाई, शान्ति वर्ष, बाराही, व्यास दिव्य ज्योति लगायतका माध्यमिक विद्यालयहरू संचालनमा छन् । आदिकवि भानुभक्त बहुमुखी क्याम्पसलाई क्षेत्रिय विश्वविद्यालय बनाइने योजना समेत रहेको छ।

### ४.१.२ प्रमुख समस्या

शैक्षिक क्षेत्रमा आधारभूत, माध्यमिक, उच्च शिक्षा र प्राविधिक शिक्षामा अग्रिणी स्थानमा रहेको यस व्यास नगरपालिकामा विविध समस्या र चुनौतिहरू पनि रहेका छन्। अधिकांश विद्यालयमा विद्यार्थी शिक्षक अनुपात मिलेको छैन र विद्यालयहरू समायोजन गराउनुपर्ने अवस्था सृजना भएका छ। विद्यालयमा छात्रा मैत्री शौचालयको व्यवस्था,

सेनिटरी प्याडको व्यवस्था र बाल तथा अपांगमैत्री पुर्वाधारको व्यवस्था सबै विद्यालयहरूमा हुन सकेको छैन । शिक्षाको गुणस्तर बढाउनका लागि अभिभावकलाई शिक्षाको विशेष अभिमुखीकरण गर्नुपर्ने अवस्था छ । सबै विद्यालयहरू भौतिक पूर्वाधारबाट सबल अवस्थामा छैनन् । प्रयोगशालाको लागि अलगै भवन छैन । स्थानीय पाठ्यक्रमको निर्माण गरी लागू गरिएको छैन । कतिपय विद्यालयमा विद्यार्थी संख्याको तुलनामा विषयगत शिक्षक तथा शिक्षक दरवन्दी कमी भएकाले शिक्षण सिकाइमा प्रतिकुल असर परेको छ । शिक्षक तथा विद्यार्थीको नियमितता, विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधिको उपयोग र अतिरिक्त क्रियाकलाप नियमित रूपमा हुन सकेको छैन ।

### ४.१.३ अवसर र चुनौती

**अवसर**

माध्यमिक शिक्षासम्म स्थानीय तहकै जिम्मेवारीमा पर्नु, विद्यालय शिक्षा निशुल्क हुनु, गुणस्तरीय शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको स्थापना हुनु, नगर क्षेत्रमा डिप्लोमा सम्मको प्राविधिक विषयमा अध्यापन हुनु, विद्यालयको संख्या उल्ल्येख्य हुनु, अभिभावकहरू आफ्ना सन्तानको शिक्षाप्रति संवेदनशील हुनु, जनप्रतिनिधिहरू शिक्षा प्रति जागरूक हुनु, संघीय तथा प्रादेशिक सरकार शिक्षा प्रति सहयोगी हुनु, निजी क्षेत्रको उल्लेख्य सहभागिता हुनु, क्षेत्रिय विश्वविद्यालय स्थापनाको प्रयास हुनुले व्यास नगरपालिकालाई पर्यटन, कृषि तथा पशुपालनको आधुनिक विकासमा योगदान हुने गरी शैक्षिक हवको रूपमा विकास गर्न सकिने देखिन्छ ।

**चुनौती**

व्यास नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्न सकिएको छैन । विद्यालयहरूमा भौतिक पूर्वाधार अझै पनि कमि देखिन्छ । प्राविधिक अध्ययनका लागि पोखरा, चितवन र काठमाडौं जाने क्रम अझै पनि छ । सरकारी विद्यालयमा विद्यार्थीहरूको संख्या घटदै गएको छ ।, आधारभूत विद्यालय जाने उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालयमा भर्ना भएका छैनन् । भर्ना भएका मध्ये सबै विद्यार्थीको अध्ययनमा निरन्तर नहुनु, विविध कारणहरूले गर्दा माध्यमिक शिक्षा पूर्ण रूपमा निःशुल्क हुन नसक्नु, शिक्षित बेरोजगारहरूको संख्या बढ्दै जानु, शिक्षामा पर्याप्त लगानी नहुनु, पछाडी परेको समुदायको प्रविधिमा आधारित शिक्षा तथा प्राविधिक शिक्षामा पहूँच नहुनुले शिक्षाको विकासमा चुनौतिहरू विद्यमान रहेकोछ ।

### ४.१.४ उद्देश्य

१. पूर्ण साक्षर नगरपालिका बनाउनु ।
२. गुणस्तरीय शिक्षा तथा सीप विकासमा सबैको पहूँच सुनिश्चित गर्नु ।

### ४.१.५ रणनीति तथा कार्यनीति

**तालिका ७: शिक्षा तथा सीप विकास को रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: पूर्ण साक्षर नगरपालिका बनाउनु ।** | |
| १.व्यावसायिक शिक्षाको माध्यमबाट आत्मनिर्भर तथा सीपयुक्त जनशक्ति उत्पादन गर्ने । | १.१.१ सूचना प्रविधि, पर्यटन, कृषि तथा पशुसम्बन्धी प्राविधिक विश्व विद्यालय को स्थापना गरी प्राविधिक जनशक्ति उत्पादन गरिनेछ ।<br>१.१.२ विद्यालय वाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नका लागि सबै वडाका जनप्रतिनिधिहरू, स्थानीय समाजसेवी, बुद्धिजिवीहरू, गैर सरकारी निकायहरू, युवा क्लब, नागरिक अगुवा, खेलाडीहरूको परिचालन गरिनेछ ।<br>१.१.३ निजि विद्यालयहरूले प्रदान गर्दै आएको छात्रवृत्तिलाई बढी पारदर्शी बनाइ लक्षित वर्गका विद्यार्थीमा योग्यताको आधारमा दिने व्यवस्था मिलाइनेछ । |
| **उद्देश्य २: गुणस्तरीय शिक्षा तथा सीप विकासमा सबैको पहूँच सुनिश्चित गर्नु ।** | |
| २.२ शिक्षाको मापदण्ड अनुसार आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुर्‍याउने । | २.२.१ सबैका लागि अनिवार्य तथा आधारभूत निःशुल्क शिक्षाका लागि जोखिममा परेका, अल्पसंख्यक, लोपोन्मुख, अपाङ्ग तथा सीमान्तकृत समुदायका वालवालिकाहरूलाई उचित शैक्षिक अवसरहरू प्रदान गरिनेछ ।<br>२.२.२ बीचैमा विद्यालय छाडने समस्यालाई समाधान गर्न, विद्यालयमा टिकाई राख्नका लागि आधारभूत शिक्षाका विद्यार्थीहरूका लागि दिवा खाजा, छात्रबृत्ति र पुरस्कारको व्यबस्था, अपाङ्गमैत्री वातावरण सृजना गरिनेछ । |

| | |
|---|---|
| | २.२.३ विशेष आवश्यकता भएका (विद्यालय मर्ज गर्दा अप्ठ्यारोमा परेका, अनाथ) बालबालिकाहरूका लागि नमूनाको रूपमा कम्तिमा एउटा आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गरिनेछ ।<br>२.२.४ शैक्षिक सुधारका लागि नगरपालिकाभित्र रहेका सबै विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, आधुनिक प्रविधिको सुविधाहरू उपलब्ध गराइनेछ ।<br>२.२.५ जनसंख्या तथा भौगोलिक अवस्थाको आधारमा विद्यालयको स्थान र संख्या निर्धारण गरी सञ्चालन गरिनेछ ।<br>२.२.६ गुणस्तरीय शैक्षिक विकासका लागि विद्यालयहरूको संस्थागत विकास तथा शिक्षकहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ । |
| ३.३ मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास गरी प्राथमिक तहदेखि माध्यमिक तहको शिक्षामा गुणस्तर सुधार गर्ने । | ३.३.१ शैक्षिक केन्द्रको रूपमा रहेको व्यासलाई थप आधुनिक पूर्वाधारयुक्त शैक्षिक क्षेत्रका रूपमा विकास गर्ने ।<br>३.३.२ शैक्षिक गुणस्तर अभिवृद्धिका विद्यार्थी केन्द्रित, अभिभावक केन्द्रित तथा शिक्षक केन्द्रित थप रचनात्मक गतिविधि सहित अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ ।<br>३.३.३ नतिजामा आधारित विद्यालय सुधार कार्ययोजना कार्यान्वयनमा ल्याइने छ र कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि शिक्षण सिकाइमा टेवा पुऱ्याउने, स्थानीय तथा डिजिटल पाठ्य सामाग्रीको विकास गरिनेछ ।<br>३.३.४ योग्य सहजकर्ता तथा शिक्षकबाट बालविकास केन्द्र तथा विद्यालय शिक्षामा योगदानको व्यवस्था मिलाइने छ ।<br>३.३.५ विद्यालयहरूको भौतिक संरचनामा आमुल परिवर्तन गरी पूर्वाधार निर्माणमा प्रविधि मैत्री, अपाङ्गमैत्री, छात्रामैत्री शौचालय नीति अवलम्बन गरिनेछ ।<br>३.३.६ पर्यटन, सूचना प्रविधि, इन्जिनियरिङ, कृषि तथा पशुसम्बन्धी प्राविधिक शिक्षा सञ्चालनका लागि उपयुक्त वातावरण तय गरिनेछ । |

### ४.१.६ प्रमुख कार्यक्रम

१. भौतिक पूर्वाधार सुधार कार्यक्रम
२. शिक्षक तथा जनशक्ति व्यवस्थापन तथा क्षमता विकास कार्यक्रम
३. विद्यालयको व्यवस्थापन सुधार कार्यक्रम
४. खेलकुद तथा अतिरिक्त क्रियाकलाप कार्यक्रम
५. पुरस्कार, छात्रबृत्ति तथा प्रोत्साहन
६. स्थानीय पाठ्यक्रम व्यवस्थापन
७. विश्व विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन
८. आवासिय विद्यालय स्थापना र संचालन
९. शिक्षामा गुणस्तर वृद्धिका लागि प्रविधि प्रयोग

### ४.१.७ अपेक्षित उपलब्धि

पुर्ण साक्षर नगरपालिका घोषणा भएको हुने, व्यावसायिक शिक्षाको माध्यमबाट आत्मनिर्भर तथा सीपयुक्त जनशक्ति उत्पादन भएको हुने, शिक्षाको मापदण्ड अनुसार सबै नगरबासीमा आधारभूत शिक्षाको अनिवार्य र निशुल्क पहुँच पुगेको हुने, मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकासबाट आधारभूत तहदेखि माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर सुधार भएको हुने, आधारभूत र माध्यमिक तह मा खुद भर्नादर तथा सिकाई उपलब्धीमा वृद्धि भएको हुने, विद्यालय छाड्ने विद्यार्थीको दर (Dropout Rate) न्यून भएको हुने, विपन्न वर्ग तथा दलित विद्यार्थीलाई उच्च शिक्षा (इन्जिनियरिङ्ग, पर्यटन, मेडिकल, कृषि, वन, आदिमा) अध्ययनका लागि छात्रवृत्ति उपलब्ध भई नगरमा प्राविधिक जनशक्तिको आपूर्ति सहज भएको हुने, प्रत्येक वडामा कम्तीमा एक प्राविधिक र व्यावसायिक विद्यालय सञ्चालनमा आएको हुने, नगरपालिकामा एउटा विश्वविद्यालय स्थापना भएको हुने लगायतका अपेक्षित उपलब्धि प्राप्त हुनेछन् ।

## ४.२ स्वास्थ्य तथा पोषण

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । कसैले पनि आकस्मिक सेवाबाट बञ्चित हुन नपर्ने व्यवस्था उल्लेख छ (नेपालको संविधान, धारा ३५, उपधारा १) । संविधानले आधारभूत स्वास्थ्य र सरसफाईको जिम्मेवारी स्थानीय तहलाई दिएको छ । आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन गर्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्राप्त भए अनुसार व्यास नगरपालिकाले कार्य गरिरहेको छ ।

### ४.२.१ पृष्ठभूमि

हाल स्वास्थ्य सेवालाई चुस्त दुरूस्त राख्न नगरपालिका क्षेत्रभित्र एउटा सरकारी अस्पताल, एउटा जिल्ला आयुर्वेद अस्पताल, ५ वटा निजि अस्पताल, १० वटा स्वास्थ्य चौकी, ५ वटा शहरी स्वास्थ्य केन्द्र, ५ वटा सामुदायिक स्वास्थ्य इकाई एवं सेवा केन्द्र, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र, ३ आयूर्वेद औषधालय, ३५ वटा निजी क्लिनिकहरू र १०४ सक्रिय महिला स्वास्थ्य स्वयं सेविका रहेका छन् ।

आधारभूत स्वास्थ्य सेवालाई चुस्त र दुरूस्त बनाउनको लागि शाखाबाट औषधी खरिद, रिक्त दरबन्दीमा कर्मचारी भर्ना, कर्मचारीहरूलाई तालिममा सहभागी, विभिन्न कार्यक्रमहरूको समीक्षा, महिलाहरूको पाठेघरको क्यान्सर सम्बन्धी स्वास्थ्य शिविर लगायत कार्यहरू गर्दै आइरहेको छ । पाठेघरको मुखको क्यान्सर लगायतको जाँचबाट ४१५ जना महिलाहरू, आँखाको स्वास्थ्य शिविरबाट ७७२ जना ज्येष्ठ नागरिकहरू लाभान्वित भएका थिए भने सो शिविरबाट ४९ जनालाई आँखाको अप्रेशनको व्यवस्था समेत मिलाइएको थियो ।

"नगरबासीका लागि सुलभ स्वास्थ्य सेवा" को उद्देश्य पुरा गर्न र आकस्मिक महामारीलाई समेत व्यवस्थापन गर्न स्वास्थ्य संस्थाहरू सुदृढीकरण, नगर अस्पताल सञ्चालन र स्वास्थ्यकर्मीहरूको प्रभावकारी परिचालनको लागि नगर स्वास्थ्य नीति तयार गरी लागु गर्नुपर्ने देखिएको छ ।

### ५.२.२ प्रमुख समस्या

ग्रामिण वडाहरूमा पर्याप्त स्वास्थ्य चौकीको सुविधा नपुगेको, स्वास्थ्य चौकीमा बर्थिङ्ग सेन्टरहरूको स्तरोन्नती हुन नसकेको, डाक्टर, हेल्थ असिस्टेन्ट लगायतका स्वास्थ्यकर्मीको अभाव, स्वास्थ्य संस्थाहरूमा सडक तथा यातायातको सहज पहुँच, भवन, खानेपानी आदिको अपर्याप्तता, उपकरण तथा भौतिक पूर्वाधारको कमी, ठूला रोगको उपचारका लागि पोखरा, काठमाडौंमा भर पर्नु पर्ने अवस्था अझै छ । एक मात्र जिल्ला अस्पतालमा बेड र सुविधा अपुग छन् ।

### ४.२.३ अवसर र चुनौतीहरू

**अवसर**

स्वास्थ्य सेवा प्रदान गर्दै आएको जिल्लाकै एकमात्र दमौली अस्पताल प्रदेश मातहत रहेकाले यो अपुग देखिन्छ । उच्च प्रविधि युक्त प्रयोगशाला परिक्षण सहितको नगर अस्पतालको स्थापना गरि स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने अवस्था छ । स्वास्थ्यको समस्याको समाधान रोग लागेपछिको उपचारबाट मात्र सम्भव नहुने भएकाले स्वास्थ्य प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू सञ्चालन र आवश्यक पूर्वाधारहरू निर्माण गर्न सकिने देखिन्छ । स्वास्थ्य संस्था स्तरोन्नति तथा विकासको गरी स्वास्थ्य चौकीहरूमा मा मेडिकल ल्याव सेवा सञ्चालन गरी स्वास्थ्य सेवा प्रदान गर्नु पर्ने देखिन्छ ।

**चुनौती**

विद्यमान भौतिक संरचनाबाट सेवा प्रवाह गर्न कठिनाइ हुनु, रोगको निदान गर्नकोलागि न्यूनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु, आवश्यकता अनुसारको जनशक्ति उपलब्ध नहुनु, पर्याप्त मात्रामा वडास्तरमा स्वास्थ्य चौकीका शाखाहरू, बर्थिङ् सेन्टर लगायत घुम्ती स्वास्थ्यसेवा दिन नसक्नु विद्यमान चुनौती हुन ।

### ४.२.४ उद्देश्य

१. गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु ।
२. स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्नु ।

### ४.२.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका ६: स्वास्थ्य तथा पोषण को रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहूँच सुनिश्चित गर्नु ।** | |
| १.१ स्थानीय वासीको आधारभूत स्वास्थ्य सुविधाको पहुँच बृद्धि तथा गुणस्तरमा सुधार गर्ने । | १.१.१ मातृ शिशु, नवशिशु, खोप, पोषण र प्रजनन स्वास्थ्य सेवालाई निरन्तरता दिंदै आधारभूत तथा आकस्मिक सेवा उपलब्ध गराइनेछ ।<br>१.१.२ आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय सेवाको मापदण्ड अनुसार आम नागरिक र लक्षित वर्ग, बालबालिका र आमाहरूलाई प्रभावकारी रूपमा उपलब्ध गराइने छ ।<br>१.१.३ गुणस्तरीय स्वास्थ्य सेवामा नगरबासीको पहूँच विस्तार गरिनेछ ।<br>१.१.४ नगरपालिका क्षेत्र भित्र गैह्र कानूनी रूपमा सञ्चालित निजी अस्पताल, स्वास्थ्यसंग सम्बन्धित संस्थाहरू र क्लिनिकहरू तथा औषधि पसलहरूलाई अनुगमन गरी मापदण्ड पूरा नगरेका संस्थालाई कानुनको दायरामा ल्याइने छ ।<br>१.१.५ गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहकाका लागि लागि स्वास्थ्य संस्थाहरूको भौतिक निर्माण, स्तरोन्नती तथा संस्थागत विकास एवं स्वास्थ्य कर्मीहरूको क्षमता विकास गरिनेछ । |
| **उद्देश्य २: स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्नु ।** | |
| २.२ स्थानीय खाद्य उत्पादनको प्रयोग गरी पोषणको गुणस्तरमा अभिवृद्धि गर्ने । | २.२.१ स्वास्थ्य संस्था र समुदायस्तरमा नियमित रूपले विशेष कार्यक्रम मार्फत कुपोषित बालबालिकाहरूको पहिचान र उपयुक्त व्यवस्थापन गरिनेछ ।<br>२.२.२ जंकफुडको दुरूत्साहन र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त सन्तुलित भोजनको सम्बन्धमा संचार माध्यम मार्फत सुसुचित गरिनेछ ।<br>२.२.३ पाँच वर्ष मुनिका बालवालिकालाई कम तौल हुन नदिन पोषण सुधारका गतिविधिलाई निरन्तरता दिइनेछ ।<br>२.२.४ महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम र नियन्त्रणका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ बहुक्षेत्रीय पोषण योजनालाई समन्वय र साझेदारी मार्फत अभिवृद्धि गरिनेछ । |

### ५.२.६ प्रमुख कार्यक्रम

१. एकीकृत नगर स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीको स्थापना र संचालन
२. नगरपालिका भित्र २५ शैयाको नगर अस्पताल निर्माण
३. आधारभूत स्वास्थ्य सेवा र सुविधामा पहुँच अभिवृद्धि
४. परिवार स्वास्थ्य तथा सुरक्षित मातृत्व
५. बालस्वास्थ्य तथा पोषण कार्यक्रम
६. औषधि तथा स्वास्थ्य उपकरणको खरिद
७. स्वास्थ्य शिविर संचालन
८. योग ध्यान केन्द्रको स्थापना
९. स्वास्थ्य सचेतना कार्यक्रम

### ५.२.७ अपेक्षित उपलब्धि

आधारभूत स्वास्थ्यसेवा नगरवासीहरूको लागि सर्वसुलभ रूपमा उपलब्ध हुनेछ । बाल मृत्युदर, शिशु मृत्युदर, र कुपोषणको अवस्थामा सुधार हुनेछ । समयमै रोगको निदान र रोकथामको अवसर मिल्नेछ । महिला, अपाङ्ग र अल्पसङ्ख्यक समुदायको स्वास्थ्य सेवा र सुविधाको पहुँचमा बृद्धि हुनेछ । तालिम प्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य सेवा उपलब्ध हुनेछ । संक्रामक र नसर्ने रोगहरू बिरूद्ध जनचेतना बृद्धि गर्न सहयोग पुग्नेछ । परिवार नियोजनका साधनको प्रयोगबाट अनिच्छित गर्व रोकिने र जन्मान्तर कायम गर्न सहज हुनेछ । प्रतिकात्मक स्वास्थ्य सेवाको विस्तारबाट खर्चिलो र जोखिमयुक्त उपचारात्मक सेवाको खर्चमा कटौती हुनेछ । स्वास्थ्य प्रवर्द्धधनका उपायहरूबाट स्थानीय नागरिकहरूको स्वास्थ्यस्तर राम्रो भई औसत आयुमा बृद्धि हुनेछ ।

## ५.३ खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहुआयमिक प्रभाव पार्दछ । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रूपमा व्यवस्था गरेको छ (नेपालको संविधान, धारा ३५, उपधारा ४) । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ ।

राष्ट्रियस्तरमा हालसम्म ८८ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २० प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ । जनअपेक्षा अनुसार खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन अझै सकिएको अवस्था छैन । सरसफाई तर्फ हालका बर्षहरूमा उल्लेख्य प्रगति भई ९८ प्रतिशत घरधुरीले आधारभूत स्तरको सरसफाई सेवा उपभोग गरेको अवस्था छ । यसबाट बाल मृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भई उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहन सहन र बालबालिकाको विद्यालय उपस्थितिको दरमा समेत अनुकूल सुधार गर्न योगदान पुगेको देखिन्छ । फोहरमैला व्यवस्थापनमा पनि पछिल्ला प्रयास र उपलब्धि उल्लेखनीय छन् ।

### ५.३.१ पृष्ठभूमि

#### खानेपानी तथा सरसफाई

व्यास साना शहर खानेपानी आयोजना व्यास नगरपालिकाको प्रमुख खानेपानी आयोजनाहरू मध्ये एक हो र यो उपभोक्ता समितिद्वारा सञ्चालन भइरहेको छ । यस आयोजनाले वडा ९, १० र ११ को २२०० घरमा पानी आपूर्ति गरेको छ । यस बाहेक दमौली खानेपानी आयोजना र व्यास खानेपानी आयोजना वडा १, २, ३ र ४ का घरहरूलाई खानेपानी आपूर्ति गरेका छन् भने तनहूँ सुर खानेपानी आयोजनाले वडा ११ मा, भादगाउँ खानेपानी आयोजना र छाब्दी बाराही मन्दिर खानेपानी आयोजना वडा नं. १ मा तथा मानुङ्ग ढरादी खानेपानी आयोजनाले वडा नं. ५ मा प्रमुख रूपमा खानेपानी आपूर्ति गरिरहेका छन् ।

नगरपालिका क्षेत्रमा रहेका कुल घरपरिवार मध्ये ९३.५२ प्रतिशतले सार्वजनिक धारा, बाँकी केही घरपरिवारले कुवा तथा खोलाको पानी उपभोग गर्ने गरेको देखिएको छ (घरधुरी सर्वेक्षण २०७५) । मानुङ्ग धराधी, फराकचौर, दमौली, सतिश्वरा मिरूङ्ग लिफ्ट, जलजले लिफ्ट, मादीबेसी स्याम्घा लिफ्ट, व्यास ६ सयवर, सतिश्वरा, सिसाघाट, बरचौरमुल चैनपुरापानी, बाह्रबिसे, अलैंचे, निर्भु, तनहुँसुर रामकोट लिफ्ट, व्यास नगरपालिका भञ्ज्याङ्ग लिफ्ट, तनहूँसुर अर्चलेचौर, समिरा शतिश्वरा, पोल्याङ्ग लिफ्ट, आले पिप्ले मिर्लुङ्ग, चुदेर लिफ्ट खानेपानी जस्ता साना आयोजनाले व्यास नगर क्षेत्रमा खानेपानीको आपूर्ति गरिरहेका छन ।

नगर क्षेत्रका धेरैजसो शहरी सडकहरूमा ढलको सुविधा रहेको छ । हालसम्म निर्मित पक्की नालाको लम्बाई ६१.८ कि.मि.रहेको छ । तर वर्षा मौसममा पानी निकासको लागि पर्याप्त सुविधा नरहेको अवस्था छ । कुनै पनि सडक निर्माणमा लगानी गर्न अगाडि सतह ढल निर्माण कार्यलाई अनिवार्य बनाइएको छ । हाल निर्मित नयाँ सडकहरूमा ढल बनाउने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

#### फोहरमैला व्यवस्थापन

व्यास नगरपालिकामा रहेका घरहरूबाट निस्कने ठोस फोहोरमैला संकलन गाडीहरूले गर्दछन् । यसका लागि नगरपालिकामा दुई वटा टिप्पर (बन्द किसिमका) र दुई वटा ट्याक्टर (खुला किसिमका) रहेको अवस्था छ । नगरपालिकाले संकलन गर्ने फोहोर नगरपालिको शहरी क्षेत्रहरूमा मात्र सीमित छ । नगरपालिकाले दैनिक मुख्य वडा २, ३ र ४ का घरहरूबाट फोहोरमैला संकलन गर्ने र सडक सफा गर्ने काम गर्दछ भने अन्य वडाहरूबाट एक हप्ता वा दुई हप्तामा संकलन गर्ने गर्दछ । बाँकी रहेका वडाहरूको फोहोरमैला घरैमा जैविक भए मल बनाउने, प्लास्टिक र अजैविक भए जलाउने गरी घरैमा व्यवस्थापन गरिने गरेको छ ।

नगर क्षेत्रमा दैनिक करिब १०.५ टन कृषि फोहोरमैला (६.२ टन), कागजी फोहोर (२.१८ टन), कपडा (०.२७ टन), प्लास्टिक (०.६४ टन), ग्लास (०.३८ टन), विविध (०.३० टन) फोहर मैला उत्पादन हुने गरेको छ । नगरपालिकाको मुख्य क्षेत्रको घरहरू र सडकहरूबाट दैनिक धेरैजसो बिहान ठोस फोहोरमैला संकलन गरिन्छ । यसरी संकलन गरिएको फोहोरमैला जैविकलाई वडा १० दुम्सीमा र अजैविक वडा.१ मा रहेको व्यवस्थापन केन्द्रमा लगिन्छ । दमौली बजारवाट कुहिने फोहरलाई प्रशोधन गरेर बायोग्यास निकाल्ने कार्यको प्रारम्भ भइसकेको छ । आउटलेटबाट निस्केको र अन्य पातपतिंगरबाट प्राङ्गारिक मल बनाउने गरिएकोछ । त्यसै गरी नकुहिने फोहरको हकमा पुन प्रयोगमा

आउनेलाई छुट्याइ विक्रि वितरणको व्यवस्था मिलाइएको छ भने पुन प्रयोगमा आउन नसक्ने अन्य फोहर व्यवस्थापन त्यहि खाल्डो परेको जमिनमा पुर्ने गरिएको छ । पाँच वर्षको लागि व्यक्तिगत जमिन भाडामा लिइ गरिएको यस व्यवस्थापन कार्य एक वर्षमा खाल्डो पुरिइ सक्ने स्थितिले अर्को विकल्प खोज्नु पर्ने अवस्था आइसकेकोछ ।

व्यवस्थित काटमारको लागी वडा नं.३ देउराली नगर बिसघरेको सार्वजनिक जग्गामा पशुवधशाला वा वधस्थल निर्माण भएकोछ । कुहिने फोहोरलाई घर घरमै व्यवस्थापन गर्ने उद्देश्यका साथ वडा नं.१, २, ३, ४ मा कौसी खेती तालिम सम्पन्न गरी मल बनाउने डस्बिन वितरणको कार्य भएको छ । व्यास नगरपालिकामा ढल निकास संरचना (Sewerage Network) छैन । हाल नव निर्मित घरहरूमामा सेप्टिक ट्याङ्क रहेको छ । सेप्टिक ट्याङ्क भरिएपछि नगरपालिकाको सिवरेज पम्पिङ्ग भिकलको सहायताले सफा गरिन्छ । हाल नगरपालिकासँग एउटा मात्र सिवरेज पम्पिङ्ग भिकल छ र यसको मद्दतले यसरी संकलन गरिएको प्रशोधन नगर बुल्दी नदीको किनारमा खाल्डो खनेर पुरिन्छ ।

### ५.३.२ प्रमुख समस्या

फोहरमैला व्यवस्थापनका लागि सरसफाई केन्द्र सेनेटरी ल्याण्ड फिल्ड साइटको स्थायी व्यवस्थापन हुन सकिरहेको छैन । प्लाष्टिक जन्य फोहरको दिनानुदिन बढ्दै गएको र यसको नियन्त्रणको लागि बैकल्पिक व्यवस्था दिन नसक्नाले नगरपालिकाको सरसफाईमा समस्या देखिएको छ । श्रोतमा फोहरको उचित वर्गिकरण (कुहिने फोहर, नकुहिने फोहर, धातु सिसा जन्य फोहर र अस्पतालजन्य) गर्न नसक्नु र यसको कडाईका साथ कार्यान्वयनका  लागि नगरपालिकामा जनप्रतिनिधि सहितको संरचना वन्न नसक्नु पनि फोहरमैला व्यवस्थापन प्रभावकारी हुन नसक्नुका कारणहरू हुन र। सार्वजनिक शौचालयहरूको अभाव रहेकोछ भने कतिपय घरधुरीमा खानेपानीको व्यवस्था छैन । पूर्ण सरसफाईमा अझै पनि कमि कमजोरी छन् । विद्यालयहरूमा सेनिटरी प्याडको विर्सजन एवं किशोरीमैत्री शौचालय लगायतका समस्याहरू यथावत छन् ।

### ५.३.३ अवसर र चुनौतीहरू

**अवसर**

नगर क्षेत्रमा रहेका खानेपानीको थप स्रोतहरूको पहिचान तथा उपयोग गरी खानेपानीको बढदो मागको परिपूर्ति गर्न दीर्घकालिन आयोजनाहरू सम्पन्न गर्न सकिने देखिन्छ । नगरपालिकाले राखेको लक्ष अनुसार एक परिवार एक धाराको नारा कार्यान्वयन तर्फ अघि बढ्न सकिने देखिन्छ । आधारभूत खानेपानी तथा सरसफाइ क्षेत्रमा निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी साझेधारीमा काम गर्न सकिछ । शहरी क्षेत्रबाट निस्किने फोहरमैलाको दिगो व्यवस्थापनमा निजी क्षेत्रको समेत सहभागिता बढाउन सकिने अवस्थाछ । कुहिने फोहोरलाई वडा नं.१० दुम्सी गौ संरक्षण केन्द्र नजिकै खाडल खनी कम्पोष्ट मल तथा ६० घन मिटरको वायोग्याँस प्लान्ट निर्माण गरी कुहिने फोहोर र गाईको मलमुत्र घोली बायो ऊर्जा र कम्पोष्ट मल बनाई कृषकलाई सर्भसुलभ मूल्यमा बिक्री गर्ने कार्यको प्रारम्भ भएकोछ । स्थायी रूपमा फोहोर मैला व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल्ड साइड निर्माणका लागि वडा नं.५ को टेकन थुम्कीमा र वडा नं. ४ र १० मा रहेको बागभञ्याङको ३ वटा सामुदायिक वनको जग्गामा प्रारम्भिक वातावरणिय परीक्षण  गर्ने प्रकृया अगाडि बढेकोले आगामी केही वर्ष भित्रै दीर्घकालिन रूपमा फोहरमैला तथा सरसफाइको क्षेत्रमा उल्लेख उपलब्धी हासिल हुने देखिन्छ ।

**चुनौती**

नगरपालिकाको पहाडि भागमा अझै पनि खानेपानीको कमी रहेको छ । केहि ठाउँहरूमा खानेपानीको सुविधा नपुगेको हुनाले मानिसहरूले घरबाट धेरै टाढासम्म खानेपानीका श्रोत सम्म पुगी खानेपानी दैनिक रूपमा बोकेर ल्याइ खानु परेको छ । खानेपानीका गुणस्तर राम्रो नरहेको अवस्थाछ । खानेपानीको सुविधा नपुगेका र मात्रा कम भएका ठाउँहरूलाई गरेर सानासाना खानेपानीका आयोजना बनाउन पर्ने पनि देखिन्छ । नगर ढल सञ्जाल तथा ढल प्रशोधन केन्द्रको निर्माण तथा सञ्चालन चुनौतीका रूपमा देखिएकोछ ।

### ५.३.४ उद्देश्य

सवै नागरिकलाई सफा, स्वच्छ र सुरक्षित खानेपानी र सरसफाई सेवा पुऱ्याउनु ।

### ५.३.५ रणनीति तथा कार्यनीति

**तालिका ८: खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|

| उद्देश्य १: सबै नागरिकलाई सफा, स्वच्छ र सुरक्षित खानेपानीको र सरसफाई सेवा पुर्‍याउनु । | |
|---|---|
| १.१ आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट बञ्चित रहेका समुदायलाई खानेपानी तथा सरसफाई सेवा पुर्‍याउने । | १.१ एक घर एक धाराको अवधारणा अनुरूप खानेपानी आयोजना निर्माण गरिनेछ ।<br>१.२ आधारभूत खानेपानी तथा सरसफाई सेवाबाट वञ्चित घरपरिवारको पहिचान र नक्साङ्कन गरिनेछ ।<br>१.३ सबै घरपरिवारमा व्यवस्थित शौचालय, स्वच्छ खानेपानी र व्यक्तिगत सरसफाईका अभ्यासलाई प्रभावकारी गराइनेछ ।<br>१.४ खानेपानी उपभोक्ता समिति, खानेपानी तथा सरसफाई समूहहरूको संस्थागत क्षमता विकास गरिनेछ । |
| २.२ नगर भित्रको जैविक तथा अजैविक फोहरमैलाको समुचित व्यवस्थापन गर्ने । | २.२.१ नगर भित्रका फोहरमैला व्यवस्थापनका लागि आवश्यक पूर्वाधार तयार गरिनेछ ।<br>२.२.२ भान्साघरबाट निस्कने फोहरलाई घरभित्र व्यवस्थापन गर्न टोल विकास संस्था, निजी साझेदारी अवधारणा अनुसार कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.२.३ सार्वजनिक स्थान, सडक, बाटो पेटी बसपार्क जस्ता स्थलहरूमा प्लास्टिकजन्य फोहर फाल्ने र सडकपेटी र सार्वजनिक स्थलहरूमा फोहर गर्ने कार्यलाई कडाइकासाथ नियन्त्रण गर्न यस्ता कार्य गर्नेलाई कानून अनुसार दण्डित गरिने छ ।<br>२.२.४ हरेक घरधुरीमा डस्टबीन तथा कम्पोष्टबीन उपलब्ध गराई वितरण कुहिने र नकुहिने फोहरको वर्गीकरण गरिनेछ ।<br>२.२.५ फोहरको व्यवस्थापन सार्वजनिक, निजी तथा साझेदारी अवधारणा अनुसार गरिनेछ ।<br>२.२.६ अस्पतालजन्य फोहर व्यवस्थापनका लागि आधुनिक इन्सिनेटर जडान/निर्माण गरि फोहरको व्यवस्थापन गरिनेछ । |

### ५.३.६ प्रमुख कार्यक्रम

१. शुद्ध र पर्याप्त खानेपानी तथा सरसफाईका सेवामा नगरबासीको पहुँच स्थापित
२. ठुला तथा साना खानेपानी आयोजना निर्माण तथा मर्मत
३. खानेपानीको गुणस्तर सुधार
४. फोहोर मैला व्यवस्थापन पूर्वाधार विकास
५. फोहर मैला तथा सरसफाई ब्यवस्थापन क्षमता विकास
६. फोहरमैलाबाट बायो ग्यास उत्पादन
७. स्मार्ट सार्वजनिक शौचालय निर्माण
८. अस्पताल जन्य फोहरमैला व्यवस्थापन

### ५.३.७ अपेक्षित उपलब्धि

एकघर एक धारा कार्यक्रमको कार्यन्वयनले पूर्णता प्राप्त गरेको हुनेछ ।आधारभूत खानेपानीको पहुँच हरेक टोलस्तरमा पुगेको हुनेछ । गुणस्तरीय खानेपानीको गुरूयोजना र ठूला आयोजना तयार भएको हुनेछ । नगर भित्र गुणस्तरीय खानेपानीको पहुँचमा क्रमिक विस्तार भएको हुनेछ । नगरको फोहरमैला व्यवस्थापनले वातावरणीय स्वच्छतामा सुधार भएको हुनेछ । नगर सरसफाई र सुन्दरताका लागि सार्वजनिक ठाउँमा फोहर राख्ने व्यवस्था गरी फोहरमुक्त नगरकोरूपमा विकास भएको हुनेछ ।

## ५.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

व्यास नगपालिका पर्यटन, शिक्षा र कृषिको उर्वरभूमिको रूपमा रहे पनि विगतमा केही सामाजिक असमानता तथा विभेदका कारण यस क्षेत्रका महिला, दलित, जनजाति, अल्पसङ्ख्यक वर्ग सामाजिक तथा आर्थिक रूपले पछाडि परेका

छन् । सबै वर्ग तथा समुदायको सामाजिक न्याय, समानता, मानवअधिकार सहित सर्वाङ्गिण विकास गर्ने लक्ष्य तथा उद्देश्यका साथ लैङ्गिक समानता तथा समावेशीकरणलाई यस योजनाले समेट्नेछ ।

### ५.४.१ पृष्ठभूमि

नगरपालिकामा महिला दलित जनप्रतिनिधिको उपस्थिति, महिलामैत्री कानून, महिला शिक्षक दरबन्दी, महिला संजाल विकास एवं महिलाहरूद्वारा सहकारी संस्था संचालन जस्ता पक्षहरू राम्रा छन् । त्यसैगरी विद्यालयमा महिला शिक्षिकाको व्यवस्था, सुत्केरी जाँच व्यवस्था र वृद्ध भत्ताको व्यवस्था गरिएको छ ।

नगरपालिकामा ०-५ वर्ष उमेर समूहका करिब ४,४६१ जना बालबालिकाहरू रहेका छन् भने ५-१६ उमेर समूहका करिब १४,१५६ किशोर किशोरी रहेका छन् । नगर क्षेत्रमा ६०-७९ वर्ष उमेर समूहका करिब ५,८४४ जना र ८० वर्ष उमेर समूह भन्दा माथिका ७१० जना जेष्ठ नागरिकहरू रहेको तथ्यांक पार्श्वचित्रले देखाउदछ । आ.व.२०७७।७८ (दोस्रो चौमासिकसम्मको) नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत यस नगरपालिकाका ७० वर्ष माथि उमेर समूहको ३,७६७ र ७० वर्ष मुनीको दलित ६०९ गरी जम्मा ३४,३७६ जेष्ठ नागरिकहरू सामाजिक सुरक्षा भत्ताबाट लाभान्वित भएका छन् । त्यस्तै नगर क्षेत्रमा पूर्ण अपाङ्गता भएका २५४ जना र अति अशक्त अपाङ्गता भएका १३७ जना रहेका छन् ।

### ५.४.२ प्रमुख समस्या

महिला माथि हुने व्यवहारगत विभेद हट्न नसक्नु, अशिक्षा, विभेद तथा हिंसालाई बढावा दिने सामाजिक संरचना (सोच, मूल्य, मान्यता, प्रथा, परम्परा) कायम रहनु, महिला तथा बालबालिकाहरू माथि घरेलु, यौनजन्य तथा लैङ्गिकतामा आधारित हिंसा विद्यमान रहनु, हिंसा पिडित महिलालाई पूर्णरूपमा संरक्षण र पुनर्स्थापना गर्न नसक्नु, सशक्तिकरण र स्वावलम्बी बनाउन नसकिनु जस्ता समस्याहरू अझै पनि विद्यमान रहेका छन् । अझैपनि जेष्ठ नागरिकहरूको ज्ञान, सीप र अनुभव मुलुकले उपयोग र नयाँ पीढिमा हस्तान्तरणको पहल हुन नसक्नु, बेवारिसे, असहाय, अशक्त, एकल जेष्ठ नागरिकहरूको उचित संरक्षण नहुनु, जेष्ठ नागरिकले  उचित सम्मान पाउन नसक्नु जस्ता समस्याहरू जेष्ठ नागरिकका समस्याहरू हुन् । अपाङ्गमैत्री शिक्षाको अभावका कारण अपाङ्गता भएका बालबालिकाहरू विद्यालय बाहिर रहनु, उनीहरूका लागि रोजगारी, सामाजिक  सहभागिता र आयआर्जनका अवसरमा समान पहुँच नहुनु र विभिन्न अवरोध, विभेद र असमान व्यवहारको अवस्था विद्यमान हुन जस्ता समस्याहरू रहेका छन ।

### ५.४.३ अवसर र चुनौतीहरू

#### अवसर

सामाजिक विकासका लागि नगरपालिकाले आवस्यक कानुनी ब्यवस्था र कार्यकमको माध्यमबाट समाज निर्माणकालागि महिला, पुरूष, बालबालिका, दलित, अपाङ्ग सबैको चासो र समान सहभागितात्मक विकास सँगै छुवाछुत र भेदभावको अवस्था न्यूनीकरण गर्ने, लैङ्गिक हिंसाको अन्त्य गर्ने र लैङ्गिकमैत्री वातावरण बनाउन सहज हुने देखिन्छ । सबै वडाका वालबालिका तथा किशोर किशोरीहरूको मानसिक तथा शारीरिक स्वास्थ्यलाई ध्यानमा राखी वडाहरूमा रहेको ECD हरूको प्रभावकारी संचालन एवं Day Care Center सञ्चालनमा ल्याउन आवश्यक रहेको छ । बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकासको लागि स्थानीय स्तरमा बाल उद्यान, बाल क्लबहरूको स्थापना, बालमैत्री खेल मैदानहरूको निर्माण गर्नुपर्ने देखिन्छ । अपाङ्गता भएका  व्यक्तिहरूको सम्मानपूर्वक जीवनयापनका सुनिश्चतता गर्नु राज्यको दायित्व भएको र नगरपालिका राज्यको एक अंग भएकाले नगरपालिकाले तिनीहरूको अधिकार प्रवर्द्धनका लागि आवश्यक योजना तथा कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ ।

#### चुनौतीहरू

सबै लिङ्ग र वर्ग समुदायको समतामूलक विकास गर्नु, राजनैनिक, आर्थिक तथा सामाजिक लगायतका सबै क्षेत्रमा समानुपातिक प्रतिनिधित्व गराउनु, लक्षित वर्ग र समुदायको अपेक्षित रूपमा क्षमता विकास गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ५.४.४ उद्देश्य

लैससास अवधारणा अनुसार विकासका सवै अवसरहरूमा समतामुलक पहूँच र सहभागिता सुनिश्चित गर्नु ।

### ५.४.५ नीति तथा कार्यनीति

**तालिका ९: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: लैसास अवधारणा अनुसार विकासका सबै अवसरहरूमा समतामुलक पहूँच र सहभागिता सुनिश्चित गर्नु ।** | |
| १.१ सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्य गर्न निरोधात्मक, संरक्षणात्मक उपाय अपनाई न्यायमा पहुँच अभिवृद्धि गर्ने । | १.१.१ महिला माथि हुने सबै प्रकारका हिंसा अन्त्यका लागि लैङ्गिक हिंसा विरूद्धको कार्यक्रम वार्षिक रूपमा सञ्चालन गरिनेछ ।<br>१.१.२ लैससास सम्बन्धी क्षेत्रगत नीति, कानुन तथा कार्यक्रम तर्जुमा गरी लैङ्गिक उत्तरदायी बजेटलाई वृद्धि गर्दै लैङ्गिक लैससास परीक्षण पद्धति लागू गरिनेछ ।<br>१.१.३ महिला, बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, बालविवाह, शोषण, दुव्यवहार र हिंसा अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.४ बालमैत्री नगर निर्माणमा देखा परेका बालश्रमिक र सडक बालबालिकाको समस्यालाई बाल हेल्प लाइन मार्फत उद्धार गरी उनीहरूको शिक्षा र स्वास्थ्यको उचित प्रवन्ध मिलाइने छ ।<br>१.१.५ फरक क्षमता भएका बालबालिकाको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.६ सरकारी तथा गैर सरकारी संस्थाहरूसंगको सहकार्यमा दलित जनजाती र अपाङ्गअपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी उनीहरूको क्षमता विकास, आर्थिक, सामाजिक सशक्तिकरण र पुनर्स्थापना गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।<br>१.१.७. ज्येष्ठ नागरिक तथा बालबालिकाहरूलाई सम्मानजनक ढंगले जीवनयापन गर्ने वातावरण सृजना गरिनेछ । |

### ५.४.६ प्रमुख कार्यक्रम

१. नगरका आर्थिक तथा सामाजिक पूर्वाधार तथा सेवाहरूमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तीकृत समुदायको उचित पहुँच
२. लैङ्गिक समानता तथा महिला सशक्तिकरण
३. सामाजिक सुरक्षाका सेवाग्राहीहरूको व्यवस्थित अभिलेखीकरण
४. अन्तर पुस्ता सीप हस्तान्तरण
५. बालबालिकासँग मेयर संवाद

### ५.४.७ अपेक्षित उपलब्धि

विभिन्न संघसंस्था तथा सार्वजनिक पदमा महिलाहरूको संख्यात्मक प्रतिनिधित्वमा वृद्धि भएको हुनेछ । नगर विकासमा महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक, दलित, विपन्न वर्ग, लोपोन्मुख र सीमान्तीकृत समुदायको उचित सहभागिता भएको हुनेछ । लैङ्गिक समानता तथा महिला एवम् बालिकाहरूको सशक्तीकरणका साथै जोखिम अवस्थाका बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको उचित संरक्षण भएको हुनेछ । सामाजिक सुरक्षाका सेवाग्राहीहरूको अभिलेखीकरणको व्यवस्था भएको भएको हुनेछ । महिला, दलित र विपन्न समुदायका वर्गको सामाजिक तथा सामुदायिक विकासमा सम्मानपूर्ण तथा न्यायोचित पहुँच र सहभागिता भएको हुनेछ । समुदायको सशक्तीकरण र चेतना अभिवृद्धि भएको हुनेछ ।

## ५.५ भाषा, साहित्य र संस्कृति

### ५.५.१ पृष्ठभूमि

व्यास नगरपालिकामा बसोबास गर्ने विभिन्न जातजातिकाहरूको आफ्नै मौलिक संस्कृतिहरू छन् । सबै जातिहरूले आफ्नो संस्कृति अनुरूपका चाडपर्व निकै महत्व र उत्साहका साथ मनाउँदै आइरहेका छन् । विभीन्न जातजातिहरूको छुट्टै संस्कृतिहरू हुँदाहुँदै पनि एकअर्का प्रतिको धार्मिक तथा सांस्कृतिक सहिष्णुता यहाँको सुन्दर पक्ष हो ।

नगरपालिका भित्र बोलिने मातृभाषाहरू मध्ये ७९.२ प्रतिशतले नेपाली, ८.५ प्रतिशतले मगर, ४.६ प्रतिशतले गुरूङ्ग, ३.६ प्रतिशतले नेवार, २.२ प्रतिशतले दरै भाषा बोल्ने गर्दछन् । यस नगरपालिकामा मुख्य जाति समूहको रूपमा ब्राम्हण, मगर, क्षेत्री, दरै, नेवार, गुरूङ, दलित आदि रहेका छन् । दमौलीलाई देश भरिमानै दुर्लभ ठानिने दरै जातिको मूल थलोको रूपमा यसलाई लिइन्छ । चुड्का, घाटु र कौरा यहाँका लोक दृष्य नृत्यहरू हुन । व्यास नगरक्षेत्रमा घाटु, भैलो, झ्याउरे र परम्परागत तीजका गीतहरू तथा नृत्य पनि सर्वाधिक लोकप्रिय संस्कृति हुन् ।

हिन्दुहरूको प्रमुख धार्मिक स्थल छाब्दी बराही रहेको छ । यसबाहेक, यहाँ रहेका अन्य धार्मिक आकर्षणहरूमा व्यास गुफा, परासर आश्रम, शिव पञ्चायन आदि मन्दिर पर्दछन् । त्यस बाहेक छाब्दी बराही, व्यास (१४), व्यास गुफा, व्यास (३), पञ्चायन मन्दिर , व्यास (३), परासर गुफा, अनन्त गुफा, दुर्गा मन्दिर, व्यास (३), चर्च (१ वटा),मस्जिद ( नुरी जामे मस्जिद, व्यास (३) र बाकैंया मस्जिद, सतिस्वरा बौद्ध सदन, तामुर लगायतका धार्मिक स्थलहरू रहेका छन् ।

### ५.५.२ प्रमुख समस्या

प्राचीन तथा मौलिक कला र जातीय संस्कृतिको जगेर्ना हुन नसकेका कारण बाह्य संस्कृतिको प्रभाव र अतिक्रमणले परम्परागत चाडपर्वहरूले आफ्नो मौलिकता क्रमशः गुमाउदै गएको अवस्था छ । ऐतिहासिक मठ मन्दिरहरूको संरक्षण नहुनु, कलाकर्मीहरूको उचित सम्मान तथा संरक्षणमा  कमी र ऐतिहासिक सम्पदा तथा पुरातात्विक महत्वका ठाउँ तथा वस्तुहरू र धार्मिक मठ मन्दिरहरूको उचित संरक्षण र सम्वर्धन हुन नसक्नु पनि समस्याको रूपमा देखिन्छ । । विभिन्न जातजातिहरूको मातृभाषा लोप हुने खतरा देखिन्छ ।

### ५.५.३ अवसर र चुनौतीहरू

**अवसर**

विभिन्न जात जाति, भाषाभाषीको मौलिक एवम् परम्परागत संस्कृतिको जगेर्नाका साथै भावी पुस्तालाई समयानुकूल हस्तान्तरण गरी पुरातात्विक र ऐतिहासिक सम्पदाको संरक्षण तथा संवर्द्धन र पुनर्निर्माणको माध्यमबाट धार्मिक पर्यटन प्रवर्धन गर्दै आर्थिक समृद्धिमा टेवा पुर्‍याउन सकिन्छ । संस्कृति संरक्षण र विकासलाई आयआर्जन र रोजगारीका अवसरहरूसँग जोडेर नगरको धार्मिक पर्यटन तथा आर्थिक तथा सामाजिक विकासमा योगदान पुर्‍याउन सकिन्छ ।

**चुनौतीहरू**

लोपोन्मुख जाति एवम् पिछडिएका वर्गको भाषा, साहित्य र संस्कृतिको संरक्षण र प्रवर्द्धन  गरी विभिन्न भाषा, कला, संस्कृति र सम्पदाहरूको मौलिकपना जोगाइराख्नु पर्ने देखिन्छ । अन्तरपुस्ता ज्ञान हस्तान्तरण कायम राख्नु,  सांस्कृतिक सम्पदाहरूको अनुसन्धानमा विस्तार गर्नु, साँस्कृतिक सम्पदा र प्रचलनहरूको अध्ययन तथा अनुसन्धानको साथै संरक्षणको कार्य गर्नु पनि उत्तिकै चुनौतीपूर्ण देखिएका छन् । नगरक्षेत्र भित्रका प्राचिन पुरातात्विक तथा सांस्कृतिक सम्पदाको प्रचारप्रसार, खोजी तथा अभिलेखिकरण गर्नु जस्ता विषयहरूमा स्थानीयहरूको कम चासो देखिन्छ ।

### ५.५.४ उद्देश्य

१. भाषा, संस्कृति,  कला,  साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु ।

### ५.५.५ रणनीति तथा कार्यनीति

**तालिका १०: भाषा, साहित्य र संस्कृतिको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: भाषा, संस्कृति,  कला,  साहित्य र मौलिक परम्पराको संरक्षण र विकास गर्नु ।** | |
| १.१ स्थानीय कला, भाषा एवम संस्कृतिको संरक्षण र विकास गर्ने । | १.१.१ भाषा,  कला र साहित्य,  बहुसंस्कृतिको संरक्षण, सम्वर्द्धन र विकास गरिनेछ ।<br>१.१.२ दरै, मगर, नेवार, बोटे लगायत अन्य जातजातिहरूको भाषा, साहित्य, कला र संस्कृतिको विकास एवं सम्वर्द्धन गरिने छ ।<br>१.१.३ प्रमुख जनजातिहरूको भाषा, लिपि र संस्कृतिको खोज, अनुसन्धान र प्रकाशनका साथै समय समयमा जात्रा, महोत्सव आदिको आयोजना गरिनेछ ।<br>१.१.४ धर्म, भाषा, संस्कृति,  कला,  साहित्य र मौलिक परम्पराको विकासका लागि प्रचार प्रसार, उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको उचित सम्मान र उनीहरूको नामबाट निर्मित |

| | |
|---|---|
| | संरचनाहरूको नामकरण गरिनेछ। |

### ५.५.६ प्रमुख कार्यक्रम

१. सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, र संरक्षण
२. भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराहरूको प्रचार प्रसार
३. धार्मिक तथा साँस्कृतिक संस्था वा समूहहरूको संस्थागत विकास
४. मन्दिर देवालय गुम्बा आदिको सौन्दर्यकरण
५. साहित्यक महोत्सव तथा प्रकाशन

### ५.५.७ अपेक्षित उपलब्धि

नगरक्षेत्रको सांस्कृतिक, पुरातात्विक एवम् धार्मिक महत्वका स्थलहरूको खोजी, अभिलेखीकरण, संरक्षण, सम्वर्द्धन र विकास भएको हुनेछ। भाषा, कला, साहित्य र संस्कृति क्षेत्रका प्रतिष्ठानहरूको स्थापना भई क्रियाशील भएको हुनेछ। नगर क्षेत्रमा बहुसांस्कृतिक, जनजाती संग्रहालयको स्थापना र विकास भएको हुनेछ।

## ५.६ युवा तथा खेलकुद

### ५.६.१ पृष्ठभूमि

व्यक्तिको शारीरिक तन्दरूस्ती, सामाजिक र मानसिक पक्षको सन्तुलित विकासका लागि खेलकुदले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । नागरिकलाई रोजगारको अवसर सिर्जना गर्न, खेल पर्यटनको माध्यमबाट दिगो विकासका शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा आर्थिक वृद्धि लगायतका लक्ष्यहरू हासिल गर्न नगरस्तरमा खेलकुदको संस्थागत विकास एवम पूर्वाधार निर्माण गरी “सबैका लागि खेलकुद” अभियानलाई व्यवहारमा उतार्न जरूरी छ।

यस नगरपालिकाको कुल जनसंख्याको करिब ६५ प्रतिशत जनसंख्या युवा र आर्थिक रूपले सक्रिय जनसंख्या रहेको छ । त्यस्तै आर्थिक रूपले सक्रिय जनसंख्याको करिब १०.९ प्रतिशत जनसंख्या रोजगारीका लागि विदेशिएका छन् । यसबाट नगरपालिकालाई वार्षिक करिब २ अर्ब ३५ करोड बढीको हाराहारीमा विप्रेषण प्राप्त हुने गर्छ। नगरपालिकाको सबै वडामा व्यास युवा क्लब गठन गरी नगर स्तरीय सञ्जाल निर्माण भएको छ । नगर क्षेत्र भरी २८ वटा युवाक्लबहरू क्रियाशील रहेका छन्।

यस नगरपालिकाको क्षेत्रभित्र खेलकुद, मनोरञ्जन, प्रदर्शनी, पिकनिक, पार्क लगायतका स्थलहरू रहेको छ । नगरपालिकाका भित्र वडा नं. १, ३, ५, ६, ९, १० र ११ मा खेलमैदान रहेका छन्। जिल्ला खेलकुद समिति तनहूँको स्वामित्वमा व्यास नगरपालिकाको वडा नं. ६ मा करिब १४ रोपनी खेल मैदान छ। वि.पी. वन बाटिकाखेल मैदान दमौली, अनसन चौतारी पार्क, फराकचौर क्रिकेट मैदान, चिन्टुटार खेल मैदान, निर्मल स्कुल खेल मैदान, सिसौघारी क्रिकेट मैदान, पुलिमराङ्ग खेलमैदान, पाटन खेल मैदान व्यास लगायतका खेल मैदानहरू खेलकुद, प्रदर्शनी, मनोरञ्जन एवं पिकनिक स्थलको रूपमा समेत प्रयोग हुने गरेको छ । नगरपालिकाको पार्श्वचित्र २०७५ का अनुसार नगरपालिकाका २ जना खेलाडीहरू दिपेश आले र विश्व अधिकारीले राष्ट्रियस्तरको फुटवल र लक्ष्मी कुमालले क्षेत्रिय स्तरको पौडी खेलाडीको रूपमा पहिचान बनाउन सफल भईसकेका छन्।

### ५.६.२ प्रमुख समस्या

प्याराफिट सहितको व्यवस्थित खेलकुद मैदान नभएकोले राष्ट्रिय स्तरका खेलकुद कार्यक्रम राख्न सकिएको छैन। केहि विद्यालयहरूमा सानोतिनो खेलकुद कार्यक्रम हुने गरेको छ तर औपचारिक खेलकुद गतिविधिहरू सञ्चालन भएको छैन । व्यवस्थित खेलकुद मैदानको अभावमा चासो भएका खेलाडिहरूले राम्रो तालिम लिन पाएका छैनन् भने यस क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधार तथा खेल सामाग्रीको कमी हुनु, भएका पूर्वाधारहरू पनि गुणस्तरयुक्त नहुनु, समय सापेक्ष आधुनिक र सुविधायुक्त नहुनु, खेलकुद जनशक्ति विकासमा लगानी नहुनु जस्ता जस्ता थुप्रै समस्याहरू रहेका छन् । अझै पनि युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवाहरूको विकासका लागि ठोस योजना नहुनु, युवासम्बन्धी तथ्याङ्क समेत अद्यावधिक हुन नसक्नु जस्ता समस्याहरू अझैपनि नगरपालिकाभित्र विद्यमान रहेका छन्। युवाहरूको विकासका लागि कार्यक्रम तथा बजेट विनियोजन गरी उनीहरूको शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा सहयोग गर्नु जरूरी छ।

### ५.६.३ अवसर र चुनौतीहरू

**अवसर**

विभिन्न पेशा, व्यवसाय, अध्ययन र अन्य क्षेत्रमा रहेका जोसिला र सामुदायिक भावना बोकेका युवाहरूलाई समेटेर व्यास युवा परिषद्  गठन गरेको छ । नगर स्तरीय नमूना अभ्यास संसद सञ्चालन भएको छ । यस कार्यक्रमले युवाहरूलाई स्थानीय सरकार, सामाजिक परिवेश र राजनीतिक परिपाटी बुझ्ने अवसर प्रदान गरेको छ । व्यास नगरपालिकाले राष्ट्रिय स्तरमा आयोजना गर्ने गरेका पुरूष तथा महिला म्याराथन दौड तथा नगर स्तरीय मेयर, उपमेयर कप फुटबल जस्ता कार्यक्रमले व्यासको पर्यटन एवं खेलकुद विकासमा थप टेवा पुगेको छ । व्यवस्थित खेलकुद मैदान निर्माण गरी राष्ट्रिय स्तरका क्रिकेट, फुटबल लगायतका खेलकुद कार्यक्रम सञ्चालन गरी युवाहरूमा क्रियासिलता र सृजनसिलता अभिबृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

**चुनौतीहरू**

शिक्षित युवाहरू ठूलो संख्यामा वेरोजगार छन् जसका कारण वैदेशिक रोजगारी तर्फ आकर्षित हुदै त्यतैतर्फ पलायन भएका छन् । प्रतिभावान, सिर्जनात्मक युवाहरू पहिचान हुन सकेको छैन र तिनीहरूको विकास प्रवर्द्धनका लागि आवश्यक कार्यक्रमहरू पनि लागू भएको छैन । स्व-रोजगारी लागि सीपमूलक तालिम, क्षमता अभिवृद्धि एवं प्राविधिक शिक्षा र ऋण सुविधा प्रदान हुन सकेको छैन । त्यसैगरी खेलकुदतर्फ आवश्यक पूर्वाधारहरू, खेल मैदान, खेल सामाग्रीहरूको अभाव छ भने खेलकुदको विकासका लागि विद्यालय, वडा एवं पालिका स्तरीय प्रतियोगिताहरू यथोचित र आवस्यकता अनुसार हुन सकिरहेको छैन ।

### ५.६.४ उद्देश्य

१. सीप विकास, स्वरोजगारी र खेलकुदको माध्यमबाट युवाहरूमा सिर्जनशीलताको विकास गर्नु ।

### ५.६.५ रणनीति तथा कार्यनीति

**तालिका ११: युवा तथा खेलकुदको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: युवाहरूको विकासका लागि स्वरोजगारीको व्यवस्थामा सहयोग तथा प्रतिभाशाली खेलाडीहरूको विकास गर्नु ।** | |
| १.१ युवामा स्वरोजगार र आत्मविश्वासको भावना अभिवृद्धि गर्ने । | १.१.१ युवाहरूको व्यक्तित्व, सीप तथा उद्यमशिलताको विकास र सामुदायिक विकासमा संलग्न गराई युवाहरूलाई क्रियासिल र सृजनसिल बनाइने छ ।<br>१.१.२ आप्रवासी स्रोत केन्द्र स्थापना गरी वैदेशिक रोजगारमा जाने युवा तथा सम्बद्ध पक्षहरूलाई अभिमुखीकरण गरिने छ ।<br>१.१.३ लागू पदार्थ दुर्व्यसन विरूद्ध विभिन्न संघसंस्थाहरूको सहभागितामा जनचेतनामूलक कार्यक्रम सञ्चालन तथा सुधार गृहहरूको नियमित अनुगमनको व्यवस्था मिलाइने छ ।<br>१.१.४ बेरोजगार युवाहरूलाई लक्षित गरी स्वरोजगारमूलक प्राविधिक शिक्षालय (अमिन, जेटिए, भेटनरी, कृषि, बिजुली, डकर्मी, सिकर्मी, धारा मिस्त्री) सञ्चालन गर्न संघीय सरकार र सिटीईभिटी संग समन्वय गरिनेछ । |
| १.२ खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने । | १.२.१ जिल्ला, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा एवं पदक प्राप्त गर्ने खेलाडीलाई सम्मान तथा नगद प्रोत्साहनको व्यवस्था मिलाइने छ ।<br>१.२.२ खेलकुद पूर्वाधारहरूको विकासका लागि नगरपालिकाले प्रदेश, संघ तथा छिमेकी स्थानीय तह समेतको सहयोग तथा सहकार्यलाई परिचालन गरिनेछ ।<br>१.२.३ नगरको खेल विकासका लागि विभिन्न प्रशिक्षण तालिम र प्रतियोगितात्मक खेलकुदहरूको आयोजना गरिनेछ । |

### ५.६.६ प्रमुख कार्यक्रम

१. युवाहरूको लागि नेतृत्व एवं उद्यमशीलताको विकास
२. खेलकुद विकासका लागि पूर्वाधार निर्माण
३. लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना

४. युवा समूह, र क्लबहरूको संजालको विकास, विस्तार, तथा क्षमता विकास
५. नगरस्तरीय खेलकुद प्रतियोगिता
६. मेयर उपमेयर कप खेलकुद प्रतियोगिता
७. खुल्ला म्याराथुन दौड प्रतियोगिता

**५.६.७ अपेक्षित उपलब्धि**

युवाहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलता विकास भएको हुनेछ । विकास निर्माणमा युवाहरूको सहभागिता अभिवृद्धि भएको हुनेछ । युवा समूह, क्लब संजालको विकास, विस्तार, सदृढीकरण क्षमता अभिवृद्धि गर्दै स्थानीय सरकार संचालनको विभिन्न क्षेत्रमा यूवाहरूको अर्थपूर्ण प्रतिनिधित्व एवं सहभागिता हुनेछ । लागु औषध प्रयोग गर्ने युवाहरूको पुनर्स्थापना गर्न परामर्श तथा पुनर्स्थापना केन्द्रहरू सञ्चालन भएको हुनेछ । खेलकुद विकासका लागि पूर्वाधार निर्माण र संस्थागत विकास भएको हुनेछ । युवाहरूको शारिरीक र मानसिक विकासका लागि सानो उमेर देखि नै अभ्यस्त गराउदै खेल संस्कृतिको विकास हुनेछ । खेलकुद विकासका लागि आवश्यक पूर्वाधारहरू विद्यालय, वस्ती, वडाहरू र नगरस्तरमा निर्माण गरी खेलकुदको प्रवर्द्धन हुनेछ । खेलकुदमा महिला सहभागिता बढाउन उचित वातावरण सृजना भएको हुनेछ ।

## परिच्छेद ६: भौतिक पूर्वाधार विकास योजना

आर्थिक, सामाजिक विकास र सेवा सुविधा प्रवाहलाई प्रभावकारी रूपमा अघि बढाउनका लागि पूर्वाधार विकास प्रमुख तथा महत्वपूर्ण आधार हो । पूर्वाधार विकास क्षेत्र अन्तर्गत सडक, पक्की तथा झोलुङ्गे पुल, वैकल्पिक उर्जा, आवास, भवन तथा वस्ती विकास र सूचना तथा संचार प्रविधि जस्ता विषयहरू पर्दछन् । व्यवस्थित बस्ती तथा सहरी विकासको महत्वले गर्दा पूर्वाधार विकासलाई दिगो विकासको एक महत्वपूर्ण आयामको रूपमा लिने गरिएको छ ।

यसका साथै दिगो विकास लक्ष्यले निर्धारण गरेका लक्ष्यहरू मध्ये **लक्ष्य-७ (खर्चले धान्न सकिने स्वच्छ उर्जा), लक्ष्य-९ (उद्योग प्रवर्द्धन र पूर्वाधार) र लक्ष्य-११ (शहरहरू र समुदायहरूको दिगोपना)** यस क्षेत्रसंग प्रत्यक्ष रूपमा दिगो विकासका लक्ष्यहरू सम्वन्धित रहेका छन् ।

### ६.१ सडक सञ्जाल र यातायात व्यवस्थापन

#### ६.१.१ पृष्ठभूमि

व्यास नगरपालिकाको नगर स्तरीय यातायात योजना (MTMP) अनुसार सार्वजनिक यातायातका साधनहरू क र ख वर्गका सडकहरूमा चल्ने गर्छन् । परासर मार्ग, व्यास मार्ग, शहिद बुद्ध सिंह मार्ग, सिन्धु मार्ग, दमौली केशवटार मार्ग, चापाघाट बेनीपाटन मार्ग र पृथ्वी राजमार्गमा सार्वजनिक यातायात चल्ने गरेको छ । व्यास नगरपालिकाबाट करिब ८०-९० को संख्यामा जिप बस लगायतका यातायातको साधनहरूले दैनिक रूपमा यात्रुहरूलाई आवागमन लगायतको सेवा उपलब्ध गराएका छन् । दमौलीबाट पोखरा जाने बसहरू प्रत्येक ५-१० मिनेटमा छुट्ने गर्दछन् ।

व्यास नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जाल छ । नगरपालिकाको प्रायःजसो बस्तीहरू ग्रामिण क्षेत्र र केहि उचाईमा रहेका छन् जहाँ सडक निर्माणको लागि प्रति व्यक्ति लगानी (Per Capita Investment) तुलनात्मक रूपमा बढी हुने गर्छ । नगरपालिकाको व्यावसायिक तथा प्रशासनिक केन्द्र दमौली बजार (वडा २ र ३ पुरै र ४ को पनि केहि भाग) मा सबै भन्दा राम्रो सडक सञ्जाल रहेको छ ।

नगरपालिकाको पूर्व देखि पश्चिमसम्म पृथ्वी राजमार्ग फैलिएको छ । सो राजमार्ग नगरपालिकाको दमौली बजार हुँदै गएको छ । यसका अतिरिक्त यहाँ २ वटा फिडर सडकहरू छन् । यी सडकहरूमध्ये एक सडक लमजुङ्गको भोर्लेटार जोड्ने व्यास मार्ग हो । अर्को सडकमा शहिद बुद्धसिंह मार्ग हो । यस मार्गले व्यासलाई नारायणगढ हुँदै तराइ जोड्दछ । यसका अतिरिक्त यस नगरपालिकामा विभिन्न जिल्ला सडकहरू रहेका छन् जसले यहाँका विभिन्न बस्तीहरूलाई विभिन्न तहमा जोड्ने काम गर्दछन् ।




बेलभञ्याङ (व्यास नगरपालिका पूर्वी सिमाना, मुसे खोला - दमौली राष्ट्रिय सडक, चापाघाट- थप्रेक-कोत्रे (सिन्धु मार्ग र लालध्वज मार्ग) सडक, दमौली-पोखरी भञ्ज्याङ्ग- केशवटार- धरमपानी- बन्दीपुर सडक, चिर्खाउने- बेलघारी- दमाइ चौतारा- छाब्दी-दमौली सडक, चपाघाट- मानुङ्गकोट- किलचोक-छाङ्ग- भिमादसडक, झापुटार (दमौली- काहुँशिवपुर-चालिसे) सडकले, खड्काली मार्ग, पराशर मार्ग, छिर्कन-कुलुङकोट-केशवटार, बेलबास-बेनकोट, व्यास नगरपालिकाको सडक सञ्जाललाई जोडेको छ । त्यसै गरी खड्काली मार्ग, पराशरमार्ग, छिर्कन-कुलुङकोट-केशवटार मार्ग, बेलवास-बेनकोट मार्ग, बुद्धसिंह मार्ग, क्यामिन मार्ग, कलेस्ती मार्ग, माहेन्द्री मार्गहरू सडक यातायातलाई सहज बनाएका छन् ।

व्यास नगरपालिकामा साना ठूला गरी १३ पुल रहेका छन् । नगरपालिकाका मुख्य क्षेत्रमा सडकहरू राम्रो अवस्थामा छन् र सतह ढलहरूको पनि राम्रो सुविधा छ । विभिन्न वडासँग जोडिएका सडकहरूमा मर्मतको आवश्यकता छ र आधारभूत सतह ढलहरूको व्यवस्था गर्नु पनि अत्यावश्यक छ । सडक बत्ती, फुटपाथ र सडक चिन्हहरूको व्यवस्था बजार र केन्द्रिय क्षेत्रहरूमा राम्रो छ । वडा १-७, १०-१३ हरूमा राम्रो सडकले जोडिएको छ तर वडा ८, ९ र १४ मा कच्ची सडकले मात्र जोडिएका छन् । नगरपालिकामा सडक कभरेज २.४५ कि.मि./वर्ग कि.मि. रहेको छ । सबै भन्दा

कम सडक घनत्व १.६१ कि.मि./वर्ग कि.मि. भएको ग्रामीण क्षेत्रमा पर्ने वडा १४ हो । त्यसै गरि, सबै भन्दा बढी सडक घनत्व १६.५५ कि.मि./वर्ग कि.मि. भएको शहरी क्षेत्रमा पर्ने वडा २ हो ।

### ६.१.२ प्रमुख समस्या

व्यास नगरपालिकाको वडा नं.२ को करंकाठमा हालै संचालनमा आएको बसपार्क र ट्राफिक चोकमा एउटा बस स्ट्यान्ड सञ्चालनमा आएकोछ । लामो दुरीका सवारी साधनका लागि कुनै बस स्टप वा टर्मिनल उपलब्ध छैन । संघ-प्रदेश राजधानीसंगको मुख्य राजमार्ग भएर यातायातहरूको आवागमन बाक्लो हुने भएकाले नगर क्षेत्रको दमौली बजारमा ट्राफिक जाम बढ्दो क्रममा रहेको छ भने भोर्लेटार चोक लगायतका स्थानमा पार्किङ्ग र ट्राफिक व्यवस्थापनमा चुनौती थपिदै गएको छ । नगरपालिकाको केन्द्रिय क्षेत्रमा पार्किङ्गको समस्याले गर्दा दुर्घटना संख्या बढेको पाइन्छ । साघुँरा सडकहरू चौडा गर्नुपर्ने, सडकहरूमा सडक बत्ती जडान गर्नु पर्ने, फुटपाथ र सडक चिन्हहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ । शहरी सडकहरूमा पक्की नालाको सुविधा रहेपनि वर्षा मौसममा पानी निकासको समस्या भने विद्यमान देखिन्छ । त्यसै गरी सडक तथा नालाको नियमित मरमत संम्भार, सफाई र अतिक्रमणलाई हटाउन पर्ने देखिन्छ ।

### ६.१.३ अवसर र चुनौतीहरू

**अवसर**

नियमित कार्यक्रमका अतिरिक्त  विश्व बैंक तथा शहरी विकास मन्त्रालय, भवन विभाग अन्तरगत नेपाल शासकिय सुधार आयोजना अन्तरगत रू.७५ करोड ३ लाखमा माहेन्द्री मार्ग व्यास ५ र ६, पराशर मार्ग रिङरोड, केशवटार, कुलुङ छाब्दी छिर्कन पर्यटन मार्ग निर्माण अगाडी बढेकाले आगामी केही वर्षमानै त्यस क्षेत्रमा सडक संजालमा देखिएको कहि कमि कमजोरी हट्ने सम्भावना देखिन्छ । सडकहरूको मापदण्ड तय भै सो अनुसार घर निर्माण अनुमति मापदण्ड कार्यान्वयनमा रहेकोछ र यसबाट अव खुल्ने नयाँ सडकका लागि समेत दिशा निर्देश भएकोछ । दमौली- पोखरा विद्युतीय वस सञ्चालन गर्न सकिन्छ ।

**चुनौतीहरू**

अझै अधिकांश कच्ची धुले सडक छन् । वर्षाको याममा नियमित यातायात संचालन हुन सक्दैनन । सडक नाली, कल्भर्ट तथा पुल पनि आवस्यकता अनुसार हुन सकेको छैन । नगर यातायात गुरूयोजना र सडक निर्माण तथा यातायात संचालन मापदण्ड कार्यान्वयनकै चरणमा छ । पुराना सडकहरूमा यातायातको चाप सँगै सागुरो हुदै गएको छ । सडकको गुणस्तरमा पनि सुधारको आवस्यकता छ । गाउँ गाउँमा सडकको मागले गर्दा वातावरणीय पक्ष चुनौतिको रूपमा देखिएकोछ । भौतिक पूर्वाधार निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण (EIA/IEE) लगायत विस्तृत परियोजना प्रतिवेदन (DPR) ले औंल्याएका नकारात्मक प्रभावको न्यूनिकरण गर्न आवस्यक छ ।

### ६.१.४ उद्देश्य

नगरको सवै वडा केन्द्र, प्रमुख वजार केन्द्र र पर्यटक स्थलहरूसम्म बाह्रै महिना संचालन हुने सडक तथा यातायात पूर्वाधार विकास गर्नु ।

### ६.१.५ नीति तथा कार्यनीति

**तालिका१२ः सडक सञ्जाल र यातायात व्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १. नगरको सवै वडा केन्द्र, प्रमुख वजार केन्द्र र पर्यटक स्थलहरूसम्म बाह्रै महिना संचालन हुने सडक तथा यातायात पूर्वाधार विकास गर्नु ।** | |
| १.१ शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, यातायात सेवाको गुणस्तरमा सुधार गर्ने । | १.१.१ निर्माणाधिन सडकहरूको यथाशिघ्र सम्पन्न गर्दै अन्य सडकहरूको स्तरोन्नती तथा मर्मत संभार गरिनेछ ।<br>१.१.२ ग्रामीण क्षेत्रका वडाहरूमा रहेका सडकहरूलाई शहरी क्षेत्रको सडकसंग जोड्ने सडकहरूको स्तरोन्नती गरिनेछ ।<br>१.१.३ बसपार्कमा निजी क्षेत्रसंगको साझेदारीमा पार्किङ समेतको उपयुक्त संरचना निर्माण गरिने छ । |
| १.२ सडकको मापदण्ड, वर्गीकरण, | १.२.१ ग्रामिण क्षेत्रका वडाहरूमा रहेका सडकहरूको स्तर तथा मापदण्ड अनुसार |

| | |
|---|---|
| नामाकरण र प्राथमिकताक्रम किटान गरी सडक सञ्जाल विस्तार गर्ने । | सडकहरूको लगत कट्टा गर्न पहल गरिनेछ ।<br>१.२.२ सडक निर्माण गर्दा नगर यातायात गुरूयोजना अनुसार सडकको प्रकृति अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गरिनेछ । |
| १.३ सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने । | १.३.१ सर्वसुलभ, नियमित, भरपर्दो र सुरक्षित यातायात सेवाका लागि निजी क्षेत्र तथा सहकारी संस्थालाई प्रोत्साहित गर्दै सहकार्य गरिनेछ । महिला, बालबालिका, बिरामी, असहाय, जेष्ठ नागरिक तथा अपाङ्गतामैत्री यातायात सेवा सञ्चालन गरिनेछ ।<br>१.३.२ वस्तीहरू सम्म सार्वजनिक यातायात सेबालाई विस्तार गरी सेवा सुविधा पहुँचमा स्थानीयहरूलाई सहज बनाइने छ ।<br>१.३.३ वाह्य क्षेत्रका प्रमुख गन्तव्य सम्म पुग्न दैनिक तथा नियमित रूपमा सार्वजनिक यातायात संचालन गरी सहजता ल्याइनेछ ।<br>१.३.४ यातायात सुरक्षाका सबै मापदण्ड लागू गरी यातायातलाई सुरक्षित बनाइनेछ । |

### ६.१.६ प्रमुख कार्यक्रम

१. नगर यातायात गुरूयोजना अनुसार पक्की सडक सञ्जाल निर्माण कार्यक्रम
२. सार्वजनिक यातायातका सेवाहरू व्यवस्थित र सुरक्षित गर्ने कार्यक्रम
३. सवै वडा छुनेगरी चक्रपथ जोड्ने कार्यक्रम
४. बसपार्क तथा प्रतिक्षालय निर्माण कार्यक्रम
५. सडक अतिक्रमण र न्यूनीकरणका लागि जनचेतना सम्बन्धी कार्यक्रम
६. संघीय सरकारको सहकार्यमा दमौली- पोखरा विद्युतीय वस सञ्चालन ।

### ६.१.७ अपेक्षित उपलब्धि

सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइ मुख्य सडक सञ्जालमा रहेका सडकहरूमा बाह्रै महिना यातायात सञ्चालन भएको हुनेछ । नगरक्षेत्रका सवै वडा कार्यालयहरू, स्थानीय सार्वजनिक कार्यालयहरू वीच पक्की सडक संजाल विकास गरी सेवाग्राहीहरूलाई सहजता प्रदान गरिएको हुनेछ । जिल्ला सडक, प्रदेश स्तरीय क्षेत्रीय सडक एवं राष्ट्रिय सडक संजालसंग जोडिने गरी सडक विस्तार गरी वाह्य क्षेत्रसंगको सम्बन्धलाई सुदृढ बनाइएको हुनेछ । सिंचाइ, पर्यटन, उद्योग व्यवसायलाई सहयोग पुग्ने एवं कृषि, शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि हुनेगरी सडकको निर्माण एवं स्तरोन्नति भएको हुनेछ । सडक किनारा तथा तलमाथि वायोइन्जिनियरिङ्गलाइ प्राथमिकता दिई वातावरणमैत्री सडक निर्माण भएको हुनेछ । नगर यातायात गुरूयोजनाको पूर्णरूपमा कार्यान्वयन भएको हुनेछ । सार्वजनिक यातायात सेवाहरू व्यवस्थित र सुरक्षित भएको हुनेछ ।

## ६.२ सिंचाई

### ६.२.१ पृष्ठभूमि

व्यास नगरपालिकामा खेती योग्य र उर्वर फाँटहरू रहेकोछन । यी स्थानहरूमा खहरे खोला तथा नदीहरूबाट सिंचाइ हुने गरेको छ । अन्य कृषिजन्य क्षेत्रहरू सिंचाइको लागि वर्षा मौसममा भर पर्दछ । साँगे, कलेस्ती, रिस्ती र छाब्दीमा ठूला एवम् स-साना सिंचाई योजनाहरू सञ्चालनमा रहेकाछन । यी मध्ये साँगे खोलाको साँगे पतेनी सिंचाई आयोजनाबाट सिंचाई भइरहेको साँगे क्षेत्र नगरपालिकाको सबैभन्दा उर्वर क्षेत्र हो ।

नगर क्षेत्रको खेती योग्य जमिन मध्ये करिब ५०.८ प्रतिशत जमिन मात्रै सिंचित छ भने वर्षभरी सिंचाई हुने क्षेत्रफल करिब १२.०३ प्रतिशत मात्रै छ । सिंचाईका लागि १४ कि.मी पक्की, १६.१९ कि.मी. वर्षे कुलो र ३.३ कि.मी.कच्ची गरी कूल २३.४९ कि.मि. लम्बाइको नहर रहेको छ । फराकचौर फेदी लिफ्ट सिंचाई, परेवा रह खहरे लिफ्ट सिंचाई, चिन्तुटार लिफ्ट सिंचाई, साँगे पतेनी सिंचाई, सत्रसय फाँट सिंचाई, भट्टको डिहि सिंचाई, राम्चे सेरा फाँट सिंचाई लगायतमा मादी नदी, बुल्दी, छाब्दी, साँगे, खहरे, रिस्ती, कलेस्ती लगायतका खोला, धारापानी खोल्साको पानीबाट सिंचाई हुने गरेकोछ ।

### ६.२.२ प्रमुख समस्या

नगरपालिका क्षेत्र भित्र रहेका उर्वर भूमिमा कृषि कार्यका लागि पर्याप्त मात्रामा सिंचाई सुविधा उपलब्ध हुन सकेको छैन । खोला तथा नदिको बहाव गहिरो भएकालेले सिचाई गर्न कठिनाई छ । लिफि्टङ सिचाई प्रभावकारी हुन सक्थे तर यो खर्चिलो हुने भएकाले प्रभावकारी बन्न सकिरहेको छैन । साविक कुलोहरूको मरमत सम्भार गर्न स्थानीय जागरूकताको कमि देखिन्छ । मौसम अनुसार सिँचाई हुने खेत, सिँचाई नभएका पाखो जमिन र भिरालो जमिनमा थोपा सिचाईको व्यवस्था गरी कृषिमा आत्मनिर्भर बन्न बनाउन अति आवस्यक छ ।

### ६.२.३ अवसर र चुनौतीहरू

#### अवसर

साविकका स्रोतहरू तथा कुलोहरू मर्मत योग्य भएका छन् । नगरपालिका स्तरीय तथा प्रदेश स्तरीय सिंचाइ योजना सञ्चालनमा रहेको अवस्थामा सम्पन्न भए पछि थप सिंचाइ सुविधा विस्तार हुने देखिन्छ । थप सिंचाइका स्रोतहरूको पहिचान भएको स्थानहरूमा आवश्यक सिंचाई आयोजना निर्माण गर्न सकिने सम्भावना रहेको छ । लघु सिंचाइ आयोजना सञ्चालन भएका वडाहरूमा योजनाहरूको रेखदेख तथा मरमत सम्भारको लागि उपभोक्ता समितिहरू गठन भएकोले सिंचाई व्यवस्थापनमा थप सहजता पुग्नेछ । नगरपालिका अन्तर्गतका पानीका स्रोत भएका मादी नदी, बुल्दी, छाब्दी, साँगे, रिस्ती, कलेस्ती लगायतका खोलाहरूमा लिफ्टिङ लगायतका दिर्घकालिन ठूला संरचनाको विकास गरी सिंचाइको पहुँच बढाउने सम्भावना रहेकोछ । ग्रामिण वडाहरूमा रिचार्ज पोखरीहरू निर्माण गरी सिंचाई गर्न सकिन सम्भावना समेत रहेको देखिन्छ ।

#### चुनौतीहरू

सिंचाइको अभावमा कृषि उत्पादकत्व कम हुँदा कृषकहरूलाई कृषि पेशामा आकर्षित गर्न नसक्नु, उच्च भूभागमा रहेका वडाहरूमा सतह सिंचाइको सम्भावना नहुने हुँदा लिफ्टिङ विकल्प खर्चिलो बन्नु, बजार केन्द्र नजिकका खोला नालाहरूबाट नदीजन्य निर्माण सामग्रीको अत्यधिक प्रयोगबाट खोलाको सतह गहिरिदै जाँदा सतह सिंचाइका सम्भावना भएका खेतीयोग्य जमिनमा समेत योजनाहरू जोखिममा पर्नु चुनौतीका रूपमा देखिन्छन । सडक पूर्वाधारको निर्माणको क्रममा कतिपय परम्परागत कुलोहरूको संरचनाहरू बिग्रनु, र भौतिक पूर्वाधारको तुलनामा सिंचाइ पूर्वाधार प्रति स्थानीय समुदायको समेत चासो कम हुनु अर्को चुनौती हो । कृषि उपजको मूल्य अनुसार सिंचाइ शुल्क निर्धारण गरी लघु सिंचाइ आयोजनाहरू सञ्चालन गर्न सामूहिक कोषको व्यवस्था गर्न समुदायको चासो नहुनु पनि चुनौती भन्दा कम छैन ।

### ६.२.४ उद्देश्य

१. दिगो सिंचाइ प्रणालीको विकास र व्यवस्थापनबाट कृषि उत्पादनमा बृद्धि गर्नु ।

### ६.२.५ नीति तथा कार्यनीति

**तालिका १३ः सिंचाईको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: दिगो सिंचाइ प्रणालीको विकास र व्यवस्थापनबाट कृषि उत्पादनमा बृद्धि गर्नु ।** | |
| १.१ जलस्रोतमा धनी व्यास नगरपालिकाका विभीन्न वडाहरूमा सिंचाइको व्यवस्था गर्ने । | १.१.१ पुराना सिंचाई नहर, कुलो आदिलाई पुनर्निर्माण गरी नियमित रूपमा सिंचाइ योजना सञ्चालनमा ल्याइनेछ । |
| | १.१.२ सिंचाई सम्भाव्यता अध्ययन प्रतिवेदनका आधारमा साना तथा ठुला सिंचाई पूर्वाधार आयोजनाहरूको निर्माण गरी सिंचाईको व्यवस्था मिलाइनेछ । |
| | १.१.३ विभीन्न वडाका उच्च पहाडी क्षेत्रमा वर्षातको पानी संकलन गरी सिंचाइको व्यवस्था मिलाइनेछ । वर्षातको पानी संकलन गर्न आधुनिक टंकी वा पराम्परागत पोखरीहरूको निर्माण गरिनेछ । |
| | १.१.४ समतल टार तथा नदी किनाराका खेतीयोग्य जमीनमा नहर वा पानी लिप्ट गरी बाह्रै मास सिंचाइ गर्न सकिने योजनाको कार्यान्वयन गरिनेछ । |
| | १.१.५ पुराना, पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न आवश्यक मर्मत कोषको स्थापना गरिने छ । |
| | १.१.६ साना सिंचाई कार्यक्रम सञ्चालनमा कृषकहरूलाई अनुदान सहयोग उपलब्ध गराइने छ । |

### ६.२.६ प्रमुख कार्यक्रम

१. लिफ्ट सिचाई सम्भाव्यता अध्ययन (सिसाघाट, मादवेसी, कलस्ती आदि समेत)
२. साना तथा ठूला सिँचाइ पूर्वाधार निर्माण
३. नियमित सिंचाई पूर्वाधार मर्मत संभार
४. साना सिंचाई कार्यक्रम संचालनमा अनुदान
५. रिचार्ज पोखरी तथा थोपा सिचाई
६. कुलो तथा नहर स्तरीकरण

### ६.२.७ अपेक्षित उपलब्धि

नगरका खेतीयोग्य जमिनमा सिंचाइको सुविधा उपलब्ध हुनेछ । ठूला सिंचाइ आयोजनाहरूको निर्माण तथा चालु अवस्थामा रहेका संरचनाहरूको स्तरोन्नतिगर्ने कार्य सम्पन्न भई सञ्चालनमा आएको हुनेछन र व्यवस्थापनकोलागि आवश्यक जनशक्तिको व्यवस्था समेत भएको हुनेछ । फलफूल तरकारी तथा नगदेबालीको उत्पादनबाट गाउँ घरमै रोजगारी सिर्जना गरी आन्तरिक बसाइँसराइलाई न्यूनीकरण भएको हुनेछ । कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि भई समुदायको आम्दानीमा बृद्धि भएको हुनेछ ।

## ६.३ आवास, भवन तथा शहरी विकास

### ६.३.१ पृष्ठभूमि

नगरपालिकाको समग्र शहरी विकासको लागि एकीकृत शहरी विकास योजना र यातायात गुरूयोजनाहरू बनिसकेको छ । हाल वडा १, २, ३ र ४ मा बस्ती विकासको चाप बढदै गएको देखिन्छ । शहर वडा २ र ३ मा रहेको दमौली क्षेत्रबाट क्रमशः वडा १, ४, ५, र १० तर्फ बढेको देखिन्छ । उल्लिखत बमोजिमको शहरीकरण हुनुको मुख्य कारणमा व्यास नगरपालिकाको केन्द्रिय क्षेत्रमा व्यावसायीकरण, उचित जग्गाको अभाव, र जग्गाको मूल्यमा अधिकतम बृद्धि आदि रहेकाछन । वडा ७ को कलेस्ती र सत्रसयको समतल बस्ति बढ्दै गरेको पाइन्छ । त्यसै गरि वडा १० को बैरेनी क्षेत्रमा बस्तीमा पनि शहरीकरण भइरहेको पाइन्छ । छाब्दी फाँटमा जग्गा किनबेच र भवन निर्माण अनुमतिमा बृद्धि भएको पाइन्छ । त्यसै गरि वडा १२ को कमलबारी, घाँसीकुवा क्षेत्र बढि विकसित छन् । वडा नं. ६ को सिसाघाटमा नयाँ शहर योजनाको प्रारूप तयार भइरहेको छ । वडा नं. ६ को बाह्रविसे ११ को फराकचौर, तनहुँसुर तर्फ पनि थप बस्ति विकासको सम्भावना रहेको छ ।

व्यास नगरपालिकामा भाडामा बसेका घरपरिवारको ठूलो अनुपात रहेको छ । ती मध्ये निजी तथा सार्वजनिक जग्गामा अतिक्रमण गरि बसेका पनि छन् । नगरपालिकामा गत ५ वर्षको भवन निर्माण प्रक्रिया हेर्ने हो भने हरेक बर्ष ५०० भन्दा बढी भवनहरू निर्माण हुँदै आएको देखिन्छ । गत आर्थिक वर्ष २०७६।०७७ मा घर सम्पन्न संख्या ५३८ रहेको तथ्यांक छ । यसले नगरपालिकामा भवन निर्माण प्रवृत्ति उच्च रूपमा बढ्दै गरेको संकेत गर्दछ । नगरपालिका भित्र निर्मित अधिकांश भवनहरू माटो र इट्टाले बनेका छन् । सिमेन्ट र इट्टा प्रयोग भएका भवनहरू जम्मा १८% छन् भने आरसीसी फ्रेम स्ट्रक्चर भएका भवनहरू जम्मा १९% छन् । काठका पिलर भएका भवनहरू जम्मा ३.२९% रहेका छन् (घरधुरी सर्भेक्षण, २०७५) ।

नगरपालिकाको प्राकृतिक सौन्दर्यलाई बचाई विविधतायुक्त गाउँशहर निर्माण गर्न र आवश्यक पूर्वाधारहरूको सहज उपलब्धता गराई समृद्ध व्यास नगर बनाउनका लागि एकीकृत जग्गा विकासको योगदान अतुलनीय रहने छ । त्यसकारण नगरपालिकाको विभिन्न स्थानमा जग्गा विकास प्रयासहरू भइ रहेकोछ । दमौलीको मूल बजारक्षेत्र हालको वडा नं. २ र ३ को योजना अहिले भन्दा ५० वर्ष अगाडी २०२८ सालमा इजरायलको जेरूसेलम मोडलमा भएको थियो । त्यो भन्दा राम्रो मोडलमा नयाँ शहरहरू बन्ने अपेक्षा गर्न सकिन्छ ।

### ६.३.२ प्रमुख समस्या

व्यास नगरपालिका पनि अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरणको चपेटामा छ । शहरी विकास तथा पूर्वाधार विकासको लागि जग्गा खरिद वा जग्गा अधिग्रहण कार्य कठिनाई छ । एकीकरण पद्धति मार्फत शहरी पूर्वाधार विकास एवं विस्तार गर्ने काम उपयुक्त देखिँदै आए पनि विभिन्न जटिलता विद्यमान छन् । बढ्दो जनसंख्या, मानिसहरूको समय सापेक्ष आवश्यकताहरू र जग्गाको बढ्दो कारोबारले गर्दा अन्य क्षेत्रहरूमा जस्तै यस नगरपालिकाको विभिन्न स्थानमा समेत अव्यवस्थित रूपमा शहरीकरणको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ । जसले गर्दा

मानिसहरूको लागि अत्यावश्यक पूर्वाधारहरू जस्तै बाटो, नाला, बिजुली बत्ती, खानेपानी, जस्ता सुविधाहरू उपलब्ध गराउन गाह्रो भएको र शहरको सुन्दरतामा पनि प्रतिकूल असर पुऱ्याएको  छ ।

### ६.३.३ अवसर र चुनौती

**अवसर**

शुरूवातबाट नै योजनाबद्ध शहरी विकासको प्रयास गरिएकाले नगरपालिकाको मुख्य बजार क्षेत्र (दमौली)हालको वडा २ र ३ धेरै हद सम्म व्यवस्थित रह्यो । पूर्वाधार विकास र आवास निर्माण गर्दै स्थानीय पहिचानयुक्त शहर बसाल्ने सम्भावना रहनु, सडक सञ्जालको द्रुत गतिमा बृद्धि भएको हुँदा आर्थिक गतिविधि धेरै हुन सक्ने रणनीतिक क्षेत्र पहिचान गरी शहर बसाल्ने सम्भावना रहनु आदि यस क्षेत्रका अवसरहरू हुन् । नगरपालिकाले एकीकृत जग्गा विकास परियोजना  अन्तर्गत नापीका लागि Control Points स्थापना, रानीगाउँ जग्गा एकीकरण आयोजनाको सम्भाव्यता अध्ययन, बैरेनी जग्गा एकीकरण आयोजना सम्भाव्यता अध्ययन र आयोजनाको मस्यौदा योजना तयार, शिशाघाटमा नयाँ शहर अवधारणा सम्बन्धी प्रस्ताव पेश, मानहुँकोट मास्टरप्लान तयारीका लागि टोपोग्राफिक नक्सा तयार लगायतका नयाँ व्यवस्थित वस्ती विकासका कार्यहरू अगाडि बढेका छन् ।

**चुनौती**

शहरीकरणको तीव्रता संगै पूर्वाधार विकासका लागि ठूलो बजेटको आवस्यकता पर्दछ । विद्यमान वित्तीय स्रोत परिचालनको अवस्थामा मात्र भर पर्ने हो भने शहरी पूर्वाधारको निर्माण सहित उच्च स्तरको यातायात सुविधा उपलब्ध गराउनु, पर्याप्त गुणस्तरीय खानेपानीमा सवैको पहुँच पुऱ्याउनु, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच पुऱ्याउनु, दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी दमौली क्षेत्र वरिपरि केन्द्रित बसाइँसराइको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु शहरी विकास क्षेत्रका चुनौतीहरू हुन् ।

### ६.३.४ उद्देश्य

आधारभूत सवै प्रकारका शहरी सुविधाहरूको व्यवस्था गर्दै आवास, वस्ती विकास एवं सार्वजनिक निर्माणहरू व्यवस्थित र सुरक्षित गर्नु ।

### ६.३.५ नीति तथा कार्यनीति

**तालिका १४: आवास, भवन तथा शहरी विकासको रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **१. आधारभूत सवै प्रकारका शहरी सुविधाहरूको व्यवस्था गर्दै आवास, वस्ती विकास एवं सार्वजनिक निर्माणहरू व्यवस्थित र सुरक्षित गर्नु ।** | |
| १.१ सुरक्षित, व्यवस्थित आवास तथा एकीकृत वस्तीको विकास गर्ने | १.१.१ भुउपयोग योजनामा आवस्यक संशोधन गरी लागू गरिनेछ ।<br>१.१.२ सार्वजनिक तथा ऐलानी जग्गा खोजविन गरी आवश्यक प्रक्रियाबाट उक्त जग्गाहरू प्राप्त गरी सार्वजनिक कामको लागि उपयोग गरिदै लगिनेछ ।<br>१.१.३ उपयुक्त स्थानमा वनभोज स्थल, मनोरञ्जन पार्क र चिडियाखाना निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ ।<br>१.१.४ अवस्थित रूपमा बसोबास गर्ने अतिविपन्न गरीब र दलित समुदायको लागि आवास निर्माणका लागि पहल गरिने छ ।<br>१.१.५ ब्यास नगरपालिका भित्र वस्ती विकासको सम्भावना रहेका क्षेत्रहरूमा योजनाबद्ध शहरी विकास अवधारणा अनुसारका नयाँ शहर निर्माण गरिनेछ । |
| १.२ ग्रामीण वडाहरूका बजार उन्मुख क्षेत्रमा बजार व्यवस्थापनका लागि आधारभूत शहरी पुवाधांरको विकास गर्ने । | १.२.१ नगरपालिका क्षेत्रमा रहेका सार्वजनिक, ऐलानी, तथा जग्गाको अभिलेख तयार गरी अतिक्रमित सार्वजनिक जग्गामा वस्ती विकासका लागि भौतिक पूर्वाधार निर्माण गरिनेछ ।<br>१.२.२ शहरीकरण उन्मुख ग्रामीण वडाहरूको बजार व्यवस्थापनका लागि क्षेत्रमा शहरी विकास आयोजना सञ्चालन गरिने छ । |

| | |
|---|---|
| | १.२.३ बजार व्यवस्थापनका लागि सडक, खानेपानी, नाला, बाटो तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरूको निर्माण गर्दा डिपिआर तयार गरी निर्माण गरिनेछ । |

### ६.३.६ प्रमुख कार्यकम

१. जग्गा विकास कार्यक्रम निरन्तता
२. संयुक्त आवासमा लगानीको सहजिकरण
३. न्यून आय वर्गका लागि आवास सहयोग
४. भवनहरूको अभिलेख अद्यावधिक र व्यवस्थापन
५. डिपिआर तयार भएका आयोजना कार्यान्वयन

### ६.३.७ अपेक्षित उपलब्धि

आवास, वस्ती विकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना एवं एकीकृत जग्गा विकास आयोजना कार्यान्वयन भएको हुनेछ । भूउपयोग नीति बनाई सो अनुसारका योजनाहरू कार्यान्वयन गर्दै व्यवस्थित एवं नमूना नगरको रूपमा विकास भएको हुनेछ । सुरक्षित र व्यवस्थित आवास तथा वस्ती विकास भएको हुनेछ । प्रमुख वजार क्षेत्रहरूमा पूर्वाधारहरूको निर्माण तथा व्यवस्थापन गर्दै क्रमशः साना शहरी क्षेत्रको रूपमा विकास विस्तार गर्दै शहरीकरण भएको हुनेछ । विद्यमान वस्ती तथा समुदायहरूमा सवैप्रकारका पूर्वाधारहरूको सेवा सुविधाहरू उपलब्ध गराई वसाइ सराइलाई न्यूनीकरण गर्नमा सहयोग पुग्नेछ । सार्वजनिक संरचनाहरू बालमैत्री, आपङ्गतामैत्री, महिलामैत्री एवं वातावरणमैत्री निर्माण हुनेछन ।

## ६.४ विद्युत तथा नवीकरणीय उर्जा

### ६.४.१ पृष्ठभूमि

व्यास नगरपालिका भित्र  विजुली बत्तीको रूपमा प्रयोग गर्ने घरपरिवार ९३ प्रतिशत रहेको छ । नगरपालिका क्षेत्रा ५७.९५ प्रतिशत घरपरिवार एल.पि.ग्यासबाट खाना पकाउने गर्दछन । त्यसै गरी खाना पकाउनका लागि बायोग्यास प्रयोग गर्ने घरपरिवार २.२८ प्रतिशत र विजुली प्रयोग गर्ने घर परिवार १.२६ प्रतिशत मात्र रहेका छन् (घरधुरी सर्भेक्षण, २०७५) । नगरक्षेत्रका केही घरधुरीहरूमा वैकल्पिक सौर्य उर्जा मार्फत विद्युत आपूर्ति भएको छ । केही वडाका बस्तीहरूमा सामुदायिक विद्युतीकरण मार्फत विद्युत आपूर्ति भएको छ । विद्युत आपूर्तिका लागि नगरपालिकाले प्रदेश सरकारको सहकार्यमा पुराना काठका पोलहरू विस्थापित गरी नयाँ स्टिल पोलहरू राख्ने कार्यलाई तिब्रता दिएको छ ।

ग्रामीण बस्तीहरूमा गोबर ग्याँसबाट समेत खाना पकाउने गरिन्छ । सुधारिएको चुलो प्रयोग गर्ने घरधुरीको संख्यामा वृद्धि हुँदै गएको छ । चोक चोकका सडक पोल एवं विद्युतिय खम्बाहरूमा लाईट जडान कार्य भईरहेको छ । फोहरमैला व्यवस्थापनका लागि ठोस फोहरको प्रशोधनबाट मिथेन ग्याँस उत्पादन गरी विक्री गर्ने सम्भावना रहेको छ ।

### ६.४.२ प्रमुख समस्या

भुकम्प पश्चात सरकारी तथा गैर सरकारी संघ संस्थाहरूले अनुदानमा उपलब्ध गराइएको सोलारहरू बिग्रिएको अवस्थामा रहेका छन । सबै स्थानमा विशिष्ट उपयोगका लागि ३ फेज लाइनको विद्युत सेवा उपलब्ध हुन सकेको छैन भने उपलब्ध विद्युत सेवा पनि नियमित र व्यवस्थित हुन सकेको छैन । स्वच्छ उर्जाको रूपमा गोवर ग्यास, वायो विक्रेट र धुवाँ रहित सुधारिएको चुलोको उपयोग पर्याप्त मात्रामा हुन सकेको छैन । ग्रामीण वडाहरूमा परम्परागत रूपमा दाउराबाट ४६.२६ प्रतिशतले खाना पकाउने गरिएको छ (घरधुरी सर्भेक्षण, २०७५) ।

### ६.४.३ अवसर र चुनौतीहरू

**अवसर**

नगरक्षेत्रमा जलविद्युत उत्पादनकोलागि उपयुक्त भौगोलिक अवस्था र जलस्रोतको उपलब्धता रहेकोछ । सेती नदिको तनहुँ हाइड्रो परियोजना पुरा भए पछि बिद्युत आपुर्तिमा ठूलो योगदान हुनेछ । मादी नदि एकीकृत परियोजनाबाट पनि विद्युत उत्पादन गर्न सकिने सम्भावना रहेको छ । जनसमुदायमा ऊर्जाको आवश्यकता बारे चेतना अभिवृद्धि भएको अवस्था छ । ऊर्जा विकासबाट भौतिक, आर्थिक तथा सामाजिक संरचनाको विकास भई आर्थिक समुन्नति तथा रोजगारीका अवसरहरू सिर्जना हुने देखिन्छ । आधुनिक प्रविधिको प्रयोग गरी परम्परागत व्यवहारलाई परिवर्तन गरी

उत्पादनलाई बृद्धि गर्न सकिन्छ । ऊर्जा विकासबाट साना तथा घरेलु र ठूला उधोग स्थापना तथा सञ्चालनमा सहजता भै औद्योगिक विकास गर्न सहज हुनेछ ।

### चुनौतीहरू

वस्ती विकास, शहरीकरण तथा आर्थिक गतिविधिको विस्तारका कारण बढ्दै गएको विद्युतको माग बढ्दै गए अनुसार विद्युत आपूर्ति गर्नु, र भौगोलिक बिकटता रहेका र ग्रामिणस्तरमा छरिएको बस्तीहरूमा विद्युतीकररण गर्नु चुनौतीको रूपमा रहेका छन् ।

### ६.४.४ उद्देश्य

१. विद्युत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।

### ६.४.५ रणनीति तथा कार्यनीति

**तालिका १५: विद्युत तथा नवीकरणीय उर्जाको रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: विद्युत तथा वैकल्पिक ऊर्जाको उत्पादन र उपभोगमा ऊर्जा दक्षता बढाई वातावरण-मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।** | |
| १.१ नगरपालिकाक्षेत्रका सबै घर तथा सार्वजनिक स्थानहरूमा भरपर्दो विद्युत सेवाको पहुँच अभिवृद्धि गर्ने । | १.१.१ नगर क्षेत्रका सबै घरधुरीहरूमा विद्युत पहूँच विस्तार गरिनेछ ।<br>१.१.२ प्रमुख बजार केन्द्रहरूमा, सार्वजनिक चोक, वनभोज स्थल, मनोरञ्जन पार्क तथा धार्मिक स्थलहरूमा आधुनिक तथा किफायती स्वचालित स्वीचिङ्ग सहितका डिजिटल लाइट जडान गरिनेछ ।<br>१.१.३ नगरपालिका क्षेत्रका विद्युतका पोलहरूमा रहेका अव्यवस्थित तारलाई सम्बन्धित सरोकारवाला संग समन्वय गरी व्यवस्थित गरिनेछ । |
| १.२ नवीकरणीय ऊर्जाको विस्तार गर्ने । | १.२.१ नवीकरणीय ऊर्जा प्रविधिको सुलभ र सरल पहुँच पुऱ्याउन प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१.२.२ दाउराको प्रयोगलाई कम गर्दै लैजान बायोग्यास तथा सुधारिएको चुलो, बायोब्रिकेट, तथा विजुलीजस्ता किफायती तथा स्वच्छ ऊर्जा प्रविधिहरूको प्रवर्द्धन एवम् विस्तार गरिनेछ । |

### ६.४.६ प्रमुख कार्यक्रम

१. उर्जा विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तर्जुमा
२. जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन ।
३. वैकल्पिक उर्जाको विकास
४. सडक बत्ती तथा सिसि क्यामेरा जडान
५. विद्युत वितरण लाइन मर्मत तथा स्तरोन्नती
६. सुधारिएको चुलो प्रर्वद्धन

### ५.४.७ अपेक्षित उपलब्धि

उर्जा विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन तथा नियमन भएको हुनेछ । सम्भावित जलश्रोतहरू पहिचान गर्दै दीगो उपयोग तथा व्यावसायिक उत्पादनका लागि ठूलो लगानीका लागि आधार खडा भएको हुनेछ । वातावरणीय वैकल्पिक ऊर्जाका माध्यमबाट स्थानीय नागरिकको आर्थिक तथा सामाजिक अवस्थामा सुधार तथा वातावरणीय दीगोपनामा सहयोग पुग्ने खालका एकिकृत कार्यक्रमलाई प्राथमिकता दिइएको हुनेछ । सवै वडाहरूमा केन्द्रीय विद्युत प्रसारणबाट विद्युत आपूर्तिको व्यवस्था गरी विद्युत सेवा सुविधालाई भरपर्दो र नियमित आपूर्तिको व्यवस्था मिलाइएको हुनेछ । अति विपन्न घरपरिवार तथा वस्तीहरूमा सौर्य उर्जाको व्यवस्था निःशुल्क गरी विद्युत सेवावाट लाभान्वित हुनेछन् । सडक छेउ, सार्वजनिक स्थल तथा पर्यटकीय क्षेत्रहरूमा सौर्य उर्जा प्रयोग गरिनेछ । घरघरमा सुधारिएको चुल्हो तथा वायोग्याँस प्रयोगलाई प्राथमिकता दिई खाना पकाउन दाउरा प्रयोग गर्ने अभ्यासलाई न्यूनीकरण गर्न वैकल्पिक उर्जाको विकास भएको हुनेछ ।

## ६.५ सूचना र संचार

### ६.५.१ पृष्ठभूमि

व्यास नगरपालिकाका शहरी वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था राम्रो रहेको छ भनें ग्रामीण वडाहरूमा यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । शहरी वडाहरू, वडा नं १,२,३,४ मा टेलिकमको (ल्यान्डलाइन, एन.टि.सि, एन सेल) तथा इन्टरनेटको राम्रो सुविधा रहेको छ भने ग्रामीण वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध गराएको देखिएको छ ।

व्यास नगरपालिकामा पत्रपत्रिका तथा एफ.एम.स्टेशनहरूले सञ्चार सुविधा पुऱ्याएका छन् । यस नगरपालिकाबाट दैनिक रूपमा ६ वटा पत्रपत्रिका प्रकाशन हुने गर्छन् भने ४ वटा एफ.एम.ले नगरबासीलाई सूचना प्रवाह गरिरहेका छन् । त्यसै गरी टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ६.५.२ प्रमुख समस्या

भौगोलिक बिकटताको कारण सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई केही ग्रामिण वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । ग्रामिण वडासम्म अप्टिकल फाइवर पुग्न सकेको छैन । केही बजार केन्द्रित विद्यालयहरू बाहेक अन्यले इन्टरनेटको अभावमा अनलाईन कक्षा सञ्चालन गर्न सकिरहेका छैनन् ।

### ६.५.३ अवसर र चुनौतीहरू

**अवसर**

विद्यमान योजना तथा नीति अनुरूप नगरलाई सञ्चार तथा सूचना प्रविधि मैत्री बनाउन सकिन्छ । स्थानीय संचार माध्यम र संचारकर्मीको क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाउन सकिन्छ । आधुनिक सूचना प्रविधिको प्रयोग गरी नगरपालिकाको प्रशासनिक लगायत दैनिक कामकाजका प्रणालीहरू सहज एवम् चुस्त बनाउन सकिने सम्भावना प्रशस्त छ । यसरी विद्यालय, र स्वास्थ्य केन्द्र लगायत सम्पूर्ण सार्वजनिक संस्थाहरूको कार्य प्रणालीलाइ सूचना प्रविधिको प्रयोगबाट थप चुस्त दुरूस्त र प्रभावकारी बनाउन सकिन्छ । प्रविधिको भरपूर उपयोग गरी पर्यटकीय, कला, भाषा तथा संस्कृतिको दृष्टिकोणले महत्वपूर्ण स्थलहरूको संरक्षण एवम् प्रवर्धन गर्न सकिने र सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ । सूचना तथा संचारको विकासले समग्र आर्थिक विकासको गतिविधिलाई पारदर्शी, चुस्त दुरूस्त र प्रभावकारी बनाउन टेवा पुऱ्याउनेछ ।

**चुनौतीहरू**

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको बृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ६.५.४ उद्देश्य

१. सूचना तथा आमसञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउनु ।

### ६.५.५ रणनीति तथा कार्यनीति

**तालिका१६ः सूचना र संचारको रणनीति तथा कार्यनीतिहरू**

| रणनीतिहरू | कार्यनीतिहरू |
|---|---|

| उद्देश्य १: सूचना तथा आमसञ्चार प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आमनागरिकको जीवनस्तरलाई सहज बनाउनु । | |
|---|---|
| १.१ इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | १.१.१ नगरपालिकाका कार्यालय, वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था लगायतका सार्वजनिक संस्थाहरूमा सूचना प्रविधिको पहूँच वितार गरिनेछ ।<br>१.१.२ सार्वजनिक चोक, वनभोज स्थल, मनोरञ्जन पार्क तथा धार्मिक स्थलहरूमा निशुल्क वाइफाईको व्यवस्था गरिनेछ । |
| १.२ सूचना तथा सेवा प्रवाहलाई आधुनिक सूचना प्रविधियुक्त बनाउने । | १.२.१ विद्यालय लगायत सरकारी कार्यालयहरूमा ल्याण्डलाइन टेलिफोन जडानका लागि सेवा प्रदायक संस्थासंग पहल गरिनेछ ।<br>१.२.२ नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरूसंग समन्वय तथा सहकार्य गरी गुणस्तरीय भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ । |
| १.३ सूचनाको हक प्रत्याभूति गर्न आवस्यक व्यवस्था मिलाउने । | १.३.१ नगरपालिकाबाट सम्पादित योजना तथा कार्यक्रम र गतिविधिहरूको पारदर्शीताको लागि सूचना प्रविधिको उच्चतम प्रयोग गरिनेछ ।<br>१.३.२ स्थानीय संचार माध्यम र संचारकर्मीका क्षमता विकास गरी नगरलाई मिडियामैत्री बनाइने छ ।<br>१.३.३ नगरपालिका स्तरमा विकास तथा खोजमूलक पत्रकारितताको विकास गर्न पत्रकारिता सम्बन्धी तालिमहरूको आयोजना गरिनेछ । |

### ६.५.६ प्रमुख कार्यक्रम

१. सार्वजनिक संस्थाहरूबाट प्रवाह हुने सेवाहरू अनलाइन मार्फत प्रवाह गर्ने कार्यक्रम
२. अनलाईन सेवा प्रर्वद्धन गर्ने कार्यक्रम
३. अप्टिकल फाइबर बिस्तार गर्ने कार्यक्रम
४. टेलीफोन तथा केबलतारहरू व्यवस्थित गर्ने कार्यक्रम
५. सार्वजनिक स्थानहरूमा निशुल्क वाइफाई जडान गर्ने कार्यक्रम
६. आम संचारमा सूचना प्रविधिको उपयोग गर्ने कार्यक्रम

### ६.५.७ अपेक्षित उपलब्धि

सूचना प्रविधि तथा संचार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन भएको हुनेछ । सामुदायिक विद्यालय, सरकारी कार्यालयहरूको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग भएको हुनेछ । सूचना संचार प्रविधि सेवालाई सरल र सुलभ बनाउन भरपर्दो टेलिफोन नेटवर्कको व्यवस्था गर्दै दूरसंचार सेवामा आम नागरिकहरूको पहुँचमा सहजता आएको हुनेछ । प्रभावकारी व्यवस्थापनका लागि शिक्षा क्षेत्रमा आइसिटिको उचतम प्रयोग भएको हुनेछ । सामुदायिक विद्यालयमा अनिवार्य कम्प्युटर शिक्षा एवं आधुनिक प्रविधिहरूको प्रयोगवाट पठनपाठनमा सहजता आएको हुनेछ । सार्वजनिक सेवाहरूमा अनलाईन मार्फत सेवा प्रवाह तथा आइसिटि प्रयोग गर्दै चुस्त तथा प्रभावकारी भएको हुनेछ ।

# परिच्छेद ७ वन, वातावरण तथा विपद् विकास योजना

मानव र प्रकृति बीच गहिरो र अन्योन्याश्रित सम्बन्ध छ । प्राकृतिक श्रोतको दिगो व्यवस्थापन विना मानव जीवन संभव छैन । वन संरक्षण, भूतथा जलाधार संरक्षण, जैविक विविधताको व्यवस्थापन तथा संरक्षण, वातावरण व्यवस्थापन, , जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन, र विपद् व्यवस्थापन जस्ता विषयहरू नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछन । दिगो विकास र विपद् उत्थानशीलतामा अभिवृद्धि नै व्यास विकासको समृद्धि भन्ने अभियानका साथ उद्देश्य, नीति र कार्यक्रम निर्धारण गरिएको छ ।

## ७.१ वन, भूसंरक्षण तथा जैविक विविधता

### ७.१.१ पृष्ठभूमि

व्यास नगरपालिकाको ५८.८३% भू-भाग वन क्षेत्रले ओगटेको छ । समुद्री सतह देखि करिव १२०० मि. सम्मको उचाईमा सेती र मादी नदीका किनारमा उष्ण प्रदेशिय वन जंगल (Tropical Forest) फैलिएर रहेको पाइन्छ । यहाँ मुख्य गरी साल, साज, हर्रो, वर्रो, बोटधाइरो, सिंदुरे जातका प्रजातिहरू पाइन्छ । यहाँका जंगलहरू बस्तीदेखि टाढा, अपायक स्थानमा घना र उत्तम छन् भने बस्ती नजिक रहेका वन क्षेत्रहरू विगतमा विनाशको क्रममा रहेतापनि हाल क्रमशः सुधारको क्रममा छन् । यसका अतिरिक्त मादी र सेती नदीका सहायक खोला किनार र वरपर खहरे खोलाहरूमा खयर, सिसौ, साल र फाटफुट रूपमा सिमलका रूखहरू पाइन्छ ।

व्यास नगरक्षेत्रमा सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरि ४ किसिमका वनहरू रहेका छन् । ग्रामीण क्षेत्रका बासिन्दाले सामुदायिक वनबाट दाउरा र घाँस संकलन गरेर लाभ उठाउँछन् । व्यास नगरपालिका भित्र १०७ सामुदायिक वनले ९१६३ हे., ८४ कबुलियती वनले २८३.१३ हे., एउटा धार्मिक वनले करिब ४.४७ हे. र २३ निजि वनले करिब ११.०३ हे. क्षेत्रफल ओगटेका छन् ।

व्यास नगरपालिकाको भू-बनौट हेर्दा अधिकांश भू-भाग (५८.८३%) वन र कृषि क्षेत्रले ३२.४४% ओगटेको छ । कुल क्षेत्र मध्ये सार्वजनिक उपयोगको क्षेत्र, २.७६ प्रतिशत र नदी तथा ताल क्षेत्रले २.९४ प्रतिशत ओगटेको छ भने, २.८२% बस्तीले ओगटेको छ ।[४] भूउपयोगको दृष्टिकोणले नदी तथा ताल क्षेत्रले जैविक विविधताको संरक्षणमा निकै महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । नगरक्षेत्रमा रहेको मादी नदी, कलेस्ती, साँगे, बुल्दी लगायतका खोला, नारेश्वर लगायतका ताल तलैया, खोल्सा आदिले यस क्षेत्रको जैविक विविधताको संरक्षणमा निकै ठुलो योगदान पुर्‍याएका छन् ।

### ७.१.२ प्रमुख समस्या

जमीनमा ब्यक्तिगत स्वामित्वको प्रभुत्व रहे सम्म बैज्ञानिक भूउपयोगको अवधारणा अनुसार योजना कार्यान्वयन हुन कठीन देखिएकोछ । वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षणका प्रयास पूर्ण सफल हुन सकेका छैनन् । वृक्षारोपण, बन नर्सरी, जडीवुटीको व्यावसायिक खेती अपेक्षित रूपमा विस्तार भएको छैन । वन्यजन्तुहरू खासगरी बाँदर, र दुम्सीवाट खेतीपाती एवं बालीनालीहरू क्षती हुने गरेको छ । सडकको दायाँ वायाँ वृक्षारोपण गर्न बाँकीछ ।ग्रामिण सडकहरू समेत वायोइन्जिनियरिङ्ग प्रविधिबाट निर्माण हुन सकेको अवस्था छैन । खोलानाला मुख्य रूपमा मादी, बुल्दी तथा छाब्दी खोलामा प्रदुषणको समस्या देखिएको छ । कतिपय खोलानालामा माछा मार्न विषको अत्यधिक प्रयोग हुने गरेकाले जल प्रदुषण बढ्दो समस्याको रूपमा रहेको छ ।

### ७.१.३ अवसर र चुनौती

**अवसर**

व्यवहारिक तथा दिगो भूउपयोग नीति तया यसको कार्यान्वयनबाट यस क्षेत्रको जैविक विविधताको संरक्षण गर्न सकिन्छ । यसबाट उर्वर कृषि भूमि र वन जंगलको निकै हद सम्म संरक्षण र उपयोग गर्न सकिन्छ । हरित पूर्वाधार विकासको अवधारणालाई आयोजना चक्रमा आत्मसाथ गर्न सकिन्छ । वनमा आधारित सहकारी संस्था मार्फत वन पैदावार संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन गर्न, र होमस्टे संचालन गरी वन पैदावारवाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गर्न सकिने अवस्था छ । सामुदायिक र कवुलियती वनको विकास र

[४] Land Use Zoning Report of Vyas Nagarpalika, 2075

विस्तारमा महिला, विपन्न, र दलितहरूको सहभागिता वढाउदै जीविकोपार्जनमा टेवा पुग्ने देखिन्छ । वन पैदावारमा आधारित जडीवुटी खेती तथा उद्यमशीलता विकास गर्दै सहकारी संस्थाका सदस्यहरूको क्षमता अभिवृद्धि गर्न सकिन्छ । वन तथा काठजन्य लघुउद्योग तथा व्यवसायहरू स्थापना गरी आर्यआर्जन गर्न सकिन्छ । स्थानीय स्तरमा कृषि, वन तथा पशुपालन व्यवसायको विकासका प्रशस्त सम्भावनालाई परिचालन गरी प्राकृतिक वातावरण तथा वन्यजन्तुको संरक्षण गर्न समेत सकिन्छ ।

## चुनौती

वन संरक्षणकालागि नगरपालिका तहलाई जिम्मेवार बनाउनु  भौतिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्वको व्यवस्थापन गर्नु, स्थानीय जनतामा वन तथा भूसंरक्षणबारे ज्ञान अभिवृद्ध गरी सहकार्य गर्नु, छाडा चरिचरन, वन फाडनी, अव्यवस्थित वस्ती, र आगलागी जस्ता क्रियाकलापहरू नियन्त्रण गर्नु यस क्षेत्रका मुख्य चुनौती हुन् ।

## ७.१.४ उद्देश्य

वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन, भूसंरक्षण र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।

## ७.१.५ रणनीति तथा कार्यनीति

**तालिका १७: वन, भूसंरक्षण तथा जैविक विविधताको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनवाट वन, भूसंरक्षण र जैविक विविधता सहित वन पैदावारको उचित उपयोग गर्नु ।** | |
| १.१ वनको संरक्षण तथा गुणस्तर वृद्धि गर्दै आम्दानीको स्रोतका रूपमा समेत स्थापित गर्ने । | १.१.१ सार्वजनिक, ऐलानी, पर्ती तथा खुल्ला जग्गामा वृक्षारोपण गरी पार्क तथा उद्यान बनाई आय आर्जन वढाउने उपायको खोजी गरिनेछ ।<br>१.१.२ घर घरमा  फलफूल तथा पौलोनिया जस्ता काठजन्य विरूवा रोप्ने कार्यक्रम वडाका पदाधिकारी स्थानीय संस्थालाई जिम्मेवार बनाइने छ ।<br>१.१.३. उपयुक्त भूपयोग योजना तयार गरी व्यास नगरक्षेत्रका महत्वपूर्ण जैविक विविधता र वनको संरक्षण गरिनेछ । |
| १.२ जडीबुटी खेती सञ्चालन गरी आयआर्जनसँग आबद्ध गर्ने । | १.२.१ जडीबुटी खेतीको लागि क्षेत्र पहिचान, क्षमता अभिवृद्धि तालिम, संकलन केन्द्र, बजार पहुँच तथा व्यवस्थापन गरी जडीबुटी उत्पादन पकेट क्षेत्रहरू निर्धारण गरिनेछ ।<br>१.२.२ जडीबुटी खेतीका लागि आयुर्वेद कार्यालय तथा अन्य सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ ।<br>१.२.३ वन आधारित सहकारी संस्था मार्फत बन पैदावर संकलन, प्रशोधन केन्द्र तथा बजारको व्यवस्थापन, होमस्टे संचालन गरी बन पैदावरवाट रोजगारी तथा आय आर्जनका अवसरहरू श्रृजना गरिनेछ । |
| १.३ जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने । | १.३.१ वनमा आधारित उपभोक्ता समितिहरू मार्फत मिचाहा प्रजातिको बोट विरूवालाई नियन्त्रण गर्दै नर्सरी विस्तार, वृक्षारोपण, रिचार्ज पोखरी निर्माण, अग्नीरेखा, झाडी सफाई जस्ता क्रियाकलापहरूवाट जैविक सम्पदाको संरक्षण गरिनेछ ।<br>१.३.२ वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफूलहरू रोपण गरी बनयजन्तुको आहारा व्यवस्था मिलाइनेछ ।<br>१.३.३ व्यवसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइनेछ ।<br>१.३.४ छाडा चरिचरन, बन फाडनी गरी वस्ती विकास, आगलागी जस्ता क्रियाकलापहरूलाई पूर्ण बनदेज लगाई दण्ड जरिवानाको व्यवस्था गरिनेछ । |
| १.४ जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भूसंरक्षण गर्ने । | १.४.१ पैरो जाने तथा नदी कटान हुन विभीन्न वडाहरूमा बाँस, निगालो खेती तथा बायोइञ्जिनियरिङ विधि प्रवर्द्धन गरी नदी कटान न्यूनीकरणमा दिगोपन सुनिश्चित गर्ने प्रयास गरिनेछ ।<br>१.४.२ वडा स्तरमा नर्सरी व्यवस्थापन गरी वृक्षारोपण कार्यक्रम विस्तार गरी खाली जमिन, भिरालोक्षेत्र तथा नदी किनारमा वृक्षारोपण गरिनेछ । |

### ७.१.६ प्रमुख कार्यक्रम

१. वन तथा जैविक विविधता संरक्षण
२. जडीवृटी तथा ब्यावसायिक काठ उत्पादन
३. वन पैदावारको दिगो उपयोग कार्यक्रम
४. स्थायी नर्सरी निर्माण र विरूवा वितरण
५. सडक किनारा तथा पर्ति जग्गामा बृक्षारोपण तथा संरक्षण
६. शहरी पार्क, बगैचा निर्माण र बृक्षारोपण
७. भू-संरक्षण कार्यक्रम
८. गैरकाष्ठ वन पैदावारको उत्पादन, संकलन तथा बजारीकरण प्रवर्द्धन कार्यक्रम
९. हरियाली बृद्धि विकास कार्यक्रम

### ७.१.७ अपेक्षित उपलब्धि

वन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन भएको हुनेछ । वन तथा जैविक विविधता संरक्षण प्रवर्द्धनका लागि विस्तृत अध्ययन, अभिलेख अद्यावधिक सहित गुरूयोजना बनाई कार्यान्वयन गरिएको हुनेछ । सहभागितामूलक, समावेशी र अधिकारमुखी पद्धतिमा आधारित अवधारणा बमोजिम नगरपालिकास्तरीय वन तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गरिएको हुनेछ । वन्य जन्तुहरूबाट हुनसक्ने सम्भावित क्षति न्यूनीकरण गर्न जंगल क्षेत्रमै उपयुक्त हुने घाँस, विरूवा, फलफूलहरू रोपण गरी वन्य जन्तुको आहाराको व्यवस्था मिलाइएको हुनेछ । व्यावसायिक मूल्य भएका जडीवुटी लगायतका वोट विरूवाहरूको व्यापक वृक्षारोपण गरी जैविक विविधताको संरक्षण गर्दै दीगो उपयोगमा जोड दिइएको हुनेछ । वन पैदावारको दीगो उपयोग भएको हुनेछ ।

## ७.२ वातावरण संरक्षण र जलवायु परिर्वतन अनुकूलन

### ७.२.१ पृष्ठभूमि

नगर क्षेत्रमा हरित पूर्वाधार विकासका ठूला आयोजनाहरू नभएता पनि वैकल्पिक उर्जा क्षेत्रमा नीतिगत रूपमा प्रर्वद्धन गर्ने, सौर्य उर्जालाई बढावा दिने, खाना पकाउने स्रोतको उपभोगमा दाउराको प्रयोग कम गर्दै जाने, ग्रामिण वडाहरूमा वायो ग्याँस निर्माणमा अनुदान उपलब्ध गराउने लगायतका कार्यक्रमहरू भैरहेको अवस्था छ । अझैपनि ग्रामीण वडाहरूमा खाना पकाउनका लागि दाउराको प्रचलन यथावतै छ । यो संख्या नगरपालिकाका घरधुरी संख्याको एक तिहाई भन्दा बढि छ । त्यसै गरी वन पैदावारमा आधारित उद्योग धन्दाले पनि दिनानुदिन बढेकै छन् । विकास निर्माणका कार्यहरू वातावरण पक्षलाई कम महत्व दिने एउटा संस्कृतिनै बनेको छ । जलवायु परिवर्तनले मौसमी पात्रोमा परिवर्तन आएको छ । बालीनालीमा नयाँ किरा तथा रोगहरू उत्पन्न हुने गरेको छ । व्यवस्थित ल्याण्डफिल साइड निर्माण सम्पन्न नहुँदा फोहर मैला व्यवस्थापनमा कठिर्नाइ उत्पन्न भएकोछ । पानीका श्रोत सुक्दै गएका छन् भने विभिन्न किसिमको रोग लाग्नु, कुपोषण, तनाव, विद्यार्थी विरामी भई पठन पाठनमा समस्या र खेती फसलमा कमी आएको छ । वातावरणको प्रभावहरू क्रमसः स्वास्थ्य, शिक्षा र पोषणमा समेत देखिन थालेका छन् ।

### ७.२.२ प्रमुख समस्या

जलवायु परिर्वतनका असरहरूलाई न्यूनिकरण गर्न वा अनुकूलन गर्न ज्ञान, सीप र संयन्त्र विकासमा त्यति ध्यान पुग्न सकेको देखिदैन । अव्यवस्थित भू-उपयोग तथा अनियन्त्रित भौतिक पूर्वाधार निर्माणका कारणले वातावरणीय सन्तुलनमा नकारात्मक असर परेको छ । नगर क्षेत्रमा जम्मा हुने प्लाष्टिकजन्य फोहरमैला एवं स्वास्थ्य संस्थाबाट निस्किने फोहरहरूले समेत वातावरणमा प्रतिकूल असर पारेको छ ।

यसक्षेत्रको खानेपानी, सिंचाई, र विभीन्न उचाईमा रहेका कृषि, पशुपालन, पूर्वाधारका योजनामा आगामी दिनमा जलवायु परिवर्तनको प्रभावबाट हुने जोखिमलाई कसरी न्यूनीकरण गर्ने वा अनुकूलनका प्रयासको थालनी गर्ने भन्ने विषय गम्भीर रूपमा देखिन थालेकोछ । तीव्र शहरीकरणबाट वन, र उर्वर भूमि माथि  वढदै गएको चाप र जलवायु परिर्वतनबाट सृजित भएका र भविष्यमा हुन सक्ने दुश्प्रभावलाई कसरी न्यूनीकरण वा अनुकूलन गर्ने भन्ने विषय नगरपालिकाको सामु एक प्रश्नको रूपमा देखिएकोछ ।

### ७.२.३ अवसर र चुनौती

**अवसर**

नगरपालिकाले स्वच्छ तथा सफा वातावरणको निर्माण गर्न तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण र अनुकूलनका लागि अघि सारेका नीतिगत प्रयास सकारात्मक छन् । नागरिक स्तरमा केही हद सम्म ज्ञान तथा चेतना अभिवृद्धि भएकोछ । नगरपालिकामा जलवायु परिवर्तनबाट भौतिक, आर्थिक तथा समाजिक संरचनाहरूमा पर्नसक्ने प्रभाव न्यून गर्न तथा आर्थिक विकास तथा रोजगारीका अवसरहरू सिर्जना गर्न सकिन्छ ।

### चुनौती

कृषि क्षेत्रमा अत्यधिक रसायनिक औषधिको प्रयोगमा न्यनिकरण हुन नसकेका कारण जल तथा जमिनमा प्रदुषण बढ्दो रूपमा रहेकोछ । नगरपालिकाका सवै वडाहरूबाट फोहरमैला संकलन गर्न सकिएको छैन । शहरी क्षेत्रमा अत्यधिक यातायातको आवतजावतका कारण धूलो धुँवाले प्रदुषण बढेको देखिन्छ । साथै ग्रामीण क्षेत्रमा अव्यवस्थित रूपमा बाटो खन्ने कारण धूलोको समस्याका साथै भूक्षयको समेत समस्या विद्यमान देखिन्छ ।

### ७.२.४ उद्देश्य

१. जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।

### ७.२..५ रणनीति तथा कार्यनीति

**तालिका १८ः जलवायु परिर्वतनको प्रभाव न्यूनीकरण तथा अनुकूलनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्यक्रमहरू संचालन गर्नु ।** | |
| १.१ वातावरण संरक्षण तथा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन सम्बन्धी कार्य गर्ने । | १.१.१ दमौली बजार क्षेत्रमा वायु, ध्वनि प्रदुषणको स्तर चेक जाँच गरी मापदण्ड बनाइ चेतना अभिवृद्धि गर्दै प्रदुषण नियन्त्रण गर्न सरोकारवालासंग समन्वय गरिने छ । |
| | १.१.२ व्यासलाई वातावरण मैत्री नगरको रूपमा विकास गरिनेछ । |
| | १.१.३ पूर्वाधारका योजनाहरूमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन गर्न उत्थानशील योजना कार्यान्वयन कार्यान्वयन गरिनेछ । |

### ७.२.६ प्रमुख कार्यक्रम

१. स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना कार्यान्वयन
२. हरियाली पार्क क्षेत्रहरू निर्माण र संरक्षण
३. वातावरणमैत्री स्थानीय शासन कार्यक्रम
४. वातावरण तथा जलवायु सम्बन्धी सचेतना कार्यक्रम
५. मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र निर्माण
६. बुल्दी खोला किनारा उकास तथा हरियाली प्रर्वद्धन
७. प्रदुषण मापन केन्द्र स्थापना

### ७.२.७ अपेक्षित उपलब्धि

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी दीर्घकालीन योजना बनाई कार्यान्वयन गरिएको हुनेछ । ध्वनि तथा वायु प्रदुषण नियन्त्रणका लागि स्थानीयहरूलाई अभिमुखीकरण कार्यक्रमहरू संचालन गरी सचेतना वृद्धि भएको हुनेछ । वातावरण सरसफाइ समूह/समिति परिचालन गरी वातावरण संरक्षण तथा स्वच्छताका कायम हुने । सामुदायिक संस्थाहरूसंग सहकार्य गरी फोहोर न्यूनीकरण, प्रशोधन तथा प्रयोग जस्ता विधिहरू अवलम्बन गरी फोहोरमैलाको व्यवस्थापन तथा श्रोतमै न्यूनीकरण भएको हुनेछ । स्थानीय समुदायसंगको सहकार्यमा सडक, विद्यालय, सार्वजनिक क्षेत्र एवं खुल्ला क्षेत्रहरूमा फलफूल तथा वृक्षारोपण गर्दै हरियाली पार्क क्षेत्रहरू निर्माण भएको हुनेछ । शहरी पूर्वाधार विकासका मुख्य योजनाहरूमा आयोजना चक्रमा जलवायु अनुकूलन वा प्रभाव न्यूनीकरण सम्बन्धी अवधारणा लागु भएको हुनेछ ।

## ७.३ विपद् व्यवस्थापन

### ७.३.१ पृष्ठभूमि

व्यास नगरपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना (LDCRP) २०७६ तर्जुमा भएको छ। नगर र वडा स्तरीय विपद्व्यवस्थापन समिति गठन भएको छ। स्थानीय आपतकालीन सञ्चालन केन्द्र (Local Emergency Operation Centre) स्थापना प्रक्रिया अगाडि बढेको छ । स्थानीय आपतकालीन सञ्चालन केन्द्रले गैर सरकारी संस्थाहरू र सरकारी एजेन्सीहरू र अन्य Response/Recovery सरोकारवालाहरू सहित नगर स्तरीय प्रकोप सम्बन्धी जानकारीका लागि समन्वय र सञ्चार बिन्दु बनाउने काम अगाडि बढेको छ। जिल्लामा हुन सक्ने विपद्को तत्काल सम्बोधन गर्न विज्ञ सहितको Quick Response Team - QRT गठन भएको छ।

बाढी पहिरोमा परेका मृतक, घाइतेहरूका लागि तथा घर आँशिक क्षति भएका १५६ घरधुरीलाई नगद राहत वितरण गरी पूर्ण क्षति भएका प्रभावित ७७ घर परिवारको विवरण गरिएको छ । विपद्जोखिम न्यूनीकरणका लागि नगरपालिकाको आफ्नै राष्ट्रिय एकीकृत सूचना प्रणाली BIPAD Portal को विकासको कार्यविधि तयार गरी यस मार्फत विपद्का सूचनाहरू एकै ठाउँबाट सबैले जानकारी पाउने व्यवस्था अगाडि बढाइएको छ। कोभिड महामारीका प्रभावित दैनिक ज्यालादारी मजदुरी गर्ने कूल ४८२७ नगरबासीहरूको लागि तत्काल खाद्यान्न राहत वितरण गरिएको थियो भने आवश्यक आइसोलेशनको समेत व्यवस्था गरेको छ।

### ७.३.२ प्रमुख समस्या

मादी नदी, रिस्ती खोला, कलेस्ती खोला, बुल्दी खोला, साँगे खोला आदिले वरपरका क्षेत्रमा नदी कटान भएकाले कृषि तथा वस्ती क्षेत्र जोखिममा रहेका छन् । खोलानालाले वर्षेनी बाटो परिवर्तन गर्ने गरेका कारण नदी किनारमा रहेका कृषि क्षेत्र बगरमा परिणत हुने गरेका छन् । नदी कटानका साथै नगरपालिका भित्र पहिरोको जोखिमयुक्त क्षेत्रहरू समेत रहेका (मनकामना स्कूल, सितलचोक क्षेत्र, प्रेम चौतारा क्षेत्र, जन जागृति मावि, जामुने टोल, भनभङ्गे, गल्बुबेसी, गलामबेसी आदि) छन् । यदाकदा वनजंगल वरपरका क्षेत्रमा आगलागीको जोखिम समेत रहेको (बाघ भन्ज्याङ्ग सामुदायिक वन क्षेत्रमा आगलागि भएको), वनजंगल वरपरका क्षेत्रमा वन्यजन्तुका् कारण बालिनाली तथा धनजनमा क्षती हुने गरेको (बाँदर आदि) र चट्याङ्गका कारण समेत यदाकदा धनजनको क्षति हुने गरेको छ।

### ७.३.३ अवसर र चुनौतीहरू

**अवसर**

नगरपालिका स्तरमा निर्माण हुने र भएका योजनाहरूको कार्यान्वयनबाट विपद् व्यवस्थापन पक्षबाट हेर्नु पर्दछ। विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्थाले सम्भावित जीऊ धनको क्षतिवाट जोगिन सहयोग पुग्नेछ । आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्ति, उद्धार सामाग्रीहरूको व्यवस्था आदिको व्यवस्था भएको छ। नगर भित्र पहिचान भएका जोखिमयुक्त वा संवेदनशिल क्षेत्रहरूको नक्सांकनको तयारीले विपद् न्यूनीकरण र जनचेतना अभिवृद्धिका  प्रयास भएका छन् । विपत व्यवस्थापनका लागि पछिल्ला प्रयासले सम्भावित दुर्घटनाबाट जिउधनको रक्षा गरी सुरक्षाको प्रत्याभूति दिन सकिने अवस्था भएको छ।

**चुनौती**

विपद् जोखिम तथा सम्भाव्य क्षेत्रहरूको नक्साङ्कन भई सो अनुसारको भू-उपयोग पद्धति अवलम्बन गर्ने नीति कार्यान्वयन भएको छैन ।, विपद्को त्रासले स्थानीयहरू घर/बस्ती छाडी अन्यत्र बसाइँसराइ सर्ने सम्मको अवस्था सिर्जना भएकोछ। विपद्को जोखिमले जग्गा/जमिन बिक्री गर्ने वा भू-उपयोग परिर्वतन गर्ने प्रवृति रोक्नु, नगरपालिका स्तरमा  वैज्ञानिक भू-उपयोग प्रणाली स्थापना गर्नु, तथा विपद् न्यूनीकरण गर्न नयाँ प्रविधिको प्रयोग गर्नु चुनौतीपूर्ण देखिएकोछ।

### ७.३.४ उद्देश्य

मानव सिर्जित तथा प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्नु।

### ७.३.५ रणनीति तथा कार्यनीति

**तालिका १९: विपद् व्यवस्थापनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. मानव सिर्जित तथा प्राकृतिक प्रकोपको जोखिमलाई न्यूनीकरण गर्नु।** | |

| | |
|---|---|
| १.१ सरोकारवालाहरू तथा स्थानीय समुदाय सँगको सहकार्य र साझेदारीमा विपद् पूर्वतयारी, सचेतना तथा विपद् जोखिम न्यूनीकरण गर्ने क्षमता अभिवृद्धि गर्ने । | १.१.१ न्यूनतम आवश्यक सामग्रीको व्यवस्था सहित सम्पूर्ण वडामा विपद् व्यवस्थापन समिति तथा कार्य दल गठन तथा तालिमको व्यवस्था गरी विपद व्यवस्थापन कोष स्थापना गरी जिम्मेवार बनाइने छ ।<br>१.१.२ आवश्यक पूर्वाधारसहितका प्रत्येक वडामा सामुदायिक आश्रयस्थलहरू निर्माण गरी प्राकृतिक विपद्को बेलामा राहत तथा उद्धारका सामग्रीको व्यवस्था गरी प्रयोगमा ल्याइनेछ ।<br>१.१.३ विपद् जोखिम व्यवस्थापनका लागि आवश्यक कार्यकमहरू संचालन गरिन्छ ।<br>१.१.४ विपद् तथा महामारी व्यवस्थापनका लागि स्थानीय प्रशासन लगायत विभिन्न निकायसंग समन्वय गरी उद्धार, खोज, राहतका कार्यलाई एकीकृत ढंगले सञ्चालन गरी प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ । |

### ७.३.६ प्रमुख कार्यकम

१. विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना तर्जुमा
२. विपद पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको व्यवस्था
३. आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था
४. विपद् पश्चातको उद्धार, राहत, पुनर्स्थापना र पुननिर्माण
५. सुरक्षित वस्ती विकास (दह्रो घर दिगो वस्ती) सम्बन्धी सचेतना
६. कटान क्षेत्र तटबन्धन
७. सामुदायिक आश्रयस्थल तथा सम्बन्धित पूर्वाधार निर्माण

### ७.३.७ अपेक्षित उपलब्धि

विपद् व्यवस्थापन सम्बन्धी तर्जुमा भएका योजनाहरूको कार्यान्वयन भएको हुनेछ । विपद व्यवस्थापन सम्बन्धी दीर्घकालीन नीति तथा योजना विकास गरी कार्यान्वयन भएको हुनेछ । विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना र पूर्व सूचना प्रणालीको विकास हुनेछ । विपद् पश्चातको उद्धार र राहत सहितको प्रभावकारी प्रतिकार्य र दीगो विकासमूलक पुनर्स्थापना र पुनर्निर्माणका लागि तयारी हालतमा रहने गरी व्यवस्था भएको हुनेछ । आपतकालीन उद्धारका लागि दमकल, एम्बुलेन्स, दक्ष जनशक्तिको व्यवस्था गरिने र उद्धार सामाग्रीहरूको व्यवस्थाका लागि स्थानीय संस्थासंग सहकार्य र पहल भएको हुनेछ । अस्पताल तथा स्थानीय स्वास्थ्य चौकीहरूमा औषधी एवं उपकरणहरूको व्यवस्था गरी प्रारम्भिक तहको औषधोपचार सहज भएको हुनेछ ।

## परिच्छेद ८ सुशासन तथा संस्थागत विकास योजना

संघीय व्यवस्था अनुसार स्थानीय सरकार जनताको नजिकको सरकारको रूपमा स्थापित गरिएको छ । लामो समयदेखि जनप्रतिनिधिविहिन भए पश्चात निर्वाचित स्थानीय सरकारसंग नागरिकले ठूलो अपेक्षा राखेका छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेख गरिएका अधिकारको प्रयोग गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाको प्रवाह र पूर्वाधार विकासका योजनाको जिम्मेवारीलाइ विधिसम्मत प्रक्रियाबाट जनअपेक्षा अनुसार कुशल, पारदर्शी, र जवाफदेही ढंगले सम्पादन गर्न आवस्यकछ ।

बदलिदो परिस्थितिमा स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्र, र साधन स्रोतमा बढोत्तरीसँगै जनआकांक्षा पनि चुलिएको छ । यसरी चुलिएको जनआकांक्षालाई सम्बोधन गर्नको लागिसेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र प्रभावकारी उपायहरू अवलम्बन गर्न जरूरी छ । दिगो विकास लक्ष्यले संस्थागत विकास र सुशासनलाई समेत महत्व दिएको छ । दिगो विकास लक्ष्यहरू मध्ये लक्ष्य-१६ (शान्ति, न्याय र सुदृढ संस्थाहरू) र लक्ष्य-१७ (लक्ष्यहरूका निम्ति साझेदारी) यस क्षेत्रसंग जोडिएका लक्ष्यहरू हुन् । सुशासन तथा संस्थागत विकास योजना अन्तरगत कानून, नीति र सुशासन, संगठन तथा क्षमता विकास, जवाफदेहिता, राजस्व तथा श्रोत व्यवस्थापनका क्षेत्र पर्दछन् ।

### ८.१ सेवा प्रवाह र सुशासन

#### ८.१.१ पृष्ठभूमि

नगरको नीतिगत व्यवस्थालाई कार्यदिशा दिन र प्रभावकारी कार्यान्वयनका लागि सङ्घीय कानूनको अधिनमा रही ५ वटा विषयगत विकास समितिहरू र विधायन, नगर शिक्षा तथा स्वास्थ्य, साझेदारी विकास, स्थानीय समन्वय, नगर स्तरीय विपद् व्यवस्थापन, बजार अनुगमन, मल वितरण व्यवस्थापन सम्बन्धी स्थानीय समिति र सल्लाहकार समिति लगायतका २३ वटा समितिहरूले कार्यसम्पादन गर्दै आएकाछन । । सहज र सरल रूपमा स्थानीय स्तरमा नै न्याय सम्पादनका लागि एक न्यायिक समितिले कार्य सम्पादन गर्दै आएको छ ।

नगरपालिकाले नगर कार्यपालिकाबाट हालसम्म ७४ वटा विभिन्न ऐन, नियमहरू तयार गरिसकेको छ जस अन्तर्गत अपाङ्ता परिचयपत्र वितरण,राजस्व परिचालन, कृषि प्रसार तथा व्यवसाय, आधारभूत स्वास्थ्य तथा सरसफाई, पूर्वाधार विकास, महिला, बालबालिका र सशक्तिकरण लगायतका विषयमा ऐन, नियम, कार्यविधि र मापदण्ड तर्जुमा गरिएका छन् । नगरका दैनिक क्रियाकलाप र विकास गतिविधिलाई सञ्चालन गर्नका लागि ७ वटा शाखा, १७ वटा उप-शाखा, ७ वटा इकाई तथा १४ वटा वडा कार्यालय रहेका छन् ।

नगरको सुशासन प्रवर्द्धन गर्नका लागि प्रमुख प्रशासकीय भवनमा विद्युतीय नागरिक वडापत्र र अन्य १४ वटै वडा कार्यालयहरूमा देखिने गरी नागरिक वडापत्र राखी त्यसलाई क्रमशः कार्यान्वयन भइरहेको छ । सार्वजनिक सुनवाई, सामाजिक परीक्षण र सार्वजनिक परीक्षण प्रणालीको उपयोग मार्फत सेवा प्रवाह र सुशासनको प्रत्याभूत गरिएको छ । गुनासो पेटिका, वेवसाइट, फेसवुक, टुइटर र हेल्लो सरकार जस्ता कार्यक्रमबाट जनसरोकारका विषयहरू सम्बोधन तथा सार्वजनिक गर्ने काम गरिएको छ ।

नगरको बजेट तथा योजना निर्माण प्रकृयामा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत नागरिकको समेत सहभागितामा योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई बजेट पुस्तिका र वेवसाइट मार्फत सार्वजनिक गर्ने गरिएको छ । ठूला आयोजनाहरू निर्माण गर्दा आयोजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पारी समपुरक कोषको समेत व्यवस्था गरिएको छ । योजना तर्जुमा प्रकृयामा सबै संघ संस्थालाई सहभागिता गराउने गरिएको छ । ५ लाखभन्दा माथिका योजनाको निर्माण स्थलमा होर्डिङ बोर्ड राख्ने गरिएको छ । बजार क्षेत्रका वडाका घरहरूमा सडक नामाकरण सहित घर नम्बर दिइएको छ । सामाजिक सुरक्षा भत्ता लाभग्राहीको बैंक खातामा सोझै निकासा गर्ने व्यवस्था मिलाइएको छ ।

#### ८.१.२ प्रमुख समस्या

आवश्यक सबै ऐन, कानुन र कार्यविधि तर्जुमा पूर्ण रूपमा भई नसक्नु, आवश्यक संख्यामा दक्ष कर्मचारीको अभाव हुनु, जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता विकास तालिम नहुनु, क्षतिपूर्ति सहितको नागरिक वडापत्र कार्यन्वयन नहुनु, कर्मचारीहरूको कार्य विवरण तयार भए पनि पूर्ण रूपमा कार्यान्वयन नहुनु, केही वडा कार्यालयहरूको सुविधा सम्पन्न आवश्यक पूर्वाधार निर्माण नहुनु, तथ्याङ्कीय आधार तयार नुहुनु, योजनाका आधारमा बजेट नभई बजेटका आधारमा योजना बन्नु, र टुक्रे योजना उल्लेख्य हुनु आदि प्रमुख समस्या हुन् ।

### ८.१.२ अवसर र चुनौतीहरू

**अवसर**

नगरपालिकालाई सुशासन सम्बन्धी आवश्यक कानून बनाउने अधिकार हुनु, नेपाल सरकारको सेवा प्रवाह सम्बन्धी मापदण्ड हुनु, सुशासन नगपालिकाको प्राथमिकतामा पर्नु, यातायात र प्रविधिको सुविधाले सेवा प्रवाहमा सहजता हुनु, गैसस, नागरिका समाज र स्थानीय समूहको सहयोग प्राप्त हुने अवस्था हुनु, भ्रष्टाचारमुक्त उत्तरदायी र पारदर्शी कार्य संस्कृतिको विकासमा जनचासो र चेतना बढ्दै गएकोले राज्यबाट प्रदान गरिने सेवा र सुविधालाई थप सेवाग्राही मैत्री बनाउन सकिन्छ ।

**चुनौती**

परम्परागत शासनमुखी कार्य प्रवृत्तिलाई सेवामुखी तथा सेवाग्राही प्रति उत्तरदायी प्रशासनिक संरचनामा बदल्नु, क्षमतावान् र गुणस्तरीय कर्मचारीको पदपूर्ति गर्नु, शासकीय प्रणालीमा पारदर्शीता तथा जवाफदेहीता सुनिश्चित गर्नु, सार्वजनिक क्षेत्रमा सदाचार पद्धतिको विकास गर्नु, विकास निर्माणका कार्यहरू समयमै गुणस्तरीय ढङ्गले सम्पन्न गरी आम नागरिकको स्थानीय सरकार प्रति विश्वास आर्जन गर्नु नगरपालिकाका चुनौती हुन ।

### ८.१.३ उद्देश्य

सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्नु ।

### ८.१.५ रणनीति तथा कार्यनीति

**तालिका २०: सेवा प्रवाह र सुशासनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सेवा प्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्नु ।** | |
| १.१ कार्यसम्पादन र सेवा प्रवाहलाई स्थानीय कानून, नीति/नियम अनुसार पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउने । | १.१.१ सेवाग्राहीसँग नगरपालिकाको नीति, निर्णय, सेवा प्रवाह र कार्यसम्पादनको प्रभावकारिताको बारेमा पृष्ठपोषण र सुझाव प्राप्त गरिने छ ।<br>१.१.२ आम सञ्चारका माध्यमबाट नगरको कानूनलाई नगरवासीको घर घरमा पुऱ्याउन कानूनी साक्षरता अभियान सञ्चालन गरिने छ ।<br>१.१.३ विधायनसमितिलाई कृयाशील बनाई आवश्यक नीति, नियम, निर्देशिका तथा कानूनहरूको निर्माण गरिने छ ।<br>१.१.४ सूचना प्रविधिको प्रयोग गरी नगरको गतिविधिहरूलाई पारदर्शी वनाइनेछ ।<br>१.१.५ प्रत्येक वडामा मेलमिलाप समिति गठन गर्ने र उक्त समितिले समाधान गर्न नसकेका विवाद मात्र न्यायिक समितिले हेर्ने व्यवस्था मिलाइने छ । |
| १.२ स्थानीय तहबाट सञ्चालित योजना तथा सेवा प्रवाहको नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गर्ने | १.२.१ स्वीकृत गरिएका नीति तथा कार्यक्रमहरूको अर्धवार्षिक एवं वार्षिक रूपमा समिक्षा गरिने छ ।<br>१.२.२ पूर्वाधार विकास निर्माणका योजनाहरू तोकिएको समयमा निर्धारित मापदण्ड र गुणस्तर बमोजिम सम्पन्न गर्न प्रभावकारी अनुगमन तथा मूल्याङ्कनको प्रबन्ध गरिने छ । |

### ८.१.६ प्रमुख कार्यक्रम

१. आवश्यक नीति तथा कानुन तर्जुमा
२. क्षतिपूर्ति सहितको नागरिक वडापत्र
३. सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण
४. सार्वजनिक सेवामा आम नागरिकको पहुँच र सेवाको गुणस्तरमा सुधार कार्यक्रम
५. अनलाइन प्रतिवेदन प्रणाली स्थापना
६. सेवाग्राहि सन्तुटि सर्वेक्षण, प्रस्तुतिकरण तथा प्रकाशन
७. वडास्तरमा डिजिटल डिस्प्ले वोर्ड स्थापना तथा कार्यान्वयन

### ८.१.७ अपेक्षित उपलब्धि

नगरको सार्वजनिक सेवा प्रवाहको गुणस्तरमा सुधार र सार्वजनिक सेवामा आम नागरिकको पहुँचमा अभिवृद्धि भएको हुनेछ । नगरपालिकाको सुशासनमा आधारित नतिजामुखी प्रशासन सूचकाङ्कमा सुधार आएको हुनेछ । नगरपालिकालाई आवश्यक सबै नीति तथा कानुन पारित भएको हुनेछ । सबै वडाहरूमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र लागु भएको हुनेछ । सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नियमित र अनिवार्य भएको हुनेछ । सरकारी तथा गैरसरकारी संस्थाहरूबाट कार्यान्वयन हुने कार्यक्रम र प्रवाह हुने सेवा सुविधामा पारदर्शीता कायम भई सर्वसाधारण जनता सुसूचित भएको हुनेछ ।

## ८.२ मानव संशाधन र संस्थागत क्षमता विकास

### ८.२.१ पृष्ठभूमि

व्यास नगरपालिकाको संस्थागत संरचना हालै स्थानीय सरकार सञ्चालन ऐन अनुसार संशोधन गरिएको अवस्था छ । दैनिक प्रशासनिक कार्य सञ्चालनका लागि नगरपालिकाको सुविधा सम्पन्न तथा अपाङ्गमैत्री वहुउद्देश्यीय प्रशासनिक भवन रहेको छ । यस अनुसार नगर कार्यपालिकाको कार्यालयमा ७ वटा शाखा, १७ वटा उप-शाखा, ७ वटा इकाई तथा १४ वटा वडा कार्यालय रहेका छन् । दैनिक प्रशासनिक कार्यहरू सुचारू गर्न नगर कार्यपालिकाको लागि मन्त्रालयबाट स्वीकृत भई आएको ६० जनाको दरबन्दी रहेको छ । जसमध्ये ३२ जना नगरपालिका कार्यालयमा र २८ जना वडा कार्यालय तर्फ कार्यरत छन् । नगर कार्यपालिका कार्यालयमा जम्मा ३२ वटा स्वीकृत दरबन्दी रहेकोमा २१ जना स्थानीय स्थायी कर्मचारी, ३० जना करारका कर्मचारी र १२ जना निजामती तर्फका कर्मचारी कार्यरत छन् । केहि पदहरूमा दरबन्दी नरहेको भएता पनि कर्मचारीहरू कार्यरत रहेको अवस्था छ ।

नगरपालिका कार्यालयमा जम्मा ८ वटा पद रिक्त रहेको अवस्था छ । प्रशासन सेवामा ३ वटा पद रिक्त छ भने प्राविधिक सेवामा ५ वटा पद रिक्त छन् । वडा कार्यालयहरूमा पनि ७ वटा प्राविधिक सेवाका पदहरू रिक्त रहेको अवस्था छ । यसर्थ यी पदहरूको आपूर्ति गरी नगरपालिकाको कार्य क्षमता सुदृढ बनाउनु आवश्यक देखिन्छ ।

बिषयगत समिति एवं न्यायिक समितिको क्षमता विकास गरी कार्य सम्पादन स्तरमा अभिवृद्धि गर्नका लागि संगठन तथा व्यवस्थापन अध्ययन (O & M) गरी संगठनात्मक संरचना निर्माण गरिएको छ र लैङ्गिकमैत्री एवं समावेशीताका आधारमा कर्मचारी दरबन्दी निर्धारण गरी कार्यान्वयन हुने क्रममा छ । कार्यबोझ विश्लेषणको आधारमा जनशक्ति व्यवस्थापन गरी कार्य सम्पादन स्तरलाई चुस्त दुरूस्त, कार्य सम्पादन करार प्रणाली लागू गरी कार्य उपलब्धिका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरिने प्रणाली अवलम्बन गरी कार्यान्वयन गरिदै लगिएको छ । सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरू वडा कार्यालयबाटै अनलाइन उपलब्ध गराउदै आइरहेको छ ।

निर्धारित समय सीमाभित्र संसदीय परम्परा अनुसार नगर सभा सम्पन्न गरी पारित ऐनहरू असार भित्र वेभ साइडमा अपलोड गरिएको छ । समीक्षा गोष्ठीमा स्वतन्त्र विश्लेषकहरूबाट टिप्पणी र सुझाव प्रस्तुत गरी छलफल गर्ने गरिएको छ ।

### ८.२.२ प्रमुख समस्या

नगर कार्यपालिकाका लागि संविधान प्रदत्त अधिकारहरू सम्बन्धी जनप्रतिनिधिहरूमा यथेष्ट अभ्यास र अनुभवको अभाव, सङ्घीयताको मर्म अनुसार नगर कार्यपालिकाको काम, कर्तव्य पूरा गर्नका लागि भएका जनशक्तिहरू मध्ये केही मात्र दक्ष हुनु, नगर क्षेत्रमा विकासको सम्भावना भएका अनेकौं क्षेत्रहरू विशेष गरी पर्यटन, कृषि तथा पशुपालन क्षेत्रमा शिक्षित र तालिम प्राप्त जनशक्तिको कमी रहनु नै प्रमुख समस्याको रूपमा रहेका छन् ।

### ८.२.३ अवसर र चुनौती

**अवसर**

नगर विकासमा निर्वाचित जनप्रतिनिधिहरूको सक्रियता वढेको छ । थोरै संख्यामा अनुभवी कर्मचारीहरू छन् । सामुदायिक संस्था, गैसस, सरोकारवाला निकायहरू बिच समन्वय र सहकार्य बढेको छ । कर्मचारी, जनप्रतिनिधिहरूको क्षमता अभिवृद्धि एवं विषयगत तालिम, गोष्ठीहरू सञ्चालन हुँदै आएका छन् । सङ्घीयताको मूल मर्म बमोजिमका कानुनी आधारहरू तयार हुँदै आएको हुँदा नगर कार्यपालिकाको नेतृत्वमा स्थानीय स्तरको विकासको सम्भावना बढेको छ ।

## चुनौती

निर्वाचित जनप्रतिनिधिहरू, पदाधिकारीहरू, कर्मचारी एवं स्थानीय स्तरका गैसस, नागरिक समाज, सामुदायिक संस्थाका पदाधिकारी सबैको क्षमता अभिवृद्धि गर्नुपर्ने नितान्त अपरिहार्य छ । पर्याप्त तालिम ज्ञान, सीप, अनुभवी, दक्ष मानव संशाधानको अभावका कारण नगरपालिकाको प्रशासन सोचेजति प्रभावकारी हुन सकिरहेको छैन । वडा कार्यालयहरूमा भौतिक सुविधा सम्पन्न पूर्वाधारहरू, साधन श्रोतहरू, इन्टरनेट लगायत कम्प्युटरहरू रहेतापनि दक्ष कर्मचारीको अभावका कारण पनि सेवाप्रवाह प्रभावकारी हुन सकेको छैन । प्राविधिक एवं सीपयुक्त जनशक्तिको अभाव छ ।

## ८.२.४ उद्देश्य

संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु ।

## ८.२.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २१ः मानव संशाधन र संस्थागत क्षमता विकासको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: संस्थागत सुदृढीकरण तथा जनशक्तिको क्षमता विकास गरी सेवा प्रवाह र सुशासन अभिवृद्धि गर्नु ।** | |
| १.१ स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राही तथा प्रविधि मैत्री बनाउने । | १.१.१ सेवा प्रवाहलाई गुणस्तरीय, न्यून समय लागत छिटो सेवा उपलब्ध बनाउन सम्भव भएका सेवा सुविधाहरू अनलाइन, वडा कार्यालय एवं सेवा केन्द्रबाट उपलब्ध गराउदै वडा कार्यलयहरूलाई भौतिक श्रोत साधन सुविधायुक्त बनाइनेछ ।<br>१.१.२ सम्पूर्ण कर्मचारीहरूलाई कार्य विवरण उपलब्ध गराई सो को आधारमा नतिजामा आधारित कार्य सम्पादन मुल्यांकन गरिनेछ ।<br>१.१.३ सरकारी जग्गा, भवन, संरचनाको अभिलेख तयार गरी संरक्षण र उपयोग गरिने छ । |
| १.२ संगठन संरचना अनुसार आवश्यक दक्ष जनशक्तिको व्यवस्था गरी, कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । | १.२.१ सबै कर्मचारीरूको तालिमको आवश्यक पहिचालन गरी विशिष्टीकृत तालिम दिइने छ । जनप्रतिनिधिहरूको विषय क्षेत्र तथा रूची अनुसारको क्षेत्रमा अनुभव आदान प्रदान तथा कार्यशालामा सहभागी हुने व्यवस्था गरिने छ ।<br>१.२.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शहरहरू र स्थानीय सरकारका संगठनहरूसँग सम्बन्ध सञ्जाल स्थापित गरिने छ ।<br>१.२.३ नगर विकासका लागि स्थानीय मानव स्रोतको अधिकतम उपयोग गरिनेछ । |

## ८.२.६ प्रमुख कार्यक्रम

१. नयाँ जिम्मेवारी र चुनौती अनुसार नगरपालिकाको संस्थागत क्षमता विकास
२. दैनिक प्रशासनिक कार्यमा सूचना प्रविधिको प्रयोग
३. संगठन र व्यवस्थापन योजना कार्यान्वयन
४. क्षमता विकास योजना कार्यान्वयन
५. जनप्रतिनिधि तथा कर्मचारीको लागि क्षमता अभिवृद्धि तालिम
६. बहुउद्देश्यीय नगरपालिका भवन निर्माण
७. नगरकार्यपालिका कार्यालयमा ब्रेन बैंक स्थापना

## ८.२.७ अपेक्षित उपलब्धि

नगरपालिकाको दैनिक प्रशासनलाई क्रमशः विद्युतीय शासन (E-Governance) मा आधारित बनाउँदै लगिएको हुनेछ । नगरपालिकाको आवश्यकता अनुसारको मानव संशाधन उपलब्ध भएको हुनेछ । नगरपालिकाको संस्थागत क्षमता वृद्धि भएको हुनेछ ।

## ८.३ नगरपालिका तथ्याङ्क प्रणाली

### ८.३.१ पृष्ठभूमि

योजना तर्जुमालाई प्रभावकारी बनाउनका लागि तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गर्ने संस्थागत संरचनाको आवश्यक पर्दछ । व्यास नगरपालिकाले सामाजिक तथा आर्थिक घरधुरी सर्वेक्षण २०७५ र भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन गरी नगर क्षेत्रको तथ्याङ्क प्रयोगको आधारशीला तयार गरेको छ । त्यसैगरी, वडा कार्यालयहरूले आन्तरिक प्रयोजनको लागि खण्डीकृत रूपमा तथ्याङ्क सङ्कलन गर्ने कामको शुरूवात भइरहेका छन् भने व्यवस्थित गर्ने काम बाँकी नै रहेको छ ।

### ८.३.२ प्रमुख समस्या

नगरस्तरमा तथ्याङ्क सङ्कलन र व्यवस्थापन हेर्ने शाखा व्यवस्थित नहुनु, वडास्तरमा तथ्याङ्क खण्डीकृत गर्न कठिनाइहरू रहनु, तथ्याङ्क सडकलन, प्रशोधन र विश्लेषण गर्न दक्ष जनशक्ति उपलब्ध नहुनु, तथ्याङ्कहरू एकीकृत नहुँदा प्रयोगमा एकरूपता कायम गर्न नसक्नु तथा केन्द्रीय तथ्याङ्क विभागले सङ्कलन तथा प्रशोधन गर्ने तथ्याङ्क नगरपालिका वडा स्तरको खण्डीकृत रूपमा नहुनु जस्ता समस्याहरू विद्यमान रहेका छन् ।

### ८.३.३ चुनौती र अवसर

**अवसर**

तथ्याङ्कको आवश्यकता र महत्व बारे जानकारी बोध हुनु, तथ्याङ्कमा आधारित रहेर योजनाहरू निर्माण हुने परिपाटिको विकास हुनु र छिटो र छरितो रूपमा तथ्याङ्क सङ्कलन, प्रशोधन र वितरण गर्न सघाऊ पुऱ्याउन सक्ने नयाँ प्रविधिहरू विकास हुँदै जानु मुख्य अवसरहरू हुन ।

**चुनौती**

तथ्याङ्कमा आधारित रहेर योजना तर्जुमा गर्ने र योजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको पूर्ण रूपमा आत्मसाथ हुन नसक्नु एक महत्वपूर्ण चुनौती हो ।

### ८.३.४ उदेश्य

प्रविधिमैत्री तथ्याङ्क सङ्कलन प्रक्रिया र नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।

### ८.३.५ रणनीति तथा कार्यनीति

**तालिका २२: नगरपालिका तथ्याङ्क प्रणालीको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीतिहरू |
|---|---|
| **उद्देश्य १: प्रविधिमैत्री तथ्याङ्क सङ्कलन प्रक्रिया र नियमित अद्यावधिक गर्ने प्रणालीको विकास गर्नु ।** | |
| १.१ तथ्याङ्कको सङ्कलन, प्रशोधन, व्यवस्थापन र प्रकाशनलाई व्यवस्थित बनाउने । | १.१.१ तथ्याङ्क सङ्कलन, प्रशोधन र व्यवस्थापन सम्बन्धी नीति तथा कार्य योजना तयार गरी कार्यान्वयन गरिने छ ।<br>१.१.२ तथ्याङ्कको प्रशोधन र विश्लेषण गरी वेव पोर्टल र विभिन्न प्रकाशन मार्फत् प्रयोगकर्ता माफ पुऱ्याउने कार्यलाई नियमित रूपमा सञ्चालन गरिने छ ।<br>१.१.३ अनुसन्धानको माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सूची तयार गरी नियमित तथ्याङ्क सङ्कलन गर्ने प्रणालीको विकास गरिने छ । |
| १.२ नगरको तथ्याङ्कीय आधारलाई संस्थागत गरिने । | १.२.१ नागरिकहरूको आवश्यक सूचना (सम्पत्ति, पेशा, व्यवसाय आदि) को अभिलेख विद्युतीय प्रणाली मार्फत व्यवस्थित गरिने छ ।<br>१.२.२ नगर कार्यपालिकाको कार्यालयमा छरिएर रहेका सूचनाहरूलाई डिजिटाइज्ड तथा अद्यावधिक गरिने छ ।<br>१.२.३ नगरपालिकाको सूचनाहरूलाई एकद्वार प्रणाली अनुसार व्यवस्थित गरिने छ । |

### ८.३.६ प्रमुख कार्यक्रम

१. तथ्याङ्क सम्बन्धी कानुन, नीति निर्माण
२. नगर पार्श्वचित्र (वस्तुस्थिति) लाई वेव पोर्टल (Municipal Information System) मा राख्ने

३. नगर पार्श्वचित्र (वस्तुस्थिति) नियमित अध्यावधिक गर्ने संस्थागत व्यवस्था
४. भौगोलिक सूचना प्रणालीको प्रयोग गरी नगरपालिकाको योजना तर्जुमा, विकास व्यवस्थापन र सेवा प्रवाहका लागि आवस्यक पर्ने आधार नक्शा (Base maps), तथा स्रोत नक्शा (Resource maps) अद्यावधिक गर्ने ।

### ८.३.७ अपेक्षित उपलब्धि

नगरको डिजिटल तथ्याङ्कीय आधार संस्थागत भएको हुनेछ । नगरपालिकाको आफ्नै तथ्याङ्क प्रणाली (Municipal Database System) निर्माण भएको हुनेछ । विद्युतीय तथ्याङ्क प्रणालीको स्थापना र सञ्चालन भएको हुनेछ । आयोजना अनुगमन र मूल्याङ्कनको लागि आवश्यक सूचना तथा नक्शा उपलब्ध भएको हुनेछ । तथ्याङ्कमा आधारित योजना तर्जुमा गर्न, योजना अनुगमन गर्न, तथा सेवा प्रवाह गर्न आवश्यक तथ्याङ्क तथा आधार नक्शा (Base maps), तथा स्रोत नक्शा (Resource maps) अद्यावधिक रूपमा उपलब्ध भएको हुनेछ ।

## परिच्छेद ९ अन्तर सम्बन्धित विषय

### ९.१ गरिबी न्यूनीकरण

गरिबी न्यूनीकरण नभै  नगरपालिकाको समृद्धि सम्भव छैन । मानव विकासको सूचकहरू आधारभूत रूपमा गरिबी निवारणसँग सम्बन्धित छन् । नेपालको संविधानद्वारा प्रदत्त शिक्षा, रोजगारी, श्रम, स्वास्थ्य, खाद्य, आवास आदि मौलिक हकहरू गरिबी न्यूनीकरणसँग प्रत्यक्ष सम्बन्धित छन् भने अरू हकहरू प्रचलन गराउन पनि गरिबी निवारणले भूमिका खेल्छ । संविधानले आर्थिक असमानता अन्त्य गर्ने, विकासको प्रतिफल न्यायोचित रूपमा वितरण गर्ने, शिक्षा, स्वास्थ्य, बसोबास, र यातायात जस्ता आधारभूत आवश्यकताको परिपूर्ति गर्ने, श्रम सुरक्षा र रोजगारी प्रवर्द्धन, सामाजिक न्याय र समावेशीकरण आदि गरिवी निवारण सम्वद्ध नीति लिएको छ । सङ्घीय, प्रादेशिक र स्थानीय तहका दिगो विकासका लक्ष्य पनि यसै तर्फ परिलक्षित छन् ।

### ९.१.१ पृष्ठभूमि

व्यास नगरपालिकामा बहुआयामिक गरिवी १४ प्रतिशत, वेरोजगारी ९.१ प्रतिशत, सुकुमबासी १.०२ प्रतिशत र केही भूमिहिन रहेका छन् । नगर क्षेत्रभित्र १४ वटै वडामा बसोबास गर्ने भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन कार्य सम्पन्न भएको छ । ७३४ जना भूमिहिन दलित र भूमिहिन सुकुम्बासी तथा ६,११० जना अव्यवस्थित बसोवास  रहेको तथ्याङ्क छ ।[५]

गरिबी न्यूनीकरणका लागि व्यास नगरपालिकाले विभिन्न प्रयासहरूको थालनी गरेको छ । उद्यम विकास योजना कार्यक्रम मार्फत टोल विकास संस्थाहरूको क्षमता विकास गर्दै स्थानीय रूपमा उपलब्ध आर्थिक अवसरहरूको अधिकत्तम उपयोग हुने गरी उद्यमशीलताको विकास गर्ने उद्देश्यले विभिन्न टोलहरूमा हालसम्म १,४९४ वटा उद्यमी समूह गठन भई ती समूहहरूलाई ५ करोड ८६ लाख २८ हजार बढी ऋण लगानी भएको छ ।

### ९.१.२ प्रमुख समस्या

गरिबीको गहनता महिला, दलित, जनजाती, अल्पसंख्यक र पिछडिएको क्षेत्र र वर्गमा बढी हुनु, विकासमा समतामुलक रूपमा पहुँच नहुनु, गरिब लक्षित कार्यक्रम प्रभावकारी नहुनु, र आयको असमानता बढ्दै जानु प्रमुख समस्याका रूपमा देखिन्छन ।

### ९.१.३ अवसर र चुनौती

**अवसर**

गरिवी निवारण राष्ट्रिय चासोको विषय रहनु, सङ्घीय र प्रादेशिक योजनाको समेत प्राथमिकताको विषय हुनु, दिगो विकासको लक्ष्यमा समावेश हुनु, गरिबी निवारण सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाको उपस्थिति हुनु, विभिन्न गरिब लक्षित कार्यक्रमहरू सञ्चालनमा रहनु, शिक्षा, स्वास्थ्य, रोजगारी, आय आर्जन आदिमा महिला, विपन्न र पछाडि परेका वर्ग र समुदायलाई विशेष व्यवस्था रहनु, प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहनु, नगरपालिकामा आर्थिक, सामाजिक विकासका पूर्वाधारहरूमा लगानीका अवसर अनुकुल हुनु आदि प्रमुख अवसर हुन ।,

**चुनौती**

गरिब परिवारको सही पहिचान नहुनु,  आयमा ठूलो असमानता रहनु, महिला तथा पिछडिएको वर्गमा गरिबीको गहनता बढी हुनु, रोजगारीका अवसर सृजना नहुनु, आय आर्जन र रोजगारीमा गरिबको पहूँच नहुनु र गरिब लक्षित आय आर्जन र स्वरोजगारीका कार्यक्रमको लाभ गरिबसम्म प्रभावकारी रूपमा पुग्न नसक्नु यस क्षेत्रका चुनौती हुन ।

### ९.१.४ उद्देश्य

१. गरिबी न्यूनीकरण गर्नु

### ९.१.५ रणनीति तथा कार्यनीतिहरू

**तालिका २३: गरिबी न्यूनिकरणको रणनीति तथा कार्यनीतिहरू**

[५]व्यास नगर दर्पण, २०७७

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: गरिबी न्यूनीकरण गर्नु ।** | |
| १.१ गरिबीको रेखामुनी रहेका जनसंख्याको पहिचान र अभिलेखीकरण गरी गरिब लक्षित आय र रोजगारीका अवसर अभिवृद्धि गर्ने । | १.१.१ निर्धारित सूचकको आधारमा गरिबीका रेखामुनी रहेका जनसंख्याको खण्डीकृत तथ्याङ्क विद्युतीय प्रणलीमा आवद्ध गरी गरिबीको परिचय पत्र दिइने छ ।<br>१.१.२ पहिचान भएका गरिब परिवारको जिवनस्तर उकास्न वार्षिक लक्ष्य निर्धारण गरी चरणवद्ध रूपमा विभिन्न लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिने छ ।<br>१.१.३ लक्षित परिवारलाई रोजगारमूलक प्राविधिक शिक्षा, व्यवसायिक ज्ञानमा पहुँच आदि बढाउन छात्रवृत्ति लगायतका विशेष सहुलियतको व्यवस्था गरिने छ । |
| १.२ वैदेशिक रोजगारी व्यवस्थित गर्दै यसको लाभलाई गरिबी निवारणोन्मुख गर्ने । | १.२.१ रोजगार सूचना केन्द्रको स्थापना गरी श्रमको माग र आपूर्तिमा सहजीकरण गरिने छ ।<br>१.२.२ वैदेशिक रोजगारीमा जानेहरूलाई गन्तव्य मुलुकको आवश्यकता अनुसार सिपमूलक तालिम प्रदान गर्ने, गन्तव्य मुलुकहरूको भाषा, रहन सहन, संस्कृति, कानुन, सुरक्षा जस्ता आधारभूत कुराहरूबारे अभिमुखीकरण गर्ने, औपचारिक च्यानलबाट पठाउने र काम गर्ने कम्पनी वा म्यानपावरबाट नठगिने व्यवस्थाका लागि सहजीकरण गरिने छ । |

### ९.१.६ प्रमुख कार्यक्रम

१. सुकुमबासी र भूमिहिन विशेष कार्यक्रम
२. गरिबी निवारण प्याकेज कार्यक्रम
३. सहकारीमा आधारित कृषि, उद्यम, र व्यवसाय विकास
४. गरिब लक्षित उद्यम विकास
५. रोजगार सूचना केन्द्र स्थापना

### ९.१.७ अपेक्षित उपलब्धि

बहुआयमिक गरिबी ७ प्रतिशतमा घटेको हुनेछ । अपेक्षित आयु ७७ वर्ष पुगेको हुनेछ । गरिबीको परिचय पत्र वितरण गरी खण्डीकृत तथ्याङ्क तयार भएको हुनेछ । गरिबी निवारणका कार्यक्रमहरू समन्वयात्मक रूपमा सञ्चालन भएको हुनेछ ।

## ९.२ मानव अधिकार

### ९.२.१ पृष्ठभूमि

नेपालको संविधानले नागरिकका आधारभूत मानव अधिकारलाई मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । नेपाल संयुक्त राष्ट्र संघको वडापत्र तथा मानव अधिकार सम्बन्धी विभिन्न महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धीको पक्ष राष्ट्र भइसकेको छ । नेपालले जनाएको मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन गर्नका लागि संवैधानिक, कानुनी, नीतिगत एवम् संस्थागत संरचनाको व्यवस्था गर्दै आएको छ ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका वर्ग र समुदायलाई समानुपातिक र समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी संविधानमा नै सामाजिक न्यायको हकको व्यवस्था गरिएको छ । मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनका लागि सङ्घीय तहमा विद्यमान स्थायी संरचना एवं संस्थाहरूलाई प्रदेश तथा स्थानीय तहमा पनि विकास गर्नुपर्ने देखिन्छ । अन्तर तहबीच समन्वय तथा सहकार्य मार्फत मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई विकासका मुद्दासँग संरचनागत एवं कार्यात्मक रूपमा जोड्दै लानु आवश्यक देखिन्छ ।

### ९.२.२ प्रमुख समस्या

मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्ने कुरामा नागरिक र राज्यका सबै निकायमा सचेतना अभिवृद्धि भए तापनि मानव अधिकार सम्बन्धी संस्थागत र नीतिगत स्पष्ट व्यवस्था नहुनु, पूर्वाधार एवं सेवा सुविधाको सबैको

पहुँच नहुनु, र भेदभाव, छुवाछुत, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा जस्ता कुप्रथा, आर्थिक, शैक्षिक तथा सामाजिक पछौटेपन, जस्ता कुराहरू विद्यमान रहनु मुख्य समस्या हुन ।

### ९.२.३ अवसर र चुनौती

**अवसर**

विश्वमा सर्वस्वीकार्य भएका मानव अधिकार सम्बन्धी मूल्य मान्यतालाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । मौलिक हक कार्यान्वयनका लागि आवश्यक कानुनी व्यवस्था छ । संविधान एवं कानुनद्वारा संरक्षित मानव अधिकारको कार्यान्वयनको अनुगमन गर्ने, मानव अधिकार उल्लङ्घनमा अनुसन्धान गर्ने लगायतका कार्य गर्ने स्वतन्त्र र सक्षम संवैधानिक आयोगको व्यवस्था तथा न्याय सम्पादनका लागि स्वतन्त्र न्यायालयको व्यवस्था रहेको छ ।

**चुनौती**

संविधान, कानुन र अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुरूप मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपालना गर्नु र गराउनु र मानव अधिकारमैत्री तथा सामाजिक न्याय सहितको सामाजिक एवं आर्थिक विकास निर्माण क्रियाकलाप सञ्चालन गर्नु अहिले पनि चुनौतीको रूपमा रहेकोछ ।

### ९.२.४ उद्देश्य

१. मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवं विस्तार गर्नु ।

### ९.२.५ रणनीति र कार्यनीति

**तालिका २४: मानव अधिकारको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. मानव अधिकारमैत्री समाज र शासन पद्धतिको विकास एवं विस्तार गर्नु ।** | |
| १.१ समाजमा विद्यमान सबै प्रकारका भेदभाव, छुवाछुत, हिंसा तथा कुप्रथाको अन्त्य गर्ने । | १.१.१ जोखिममा रहेका विपन्न, सीमान्तकृत एवम् उत्पीडित वर्गका अधिकार संरक्षण गरिनेछ ।<br>१.१.२ समाजमा विद्यमान भेदभाव र छुवाछुत विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ मौलिक हक सम्बन्धी कानुनहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । | १.२.१ मौलिक हक कार्यान्वयन गर्ने कानुनहरूको कार्यान्वयनको लागि स्रोत साधनको व्यवस्था गरिने छ ।<br>१.२.२ न्यायमा पहुँच सुनिश्चित गर्न संघसँगको समन्वयमा निःशुल्क कानुनी सहायता सम्बन्धी नीतिगत, कानुनी एवम् संस्थागत व्यवस्था गरिने छ । |
| १.३ मानव अधिकार उल्लङ्घनको घटनामा दण्डहीनताको अन्त्य गरी पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गर्ने । | १.३.१ मानव अधिकार उल्लङ्घनका घटनाको अनुसन्धान कार्यलाई प्रभावकारी बनाइने छ ।<br>१.३.२ मानव अधिकार उल्लङ्घनको घटनाका पीडकलाई कारबाही र पीडितलाई उचित क्षतिपूर्ति तथा परिपूरणको व्यवस्था गरिने छ । |

### ९.२.६ प्रमुख कार्यक्रम

१. मानव अधिकार तथा कानुनी साक्षरता कार्यक्रम
२. भिन्न क्षमता भएका, असहाय, सीमान्तकृत वर्ग र क्षेत्रका सेवाग्राहीलाई सार्वजनिक सेवा प्रवाहमा विशेष व्यवस्था
३. पीडित महिला र बालबालिकालाई आर्थिक तथा कानुनी सहायता
४. मेलमिलाप समिति
५. न्यायिक समितिको क्षमता विकास, र मध्यस्तता केन्द्रको सुदृढिकरण
६. न्याय निरूपण सम्बन्धमा सामुदायिक स्तरमा अभिमुखीकरण कार्यक्रम

### ९.२.७ अपेक्षित उपलब्धि

मानव अधिकार तथा सामाजिक न्याय सम्बन्धमा निर्माण भएका कानुनको पूर्ण पालना भएको हुनेछ । मानव अधिकारको व्यावहारिक र संस्थागत रूपमा उपभोग गर्न सक्ने अवस्था सुनिश्चित भएको हुनेछ । मानव अधिकारमैत्री नीति, योजना तथा कार्यक्रम र कार्ययोजना तर्जुमा भएको हुनेछ ।

## ९.३ सन्तुलित विकास

### ९.३.१ पृष्ठभूमि

सघं, प्रदेश र स्थानीय तह बीच प्राकृतिक स्रोत साधन प्रतिको अधिकार र उपलब्ध स्रोत साधनको बाँडफाँड गर्दा विभिन्न तहहरूको सन्तुलित विकासको अवधारणालाई आत्मसात गरी उपलब्ध स्रोत साधन र अवसरमा पहुँच सहित समन्यायिक विकास गर्नुपर्ने अवधारणा रहेको छ । लामो समयदेखि विकास निर्माणमा पछाडि परेका वर्ग, समुदाय र क्षेत्रलाई विकासको मूल धारमा ल्याई समान रूपमा विकासको प्रतिफल उपलब्ध गराउने सङ्घीयताको मूल ध्येय रहेको छ । नेपालको संविधानले यही अन्तरवस्तुलाई आत्मसाथ गर्दै विकासका दृष्टिले पछाडि परेका क्षेत्र र वर्गलाई प्राथमिकता दिदैं सन्तुलित, वातावरण अनुकूल, गुणस्तरीय तथा दिगो रूपमा पूर्वाधारको विकास गर्ने नीति लिएको छ ।

### ९.३.२ प्रमुख समस्या

नगरका केही ग्रामिण वडाहरू विकासको मूल प्रवाहमा समाहित अगाडी वढाउन आवस्यक पूर्वाधार निर्माण गर्न बाँकी नै छ ।

### ९.३.३ अवसर र चुनौती

**अवसर**

जनताको प्रत्यक्ष सहभागितामा स्थानीय योजना तर्जुमा हुनु, पिछडिएको क्षेत्र र वर्गलाई विशेष प्राथमिकता दिने नीतिगत व्यवस्था हुनु, गरिबी निवारण तथा रोजगारीका लागि विशेष कार्यक्रम सहित संस्थागत व्यवस्था हुनु र विकास कार्यक्रमको मागमा अत्यधिक वृद्धि हुनु नगरपालिकाका लागि अवसर हुन ।

**चुनौती**

ग्रामिण प्रकृतिका वडाहरूमा थप पूर्वाधार विकासका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था भई नसकेको र सङ्घीयता कार्यान्वयन तथा दीर्घकालीन विकासका नियमित कार्यक्रम/ आयोजनाका बीच सामञ्जस्य कायम गरी स्रोत साधनको सन्तुलित संयोजन कायम भै नसकेको अवस्थामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व र दवाफदेहीता प्रवर्द्धन गर्नु चुनौतीपूर्ण छ ।

### ९.३.४ उद्देश्य

ग्रामिण वडा तथा बस्तीमा सन्तुलित र समन्यायिक विकास गर्नु ।

### ९.३.५ रणनीति र कार्यनीति

**तालिका २५: सन्तुलित विकासको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: ग्रामिण वडा तथा बस्तीमा सन्तुलित र समन्यायिक विकास गर्नु ।** | |
| १.१ स्थानीय स्तरमा उपलब्ध स्रोत साधनको सम्भाव्यताका आधारमा लगानी बृद्धि गरी सन्तुलित विकास गर्ने । | १.१.१. प्राकृतिक एवम् मानवीय सम्पदाहरूको पहिचान गरी बढी प्रतिफल दिने आयोजना र कार्यक्रमलाई उच्च प्राथमिकता दिने र पिछडिएका क्षेत्रमा कार्यान्वयन गर्ने व्यवस्था गरिने छ ।<br>१.१.२. कृषि तथा गैरकृषि क्षेत्रको पहिचान गरी त्यस्ता क्षेत्रमा निजी लगानीलाई प्रोत्साहित गरिने छ ।<br>१.१.३. स्थानीय मौलिक संस्कृति र पर्यटकीय स्थलको प्रचारप्रसार गरी पर्यटन प्रवर्द्धन गरिने छ ।<br>१.१.४. स्थानीय स्रोत साधनमा आधारित आर्थिक क्रियाकलापद्वारा उद्यमशीलता र |

| | |
|---|---|
| | रोजगारी सिर्जना गरिने छ । |
| १.२ जनतालाई दैनिक आवश्यकताका वस्तु तथा सेवाको पहुँच सहज बनाउने । | १.२.१. पछाडि परेका वा पारिएका क्षेत्र वा समुदाय लक्षित विकास कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.२.२. पछाडि परेका क्षेत्र, सीमान्तकृत् व्यक्ति, वर्ग र समुदायको उत्थान तथा संरक्षणको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.२.३. उपभोग्य वस्तुको पहुँच सबै क्षेत्र र वर्गका जनतामा पुऱ्याउने व्यवस्था गरिने छ । |

### ९.३.६ प्रमुख कार्यक्रमहरू

१. स्थानीय रोजगारी प्रवर्द्धन र क्षमता विकासका कार्यक्रम
२. खानेपानी, सिंचाई लगायत भौतिक पूर्वाधारको निर्माण
३. व्यवहारिक योजनाको तर्जुमा र कार्यान्वयन
४. सार्वजनिक निजी साझेदारीमा विकासका कार्यक्रम

### ९.३.७ अपेक्षित उपलब्धि

पिछाडिएका वर्ग तथा क्षेत्र लक्षित कार्यक्रमहरूको प्रभावकारितामा अभिवृद्धि भई विपन्न, पिछडिएको क्षेत्र र सीमान्तकृत वर्ग तथा समुदाय थप लाभान्वित भएको हुनेछ । प्रभावकारी सेवा प्रवाहद्वारा सिप विकास र आय आर्जनका अवसरलाई विस्तार गर्दै गरिबी न्यूनीकरणमा टेवा पुगेको हुनेछ । पिछडिएका क्षेत्र र वर्ग पनि विकासको मूलधारमा समाहित भएका हुने छन् ।

## ९.४.वित्तीय सुशासन

### ९.४.१ पृष्ठभूमि

सार्वजनिक आयको अद्यावधिक स्थितिको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई नियमित र एकरूपता कायम गरी प्रभावकारी बनाउँदै लैजानको लागि सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापनको विकासमा जोड दिदै एकल खाता कोष प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीको विकासको आवश्यकता छ । सार्वजनिक स्रोतको मितव्ययी र अधिकतम परिचालन, प्रतिवेदन तथा लेखापरीक्षण मार्फत् वित्तीय व्यवस्थापनमा पारदर्शीता र जवाफदेहिता अभिवृद्धि गरी नागरिकलाई वित्तीय सुशासनको प्रत्याभूति दिनु नगरपालिकाको दायित्व हो । सार्वजनिक खर्चको पारदर्शिता अभिवृद्धि गर्न नगरपालिकाका कार्यक्रम तथा खर्चलाई सार्वजनिकीकरण गर्ने पद्धतिको थप विकास गर्न जरूरी छ ।

### ९.४.२ प्रमुख समस्या

वेरूजुको मात्रामा वृद्धि हुँदै जानु, आर्थिक उत्तरदायित्व तथा जवाफदेहिताको अवस्था वलियो भै नसकेको, विकास खर्च अपेक्षित गति र परिमाणमा नहुनु र चालु खर्चमा भएको बढोत्तरीसँगै वित्तीय सुशासनको स्थितिमा सुधार हुन नसकेको जस्ता समस्या विद्यमान छन् ।

### ९.४.३ अवसर र चुनौती

#### अवसर

राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ १० भित्र नगर सभामा पेश गर्ने व्यवस्था रहेको छ । नगरपालिकाको लेखा प्रणालीलाई सूचना प्रविधिमा आधारित वित्तीय व्यवस्थापन प्रणाली, सार्वजनिक सेवा लेखामान तयार गरी सो अनुसार प्रतिवेदन प्रणाली विकास गर्न सकिन्छ ।

#### चुनौती

सङ्घीय वित्तीय ढाँचा अनुरूप सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त गर्ने अनुदान समय मै प्राप्त गर्नु समय मै कार्यक्रम स्वीकृत गरी वार्षिक खरिद योजना तयार गर्नु, समयमा ठेक्का बन्दोबस्त गर्नु, पूँजीगत खर्चको प्रगतिमा अपेक्षित बृद्धि गर्नु, आन्तरिक लेखापरीक्षण तथा नियन्त्रण प्रणाली सुदृढीकरण गर्नु अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाउनु खरिद कार्यलाई सार्वजनिक खरिद ऐनको मर्म अनुरूप मितव्ययी तथा प्रतिस्पर्धी बनाउनु, र आर्थिक वर्षको अन्त्यमा मात्र अत्यधिक खर्च गर्ने प्रवृत्तिमा रोक लगाउनु चुनौतीपूर्ण छन ।

### ९.४.४ उद्देश्य

१. सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु ।

### ९.४.५ रणनीति र कार्यनीति

**तालिका २६: वित्तीय सुशासनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: सार्वजनिक आय र खर्च प्रणाली पारदर्शी एवं प्रभावकारी बनाउनु ।** | |
| १.१ वित्तीय व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने । | १.१.१ वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजस्व परिचालनको क्षमता बृद्धि गरिने छ ।<br>१.१.२ वित्तीय व्यवस्थापनका सबै क्षेत्रमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरिने छ । |
| १.२. सार्वजनिक आय व्यय र खरिदलाई प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउने । | १.२.१ विकास आयोजनाहरूको ठेक्कापट्टा निर्धारित समयभित्रै गर्ने तथा विद्युतीय बोलपत्रको दायरालाई विस्तार गरिने छ ।<br>१.२.२ निर्धारित समय अगावै काम सम्पन्न गर्ने ठेकेदारलाई प्रोत्साहनको व्यवस्था गरिने छ । |
| १.३. बेरूजु न्यूनीकरण गरी बेरूजु फर्छ्यौटलाई प्राथमिकता दिने । | १.३.१ खरिद प्रक्रियालाई व्यवस्थित बनाइने छ ।<br>१.३.२ आयोजनाहरूकालागि ग्राहक/उपभोक्ता समूह छनौट तथा प्रथम किस्ता भुक्तानी आ.व.को दोश्रो चौमासिक भित्रै सम्पन्न गरिने छ ।<br>१.३.३ आयोजना छनौट तथा बजेट विनियोजन गर्दा सम्बन्धित सरोकारवाला तथा उपभोक्ताहरूको राय सुझाव लिइने छ । |

### ९.४.६ प्रमुख कार्यक्रमहरू

१. लाभ र लागतको विश्लेषण सहित योजना तथा कार्यक्रम अवधि यकिन गरी वार्षिक बजेट विनियोजन
२. राजस्व परिचालन क्षमता बृद्धि तालिम सञ्चालन
३. लेखा प्रणाली सुदृढीकरण तालिम सञ्चालन
४. विद्युतीय आर्थिक कारोबार प्रणालीको सुदृढीकरण
५. विद्युतीय बोलपत्र कार्यन्वयन

### ९.४.७ अपेक्षित उपलब्धि

नगरपालिकाको वार्षिक खरिद योजना समयमा तयार भइ समयमै खरिद कार्य सम्पन्न भएको हुनेछ । राजस्व परिचालन प्रभावकारी रूपमा भएको हुनेछ । सार्वजनिक खर्च व्यवस्थित भई बेरूजु घटेको हुनेछ ।

## ९.५ कोभिड-१९ ब्यवस्थापन तथा नवउत्थान

### ९.५.१ पृष्ठभूमि

कोभिड-१९ को विश्वब्यापी महामारीले नेपालका स्थानीय तहमा व्यवस्थित हरित शहरीकरण, खुला ठाउँ र पार्कहरूको व्यवस्था, स्वच्छ र सुरक्षित यातायातको प्रवन्ध, अत्यावश्यकीय वस्तुको नियमित आपूर्तीसंग सम्वन्धित पूर्वाधारहरू, ठूला सभाहलहरू, सूचना प्रविधि युक्त सेवाक्षेत्र (स्वास्थ्य, शिक्षा, वित्तीय सेवा, बजार सेवा तथा सार्वजनिक प्रशासन) को आवश्यकता खट्केको देखिन्छ । त्यसैले आगामी योजनाहरू यो अभाव परिपूर्ती गर्ने तर्फ कोभिड-१९ ले निर्देशित गरेकोछ र नयाँ अवसर देखाएकोछ । महामारी नियन्त्रणको लागि गरिएको बन्दाबन्दीले सम्पूर्ण समाज र देशको अर्थव्यवस्थालाई ठप्प पारेको छ र यो अवस्थावाट सामान्य अवस्थामा कहिले फर्किन सकिन्छ भनी तत्काल आँकलन गर्न पनि नसकिने अवस्था छ ।

मुलुकले कोभिड-१९ को दोस्रो लहर संगै फेरी अर्को पटक बन्दावन्दीको अवस्था झेल्न पर्दा उद्योग, कलकारखाना, यातायात, होटेल, रेस्टुँरा र अन्य सेवा प्रदायक संस्थाहरू र उत्पादन इकाईहरू बन्द हुन पुगे । उत्पादन र विकास निर्माणका कामहरू यस अवधिमा प्रभावित हुन पुगे । निर्माण लगायतका सामानहरूको आपूर्ती सीमित मात्रामा हुन

गयो । शहरी क्षेत्रमा दैनिक ज्यालादारी गरेर जीवन निर्बाह गर्ने श्रमिक वर्ग, ठेला तथा डोकामा तरकारी बेच्ने, फुटपाथमा पसल थाप्ने, साना चियापसल तथा खुद्रा पसल सञ्चालक, गरिब, महिला, अपाङ्ग, बृद्ध तथा गर्भवती तथा सुत्केरी महिला र अनौपचारिक क्षेत्रमा काम गर्ने बढी प्रभावित हुन पुगे ।

कोभिड-१९ को कारण गर्नु परेका वन्दावन्दीबाट गत बर्षको आर्थिक वृद्धिदर २.१ प्रतिशतले ऋणात्मक हुन पुग्यो ।

आर्थिक वर्ष २०७७/०७८ मा महामारीको कारण नगरपालिमा आउने विप्रेषण, ग्राहस्थ्य उत्पादन, आर्थिक बृद्धि दर संकुचित हुने देखिएको छ । विश्व बैंकले समेत चालु आर्थिक वर्षमा नेपालको आर्थिक बृद्धि दर १.५ देखि २.८ प्रतिशत र आगामी आर्थिक वर्षमा १.४ देखि २.९ प्रतिशत सम्म हुने प्रक्षेपण गरेको छ (विश्व बैंङ्क, सन् २०२०) ।

### ९.५.२ प्रमुख समस्या

कोभिड-१९ को व्यवस्थापन नयाँ अभ्यास भएकाले अपेक्षित परिणाम हासिल गर्न सहज छैन । यस महामारीको अवधिमा र त्यस पछिको अवस्थाबारे सही आँकलन गर्न समेत सजिलो छैन । पर्यटन लगायतका आर्थिक गतिविधिमा आएको सुस्तता पुनः नयाँ लयमा ल्याउन पनि सहज छैन ।

### ९.५.३ अवसर र चुनौती

**अवसर**

नगरपालिकाले प्रवाह गर्ने कतिपय सेवाको आंशिक तथा सम्पुर्ण प्रक्रियालाई अनलाईन मार्फत गर्ने गरी विद्युतीय सुशासनको दरो थालनी गर्ने अवसर जुटेकोछ । त्यसैगरी स्वास्थ्य सेवाको जिम्मेवारी पाएको स्थानीय तहले कोभिड-१९ को व्यवस्थापन संगै स्थानीय स्तरमा स्वास्थ्य सेवाको स्तर चाँडै माथि उठाउने मौका समेत जुरेकोछ ।

महामारीमा अस्तब्यस्त भएका पर्यटन तथा अन्य आर्थिक क्षेत्रमा नवपरवर्तनकारी किसिमले कसरी स्थानीय आर्थिक ब्यवस्थालाई पुनः लयमा ल्याउन सकिन्छ भन्ने बारे गम्भीर अभ्यास गर्ने समय आएकोछ ।

**चुनौती**

सङ्घीय प्रणालीको कार्यान्वयन संगै आएको राजनीतिक खिचातानीबाट मुलुक र स्थानीय तह सहज रूपमा अगाडी बढाउनु, कोभिड-१९ को सफल व्यवस्थापन गर्नु, र आर्थिक विकासलाई एक वर्ष भित्र पुनः लयमा ल्याउनु चुनौतीपुर्ण देखिन्छन ।

### ९.५.४ उद्देश्य

कोभिड-१९ को ब्यवस्थापन सहित र अर्थब्यवस्थालाई पुनःलयमा ल्याउनु ।

### ९.५.५ रणनीति र कार्यनीति

**तालिका २७: वित्तीय सुशासनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: कोभिड-१९ को ब्यवस्थापन सहित र अर्थब्यवस्थालाई पुनःलयमा ल्याउनु ।** | |
| १.१. तत्कालिक राहत तथा उपचारको ब्यवस्था गर्ने । | १.१.१ कोभिड-१९ को कारण प्रत्यक्ष रोजगारी गुमाएका दैनिक रूपमा श्रम गर्ने, असहाय, दिन दुखी, गरीव, तथा अपाङता भएका वा समस्या परेकालाइ विकास साझेदार र निजीक्षेत्रको समेत सहयोगमा राहत वितरणको ब्यवस्था गरी राहत सहयोग पु-याइनेछ ।<br>१.१.२ आइसोलेशन ब्यवस्थापन, कोभिड अस्पताल निर्माण, अक्सीजनको ब्यवस्था, भ्याक्सीन ब्यवस्थापन लगायतका काममा प्रभावकारी समन्वय तथा ब्यवस्थापन सुनिश्चित गरिनेछ । |
| १.२. रोजगारीको सृजना गरी अर्थव्यवस्थालाई पुनः लयमा ल्याउने । | १.२.१ कोभिड-१९ बाट प्रभावित व्यवसायीलाई राहत, क्षतिपूर्ति तथा सहुलियत दिई व्यवसायको पुनर्संचालनमा सहयोग पु-याइनेछ ।<br>१.२.२ विदेशबाट फर्केका युवाहरूलाई स्वरोजगारका विभीन्न कार्यक्रममा आवद्ध गराइनेछ ।<br>१.२.३ सरकारी, निजीक्षेत्र, सहकारी, गैर सरकारी क्षेत्र र विकास साझेदारहरूसंगको सहकार्यमा स्थानीय पूर्वाधार निर्माण, सेवा प्रवाह तथा आर्थिक गतिविधिमा सूचना प्रणालीको ब्यापक उपयोग जस्ता नव |

| | |
|---|---|
| | उत्थानशील कार्यक्रम मार्फत अर्थव्यवस्थालाई पुनः लयमा ल्याइनेछ। |

### ९.५.६ प्रमुख कार्यक्रमहरू

१. व्यवस्थित राहत वितरण
२. कोभिड -१९ को व्यवस्थापन
३. युवा स्वरोजगार
४. विद्युतीय शासनको विस्तार गरी अनलाईन सेवा प्रवाहको थालनी
५. स्थानीय कृषि तथा पशुजन्य उत्पादनहरूको मुल्य श्रृंखला (Proudct Value Chain) को विकास

### ९.५.७ अपेक्षित उपलब्धि

नगरपालिकाका विकास साझेदार र निजीक्षेत्र संग सहकार्य गरी प्रभावकारी रूपमा राहत वितरण गरेको हुनेछ । आइसोलेशन व्यवस्थापन, कोभिड अस्पताल निर्माण, अक्सीजनको व्यवस्था, भ्याक्सीन व्यवस्थापन लगायतका काममा प्रभावकारी समन्वय तथा व्यवस्थापन सुनिश्चित भएको हुनेछ । संघ, प्रदेश, निजीक्षेत्र र विकास साझेदारहरू संगको सहकार्यमा स्थानीय पूर्वाधार निर्माण, सेवा प्रवाह तथा आर्थिक गतिविधिमा सूचना प्रणालीको ब्यापक उपयोग भइ नव उत्थानशील कार्यक्रम मार्फत स्थानीय अर्थव्यवस्था पुनः लयमा आएको हुनेछ ।

# परिच्छेद १० योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

## १०.१ योजना तर्जुमा र कार्यान्वयन

### १०.१.१ पृष्ठभूमि

व्यास नगरपालिकाले नगरको योजनाबद्ध विकासका लागि नगरको वस्तुगत विवरण, तथ्यको विश्लेषण, सरोकारवाला तथा समुदाय संगको अन्तरक्रियाबाट प्रथम त्रीवर्षीय शहरी विकास योजना तयार गरेकोछ। यस सन्दर्भमा विषयगत समस्या, चुनौती र अवसरहरूको पहिचान र त्यसका आधारमा ङविषय केन्द्रित रणनीति र कार्यनीति सहितको योजना तर्जुमा भएकोछ।

योजना तर्जुमाको क्रममा व्यास नगरपालिकाले नेपाल सरकारको पन्ध्रौं योजना तथा गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनालाई समेत आधारको रूपमा लिएकोछ। नगरपालिकाले त्रिवर्षीय योजनालाइ तथ्य र प्रमाणमा आधारित विश्लेषण सहित सहभागितामूलक ढङ्गबाट नतिजा खाका तयार गरेकोछ। यस नतिजा खाकाबाट योजनाको नियमित अनुगमन गर्न तथा आवधिक मूल्याङ्कन गर्न आधार तयार भएकोछ।

### १०.१.२ प्रमुख समस्या

राष्ट्रिय योजना आयोग र प्रदेश योजना आयोगसँग नियमित रूपमा परामर्श गरी नीति तथा योजना तर्जुमा गर्ने र कार्यक्रमहरूको वर्गीकरण गर्ने वातावरण अझै बलियो रूपमा बन्नु पर्ने देखिन्छ। योजना तर्जुमालाई मार्गनिर्देश गर्न आवश्यक खण्डीकृत तथ्याङ्कको उपलब्धता छैन। पर्याप्त जनशक्ति, भौतिक संरचना र बजेटको अभाव रहेको छ।

### १०.१.३ चुनौती र अवसर

**अवसर**

समुदाय तहमा योजना तर्जुमा प्रति जनचासो र सहभागिता बढ्दै गएको देखिन्छ। राष्ट्रिय योजना आयोग तथा प्रादेशिक नीति तथा योजना आयोगको अनुभव नगर विकास योजना निर्माण तथा कार्यान्वयनमा उपयोग गर्न सकिने सम्भावना देखिन्छ। नगरपालिकाले सूचक सहितको त्रिवर्षीय योजना निर्माण गरी योजनाबद्ध रूपमा विकास निर्माणका कार्यहरू अगाडि बढाउने कार्यको थालनी भए संगै राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोग बिच सहकार्य र समन्वय बृद्धि भई स्थानीय तहलाई सहजीकरण गर्ने वातावरण क्रमशः बन्दै गएको देखिन्छ।

**चुनौती**

आवधिक योजना, वार्षिक विकास कार्यक्रम र मध्यमकालीन खर्च संरचना बीच सामन्जस्य कायम गर्दै योजना कार्यान्वयनलाई थप प्रभावकारी बनाउनु नियमित रूपमा विषयगत तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषण गरी योजना छनौट गर्ने प्रणालीको आधारशीला तयार गर्नु, नगरपालिकाको क्षमता एवम दक्षता अभिवृद्धि गरी योजना कार्यान्वयन गर्नु कम चुनौतीपूर्ण छैन।

### १०.१.४ उद्देश्य

१. नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाइ प्रभावकारी हुने गरी संस्थागत गर्नु।

### १०.१.५ रणनीति र कार्यनीति

**तालिका २८: नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य १: नगर विकास योजनाको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाइ प्रभावकारी हुने गरी संस्थागत गर्नु।** | |
| १.१. अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाको तथ्याङ्क तथा सूचना प्रणालीलाइ भरपर्दो, र उद्देश्यमूलक हुने गरी अद्यावधिक वनाउने। | १.१.१ नगरपालिकाको योजना तर्जुमा गर्न, योजना अनुगमन गर्न, सेवा प्रवाह गर्न आवस्यक र उपयोगी हुने आधारभूत तथ्याङ्क समेटेर डिजिटल प्रोफाईल अद्यावधिक गरिनेछ। १.१.२ नगरपालिकामा डिजिटल प्रोफाईल अद्यावधिक गर्न संरचनागत शाखामा दक्ष जनशक्तिको व्यवस्था गरिनेछ। |

| | |
|---|---|
| १.२. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत व्यवस्था गर्ने र सोको क्षमता अभिवृद्धि गर्ने । | १.२.१ शहरी विकास योजनाको नियमित अनुगमनका लागि अधिकार तथा कर्तव्य सहित नगर स्तरीय अनुगमन समिति गठन गरी कार्यान्वयन गरिनेछ ।<br>१.२.२. शहरी विकास योजनाको नतिजा खाका अनुसार योजनाको अनुगमन गरिनेछ ।१.२.३. आवधिक रूपमा शहरी विकास योजनाको कार्यान्वयनको स्वतन्त्ररूपमा प्रभावकारीता मूल्याङ्कन गरिनेछ । |
| १.३. योजना अनुगमन निर्देशिका र सयन्त्र बनाई नियमित समीक्षा गर्ने साथै तेस्रो र स्वतन्त्र पक्षबाट विशेष आयोजनाहरूको मूल्याङ्कन गर्ने । | १.३.१. विशेष आयोजनाहरूको तेस्रो पक्षबाट पनि मूल्याङ्कन गराई सुझावहरूलाई योजना तर्जुमा गर्दा समावेश गरिने छ ।<br>१.३.२ उपलब्धि मापनकोलागि परियोजनाको नतिजा सूचकसहितको प्रत्येक आयोजनाको नतिजा खाका तयार गरी कार्यान्वयन गरिने छ । |

### १०.१.६ मुख्य कार्यक्रमहरू

१. आवधिक योजना अनुसारको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा तथा प्रकाशन
२. नीजि क्षेत्र, गैसस, र सहकारीसँगको सहकार्य सम्बन्धीअवधारणा विकास
३. उपभोक्त समितिहरूलाई आयोजना संचालन सम्बन्धी तालिम
४. अनुगमन निर्देशिका निर्माण तथा कार्यान्वयन
५. आयोजनाको पहिचान, छनौट र कार्यान्वयन गर्ने उच्चस्तरीय संयन्त्र निर्माण एवं कार्यान्वयन
६. संस्थागत सुधार, तालिम र गोष्ठी सञ्चालन
७. तेस्रो पक्षबाट आयोजनाहरूको मूल्याङ्कन

### १०.१.७ अपेक्षित उपलब्धि

योजना अनुगमन प्रणालीको संस्थागत विकास र नीतिगत व्यवस्था लागु हुनेछ । हरेक आयोजनाकोलागि अनुगमन तथा मूल्याङ्कनका सूचकहरू बनेका हुने छन् । सूचकहरूको आधारमा आयोजनाहरूको कार्यान्वयन गरिएको हुनेछ । विकासको लागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अध्ययन अनुसन्धानका लागि छुट्याइएको हुनेछ ।

## १०.२ आयोजना बैंक

### १०.२.१ पृष्ठभूमि

निश्चित मापदण्ड बिना आयोजनाको पहिचान तथा छनोट गर्ने र आवश्यक पूर्वतयारी विना कार्यान्वयनमा लैजाने गरेका प्रायः योजनाहरू समस्याग्रस्त हुने गरेका छन् । तसर्थ आयोजना बैंकको व्यवस्थाबाट रणनैतिक आयोजनाहरूको पहिचान र छनौट गर्न, आयोजनाहरूका निर्धारित लक्ष्यहरू तोकिएको गुणस्तर, लागत र समयावधि भित्र सम्पन्न गरी लगानीको उच्चतम प्रतिफल प्राप्त गर्न आयजना बैंक महत्वपूर्ण माध्यम हुनेछ । आवश्यकता, लागत र मुनाफा हेरेर आयोजनाको प्राथमिकीकरण गर्नु पर्नेमा राजनीतिक तथा प्रशासनिक पहुँचका आधारमा आयोजना सिफारिस गर्ने वा गर्न लगाउने र सोही अनुसार बजेट विनियोजन गर्दा योजनाको प्रभावकारी कार्यान्वयन हुन नसकिरहेको अवस्था छ । यसर्थ नगरको दिगो सामाजिक तथा आर्थिक विकासको लागि लगानी र लाभको विश्लेषण गरी आयोजना बैंक

बनाउने र आयोजनाहरूको प्राथमिकीकरण गरी वित्तीय स्रोत साधनको व्यवस्था र योजनावद्ध कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ ।

### १०.२.२ प्रमुख समस्या

पूर्वतयारी र विश्लेषण विना आयोजनाहरूको छनोट गरी कार्यान्वयन गर्ने परिपाटीले निरन्तरता पाउनु, आवश्यकता, लागत र लाभ विश्लेषण गरी आयोजनाहरूको बैंक बनाउने परिपाटी विकास हुनु पर्नेमा राजनीतिक र प्रशासनिक पहुँच हाबी हुनु, संस्थागत संरचना र पर्याप्त जनशक्ति नहुँदा आयोजना बैंक बनाउने कार्यहरू अगाडि बढ्न नसक्नु, अध्ययन र अनुसन्धानको आधारमा आयोजनाहरूको लागत र मुनाफाबारे स्पष्ट हुन नसक्दा आन्तरिक लगानी व्यवस्थापन र लगानी आकर्षित गर्नमा कठिनाइहरू हुनु यस क्षेत्रका मुख्य समस्या हुन ।

### १०.२.३ अवसर र चुनौती

**अवसर**

सम्भाव्यता अध्ययनका आधारमा स्थानीय स्तरको आयोजना बैंक बनाउने अभ्यासको प्रारम्भ हुनु नै अवसरको रूपमा देखिएकोछ ।

**चुनौती**

सङ्घीय तथा प्रदेश सरकारसँग तादत्म्यता हुने गरी आयोजनाहरूको बैंक तयार गर्नु पर्ने विषय, आयोजना बैंक बनाउनको लागि संस्थागत संरचना निर्माण गर्ने विषय, लागत र मुनाफा हेरी सरकारी आयोजनाहरूको प्राथमिकीकरण गर्ने परिपाटीको विकास गर्न सरकारले कार्यान्वयनमा ल्याउने गरी आयोजनाहरूको आयोजना बैंक बनाउनु पर्ने विषय, नगरपालिकाका गौरवका आयोजनाहरूको विकासको लागि निजी क्षेत्र तथा वैदेशिक लगानीकर्ता आकर्षित गर्न सहयोगी हुने गरी आयोजना बैंक बनाउनु पर्ने विषय र आयोजनाहरूको छनौट प्रक्रिया वैज्ञानिक बनाउनु पर्ने विषय चुनौती रहित छैनन् ।

### १०.२.४ उद्देश्य

दिगो र तिब्र विकासका लागि वित्तीय स्रोतको पहिचान हुनेगरी आयोजना बैंक निर्माण गर्नु ।

### १०.२.५ रणनीति र कार्यनीति

**तालिका २९: आयोजना बैंकको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: दिगो र तिब्र विकासका लागि वित्तीय स्रोतको पहिचान हुनेगरी आयोजना बैंक निर्माण गर्नु ।** | |
| १.१ वित्तीय स्रोतको पहिचान हुनेगरी आयोजना बैंक निर्माणको आधार तयार गर्ने । | १.१.१ आयोजना बैंक निर्माणकोलागि सम्भाव्यता अध्ययन, आवश्यक संस्थागत संरचनाको निर्माण, र आवश्यक नीति, नियम, तथा निर्देशिका तयार पारिने छ ।<br>१.१.२ आयोजना बैंकमा भएका आयोजनाहरूलाई पारदर्शी र यथार्थपरक ढङ्गबाट अभिलेख राख्न र छनौट गर्न विद्युतीय प्रणालीमा आवद्ध गराइने छ ।<br>१.१.३ आयोजना बैंकमा आबद्ध भएका आयोजना कार्यन्वयन गर्न सार्वजनिक, निजी, सहकारी र सामुदायिक र वैदेशिक लगानीको सम्भावनाहरू पहिचान गरी वित्तीय स्रोतको व्यवस्थापन गरिने छ । |

### १०.२.६ प्रमुख कार्यक्रमहरू

१. आयोजना बैंक निर्माणका लागि आवश्यक नीति, नियम, निर्देशिका तयार
२. आयोजना बैंक तयारीका सम्भाव्यता अध्ययन
३. आवश्यक संस्थागत संरचना र कर्मचारीको दक्षता विकास
४. आयोजनाको पहिचान, वर्गीकरण, प्राथमिकीकरण, छनौट र मूल्याङ्कनको मापदण्ड निर्माण
५. आयोजना बैंकको आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा

### १०.२.७ अपेक्षित उपलब्धि

नगरको आयोजना बैंक निर्माण भएको हुनेछ । बजेट विनियोजन पारदर्शी, समतामूलक र वैज्ञानिक भएको हुनेछ । विकासका आयोजनाहरू आयोजना बैंकमा आवद्ध गरी सञ्चालन भएको हुनेछ । आयोजनाहरूको प्राथमिकीकरण र छनौट अध्ययन अनुसन्धान र मापदण्डको आधारमा भएका हुने छन् ।

## १०.३ अनुगमन तथा मूल्याङ्कन

### १०.३.१ पृष्ठभूमि

अनुगमनले विकास कार्यक्रम र आयोजनाहरूको नतिजा खोज्ने र कार्यान्वयन गर्ने पक्षलाई बढी जिम्मेवार बनाउनुको साथै जवाफदेही पनि बनाउँछ । अनुगमन तथा मूल्याङ्कनबाट कार्यक्रम वा आयोजनाका सबल र दुर्वल पक्ष पत्ता लगाई दुर्वल पक्षलाई न्यूनीकरण गर्ने उपायको खोजी गर्नुका साथै समीक्षा गरी सूचना सङ्कलन गरी प्रमाणमा आधारित सुधार तथा निर्णय गर्न सहयोग पुग्दछ । नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनको सुनिश्चितताका लागि अनुगमन गरिन्छ भने  त्यसबाट प्राप्त नतिजाको विश्लेषणका लागि मूल्याङ्कनको आवश्यकता पर्दछ । विकास आयोजनाहरूबाट, निर्धारित समयावधि भित्र निश्चित उपलब्धि तथा लागत अनुसारको प्रतिफल प्राप्त भए/नभएको यकिन गर्न सशक्त एवम् निष्पक्ष अनुगमन तथा मूल्याङ्नको व्यवस्था हुनु पर्दछ । अनुगमन आयोजना कार्यान्वयनको चरणमा गरिने निरन्तर चलिरहने प्रक्रिया हो । अनुगमन मुख्य उद्देश्य भनेका् प्रगति र ढिला सुस्तीको बारेमा सरोकारवालाहरूलाई समयमा नै जानकारी गराई आयोजनालाई सही बाटोमा हिंडाउनु हो ।

### १०.३.२ प्रमुख समस्या

आवश्यक तथ्याङ्क र सूचनाहरू उपलब्ध र व्यवस्थित नहुनु, सीमित बजेट, तथ्याङ्कको कमजोर आधारहरू, संस्थागत संरचनाहरू व्यवस्थित नहुनु पर्याप्त दक्ष जनशक्तिको  अभाव आदि अनुगमन तथा मूल्याङ्कनका मुख्य समस्या हुन् ।

### १०.३.३ अवसर र चुनौती

**अवसर**

अनुगमन तथा मूल्याङ्कन बारे संस्थागत धारणा वन्दै गएको अवस्था, र अनुगमन तथा मूल्याङ्कन कार्यको लागि संगठन संरचना निर्माण गर्दा महत्व दिइएको अवस्थालाई अवसरका रूपमा लिन सकिन्छ ।

**चुनौती**

सफलतापूर्वक अनुगमन तथा मूल्याङ्कन पद्धतिको कार्यान्वयनका विषय, अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्ने विषय र नतिजामूलक तथ्यहरूको पहिचान गरी आयोजनामा समावेश गर्नु लगायतका विषयहरू  चुनौतीका रूपमा देखिन्छन् ।

### १०.३.४ उद्देश्य

नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई विकास निर्माण तथा व्यवस्थापनमा संस्थागत एवं स्थापित गर्नु ।

### १०.३.५ रणनीति र कार्यनीति

**तालिका ३०: अनुगमन तथा मूल्याङ्कनको रणनीति तथा कार्यनीतिहरू**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १: नतिजामूखी अनुगमन तथा मूल्याङ्कन प्रणलीलाई विकास निर्माण तथा व्यवस्थापनमा संस्थागत एवं स्थापित गर्नु ।** | |
| १.१ अनुगमन तथा मूल्याङ्कन निर्देशिका बनाई तहगत रूपमा अनुगमन संयन्त्र विकास गर्ने । | १.१.१ अनुगमन तथा मूल्याङ्कनको क्षेत्रमा काम गर्ने सबै जनशक्तिलाई बलियो साझेदारीको निर्माण, M & E Matrix, Project Performance Information System (PPIS) Software, M & E data, Risk Informed Monitoring को प्रयोग, अभिलेख व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिने छ ।<br>१.१.२ आयोजनागत अनुगमन तथा मूल्याङ्कन शाखालाई प्रभावकारी बनाइने छ । |

| | |
|---|---|
| | १.१.३ अनुगमन तथा मूल्याङ्कन दिग्दर्शनको प्रयोग बारे अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।<br>१.१.४ हरेक वडाले महिनाको एकपटक र कार्यपालिकाले चौमासिक रूपमा कार्यक्रम तथा आयोजनाको कार्यान्वयन प्रगति अनुगमन गर्ने व्यवस्था गरिने छ । |
| १.२ योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक र परिणामुखी बनाउने । | १.२.१ सार्वजनिक नीति, पञ्चवर्षीय योजना, आर्थिक नीति तथा कार्यक्रम, बजेट तथा आयोजनाको दस्तावेज र अन्तर्राष्ट्रिय प्रतिवद्धताको अनुगमन तथा मूल्याङ्कन गरिने छ ।<br>१.२.२ हरेक आयोजनाको समयमा अनुगमन तथा मूल्याङ्कन आधारमा योजना तर्जुमा र कार्यान्वयनलाई परिणाममुखी र प्रभावकारी बनाइने छ । |

### १०.३.६ प्रमुख कार्यक्रमहरू

१. अनुगमन तथा मूल्याङ्कनको कार्ययोजना तयार
२. जनशक्ति क्षमता अभिवृद्धि
३. सूचना प्रविधिको प्रयोग गरी अनुगमन मूल्यांकन प्रणाली विकास
४. अनुगमनका सूचक अनुसारको तथ्याङ्कीय आधार अद्यावधिक

### १०.३.७ अपेक्षित उपलब्धि

आयोजनाको अनुगमन र कार्यक्रमको उपलब्धी मूल्याङ्कन गर्नका लागि निर्देशिका बनेको हुनेछ । आयोजनाको लागि अनुगमन तथा मूल्याङ्कनका सूचकहरू बनेका हुने छन् । सूचकहरूको आधारमा आयोजनाहरूको मूल्याङ्कन गरिएको हुनेछ । विकासको लागि छुट्याइएको बजेटको निश्चित प्रतिशत अनुगमन तथा मूल्याङ्कनको लागि छुट्याइएको हुनेछ । अनुगमन तथा मूल्याङ्कनबाट निस्केका परिणामहरू र सिफारिसहरूलाई पुनः योजना तर्जुमा गर्दा समावेश गरिएको हुनेछ ।

# परिच्छेद ११ लागत तथा स्रोत अनुमान

आवधिक नगर विकास योजनाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्रतिफलहरू हासिल गर्न तत्अनुसारका कार्यक्रम तथा क्रियाकलापहरू सञ्चालन गर्न आवश्यक हुन्छ र सोको लागि वित्तीय स्रोतको आवश्यकता पर्दछ । यसका लागि नगरपालिकाको आफ्नो आन्तरिक श्रोत र संघ तथा प्रदेश सरकारले उपलब्ध गराउने विभिन्न किसिमका अनुदानहरू मात्रै पर्याप्त हुँदैन । तसर्थ आवश्यक श्रोत परिचालनका लागि नीजि क्षेत्र, सहकारी, गैरसरकारी संघ संस्था, नागरिक समाज, मिडिया, सेवा प्रदायक विषयगत कार्यालयहरू, अन्य सहयोगी संघ संस्थाहरू तथा बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदार संस्थाहरूसँगको सहकार्य र साझेदारी महत्वपूर्ण हुन्छ । साथै राजस्व परिचालनलाई अझै बढि प्रभावकारी बनाउन स्थानीय राजस्व परामर्श समितिको सक्रियताको ठुलो भूमिका हुन्छ ।

## ११.१ वित्तीय स्रोत परिचालनको आधार

संविधानको अनुसूची ७, र ८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूचीमा उल्लेख भएको सबै कर तथा शुल्कहरू, र अनुसूची ९ मा संघ र स्थानीय तह बिच बाँडफाँड गर्नु पर्ने स्रोत लगायत आवश्यक वित्तीय हस्तान्तरणको समेत प्रावधान रहेको छ । यसैलाई आधार मानी नगरपालिकाले छनौट गरेका कार्यक्रमहरूको प्राथमिकीकरण गरी सोको लागि आवश्यक स्रोतहरूको व्यवस्थापन गर्न सम्भाव्य स्रोतहरूको आंकलन र नयाँ स्रोतहरूको पहिचान, र परिचालन गरिने छ ।

अन्तर सरकारी वित्त ऐनद्वारा व्यवस्था गरिए बमोजिम यस नगरपालिकाले संघ र प्रदेशहरूबाट हुने वित्तीय स्रोतहरू हस्तान्तरणका रूपमा (क) सङ्घीय सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँड, विशेष अनुदान र सम्पूरक अनुदान, (ख) प्रदेश सरकारद्वारा वार्षिक रूपमा उपलब्ध हुने समानीकरण अनुदान, सशर्त अनुदान, राजस्व बाँडफाँट, विशेष अनुदान र सम्पूरक अनुदान, (ग) वैदेशिक अनुदानतर्फ अर्न्तराष्ट्रिय विकास सहायता नीति, २०७६ बमोजिम सङ्घीय अर्थ मन्त्रालयको संयोजनमा प्राप्त हुने रकम लगायत नगर विकास कोष जस्ता संस्थाबाट परिचालन हुने सहुलियत ऋण समेत परिचालन गरिने छ ।

यस बाहेक नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहले प्राप्त गर्ने कर तथा गैर करका रकमहरू समेत परिचालन गर्नेछ । नगरपालिकाले बजेट संरचना भन्दा बाहिर संघद्वारा प्रत्यायोजित कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमबाट प्रवाहित हुने रकम र सङ्घीय तथा प्रदेश तहबाट कार्यक्रम सहित प्राप्त हुने रकम प्राप्त गरिने छ ।

## ११.२ राजस्व परिचालनको अवस्था

गत पाँच वर्षको आय विवरणको वृद्धि प्रवृतिका आधारमा व्यास नगरपालिकाको आय बढ्दो रूपमा परिचालन भएको देखिन्छ । आन्तरिक राजस्व अन्तर्गत निम्न करहरू तथा शुल्कबाट (सम्पत्ति कर, घर बहाल कर, व्यवसाय कर, सिफारिस शुल्क) राजस्व संकलन हुने गरेको छ ।

आन्तरिक श्रोतको आय गत आ.व.मा कुल आयमा करिब १० प्रतिशत योगदान रहेको छ । यसर्थ आन्तरिक श्रोतको आयको योगदान विगतको आयको तुलनामा कोभिडका कारण पनि घट्न गएको देखिन्छ । त्यसै गरी बाह्य श्रोतबाट आएको अनुदान सहयोग तथा ऋण परिचालनबाट प्राप्त हुने रकमको कुल आयमा ७६.७८ प्रतिशत योगदान रहेको छ । बाह्य श्रोतको आय पछिल्लो ५ वर्षमा बढ्दै गरेको देखिन्छ । कुल आयको ०.५५ प्रतिशत लागत सहभागिताबाट र १२.८६ प्रतिशत अन्य श्रोतबाट प्राप्त भएको छ । लागत सहभागिता भने विगतका वर्षहरूमा भन्दा घट्दै गएको देखिन्छ ।

तालिका ३१: राजस्व परिचालनको अवस्था

| आ.व. (रकम लाखमा) | | आन्तरिक श्रोतको आय | बाह्य श्रोतको आय | लागत सहभागिता | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| **०७६/०७७** | रकम | ११३०.१७ | ८८४१.०३ | ६३.०८ | १४८१.२२ | **११५१५.५०** |
| | प्रतिशत | ९.८१ | ७६.७८ | ०.५५ | १२.८६ | **१००.००** |
| **०७५/०७६** | रकम | १४०६.६२ | ९४६७.७९ | २०३.४६ | १८००.८९ | **१२८७८.७६** |
